...त्रहलसहित

श्रीवराहक्षेत्र-महिमा

(परिचय)

...त्रो नेपाल भित्र स्थित जति जतिछन्, देवतीर्थ स्थलादि ।
ती वैकुण्ठ स्वर्गहुन् दर्शन गर, मनको पुग्छ त्यै कामनादि ॥
कालो पर्दा हटाई हृदय गर सफा, ज्ञानको दीप बाल ।
भित्रै 'ॐ कार' छाउ, सहज छ चिनिने, क्षेत्र यो श्रीवराह ॥

—: लेखक :—

मान वज्राचार्य

वराहक्षेत्र ।

...करण] [मा० रू० २/०

श्रीवराहक्षेत्र-माहिमा

(परिचय)



यो शास्त्रीय विचार-सार अथवा अन्वेषण स्थ कुरा ।
औ माहात्म्य वराहक्षेत्र भरिको, हो तीर्थ-चर्चा पुरा ॥
आद्योपान्त पढ़ी, यथार्थ बुझिने, 'यो ग्रन्थ हो सत्' भनी ।
आशा गर्छु बनुन् स्वदेश प्रिय औ, यी तीर्थ प्रेमी पनि ॥

हो साहित्य समाजको हित हुने, वस्तुस्थिति स्थानको ।
हेर्नोस् धार्मिक तै, छ तत्व यसमा भण्डार क्यै ज्ञानको ॥
हेर्नासाथ 'बुझें' भनेर नबुझी पढ्नै नछोड्नोस् कृपा ।
नेपाली-मन रञ्जनार्थ छवि हो, ऐना तथा दीपिका ॥

—: लेखक र प्रकाशक :—

मान वज्राचार्य

वराहक्षेत्र ।

भा० रू० २/   ने० रू० ३/

पुस्तक प्राप्ति स्थान—
मानवज्राश्रम,
वराहक्षेत्र,
नेपाल।
पो० जोगवनी, जि० पूर्णिया

प्रथमावृत्ति १००० प्रति
सम्वत् २०१८ आश्विन्
सन् १९६१ सेप्टे०

(सर्वाधिकार सुरक्षित)

मुद्रक :—
के० कृ० पावगी,
हितचिन्तक प्रेस,
रामघाट, वाराणसी - १

समर्पण

धर्ममूर्ति श्री ५ महाराजाधिराज महेन्द्रवीर विक्रमशाहको
२०१३ साल पौषमा श्रीवराहक्षेत्र सवारी भई फर्कि
बक्सिदा एक मयल बाटोमा भेटिने श्रीश्वेतवराह
मूर्ति गुफा नजर भयो र सोधि बक्संदा
थाहा भई एकाएक हृदयोद्गार
छल्किएर वाणीद्वारा
बाहिरै स्पष्ट
भएको
थियो।

"यसतर्फको उस्तो प्रचार नभएकोले महत्व थाहा छैन"
यही शब्द मन्त्र स्वरूप हृदयमा रटिई प्रेरणा
दायक हुन जाँदा विचारको जग बस्यो र
अन्वेषणपूर्वक प्रयास गरी
प्रस्तुत भएको यो सानो ग्रन्थ
मौसुफको स्वही पवित्र
हृदयोद्गारलाई

श्रद्धया समर्पण गर्ने—

मान वज्राचार्य।

विषय - सूची

	पृष्ठ संख्या
श्रीवराहक्षेत्र - महिमा	५
देवताहरू वराह रूपमा	१४
कोका नदी	२१
श्रीसप्त कौशिकी उत्पत्ति	२३
भवानी दुर्गादेवी छिन्ताङ्मा	३०
कौशिकी-माहात्म्य	३१
श्रीवराह-अवतार (काव्यमय)	४०
कोका मुख-माहात्म्य	५६
पुष्प माहात्म्य	६२
माया वर्णन (पद्य)	६५
कुब्जाम्र-माहात्म्य (पद्य)	६६
वराहक्षेत्रको प्रभाव	६७
पूजा माहात्म्य (पद्य)	७४
सेवा गीत-माहात्म्य	७५
वाद्य नृत्य तथा फूल माहात्म्य	७७
वराहक्षेत्र तीर्थ-माहात्म्य	७८
भगवान् श्वेतवराह	८४
को० कौ० संगम तीर्थ-माहात्म्य	८६
श्रीवराहक्षेत्र-परिचय	८९
विभिन्न तीर्थस्थानहरू	६४
गौरी पर्वत मैना	१००

	पृ० सं०
श्रीवराहक्षेत्र-यात्रा	१०७
विराटनगर	१०७
धरान वजार	१०९
विजयपुर रुद्राक्षारण्यक्षेत्र	१११
श्रीपिण्डेश्वर	११२
श्रीदन्तकाली	११४
बूढ़ा सुब्बा	११५
चतरावजार	११६
औलिया बाबाको स्थान	११८
रामधुनी बन	१२१
सुरम्य मार्ग-वर्णन (कविता)	१२२
श्रीवराह-दर्शन गर्ने नियम	१२७
वराहक्षेत्र-छवि (गद्यपद्य)	१२९
वराहक्षेत्र मन्दिर मूर्ति-दर्शन	१३६
मूल वराह - मन्दिर	१३९
भगवान् हयमुखी	१४३
वराहक्षेत्र मन्दिर-विकासतर्फ	१४६
कार्तिक द्वादशी (कविता)	१५०
कार्तिक मेला	१५१
माघे संक्रांति-पर्व मेला (सांस्कृतिक)	१५४
ग्रन्थ उपसंहार	१५९

श्रीवराहक्षेत्रका विभिन्न शिलामूर्तिहरू मध्ये
महत्वपूर्ण मूर्तिहरूको केही जस्तो छ
त्यस्तै तस्वीरहरू पाठकहरूका
समक्ष दर्शनार्थ
प्रस्तुत छ

(१) लेखक (एक रंगा)
(२) श्रीवराहक्षेत्र मन्दिरादिको दृश्य (खिचिएको) रंगीन।
(३) धरणीधर भगवान् वराह (मूल मन्दिरको) चित्रित रंगीन।
(४) वराह मुखी भगवान् (पञ्चभगवान् मध्येको) चित्रित रंगीन।
(५) भगवान् श्वेतवराह (पर्वतको गुफा भित्र स्थित) चित्रित रंगीन।
(६) श्रीहयमुखी भगवान (उत्पत्तिकाल संवत् २००५ भदौ) चित्रित रंगीन।
(७) मेना कुमारी गौरी (मैना-देवी) चित्रित रंगीन।
(८) श्रीपार्थिव लिङ्ग (श्रीगौरीद्वारा स्थापित) चित्रित एक रंगा।

पहिलो पल्ट कुचीद्वारा पनि सफलता पाउन प्रयास गर्ने—
चित्रकार-मान वज्राचार्य।

स्थानोपयोगी

निकै ब्लकहरू प्रेसमै प्राप्त भएकोले छापिएको छ।

आउँदो वर्ष हिन्दी भाषामा पनि यही

श्रीवराहक्षेत्र-महिमा

(परिचय)

लिएर भारततर्फबाट आएका यात्रुहरूको सेवा गर्न सकियो भने लेखकले केही सन्तोषको सास फेर्नेछ।

भूमिका

करुणामय धरणीधर ईश्वरको पवित्र श्रीमूर्तिलाई स्मरण गर्नासाथ भित्री हृदयदेखिनै श्रद्धाले शिर निहुरिन्छ। जस्को प्रेरणाबाट आशा भन्दा बढ्ता यो श्रीवराहक्षेत्र-महिमा (परिचय) ग्रन्थ लेख्ने उत्साहमा सफलता मिल्यो। अर्थात् बाल्यकालदेखिको चिर अभिलाषा केही मात्रामा पूर्ण भयो। निर्विघ्नपूर्वक चित्रकार र ग्रन्थकारको रूपमा विशेष उत्तीर्ण हुन सकेको महशुश गरें। क्षेत्र या तीर्थहरूको जो महत्व छ; त्यो अन्वेषणपूर्वक पत्ता लगाई पाठकगणको समक्ष छर्लङ्ग्याइदिएकोछु। यात्रीहरूको श्रद्धा र विश्वास बढदै गई परमात्माको भक्तिमा चित्त स्थिर पार्न सक्यो र साहित्य-प्रेमीहरूको रुचि पनि बढ़ाउन सक्यो भने; यो सानो ग्रन्थ लेखेर मैले पनि कविको हैसियतमा 'केही कर्तव्य निभाएँ।' भन्ने सन्तोष लाग्ने छ। फेरि साहित्यक्षेत्रमा साहित्यिक विचारको बिरुवा रोप्दै फूल फुलाएर फल पनि फलेको हेर्न पाउँदै अगाड़ि बढ्न आफुलाई समर्थ हुंदै आएको अनुभव गर्नेछु। अनि जाँगर पनि मर्ने छैन।

यो श्रीवराहक्षेत्र-महिमा लेख्ता हिमवतखण्ड र वराहपुराण अनि रुद्राक्षारण्यक्षेत्र पनि सहायक छ। भन्ने कुरा उल्लेख गरिरहनु पर्दैन। जस्तो लाग्यो। किनकी पाठकको समक्ष जस्ताको तस्तै राखिएको छ। परिचय देखि भने स्वतः उठेको भावावेशमा कलमलाई सम्हाल्दै साहित्य-सागरमा पौड्याएको छु। जस्तो लाग्छ। तर मार्गमा तीर्थ यात्रीको अगाड़ि लागे पनि प्राकृतिक रमाइलो दृश्यले आकर्षित भएको मन वर्णन नगरी अगि बढ्न सकेन। शब्द नदोहरियोस् र कुरा नलम्बियोस्। पढ्दा

पढ्दै पाठकहरूलाई झिँजो नलागोस् । किन भने धेरै खाए सक्खर पनि तीतो हुन्छ । भन्नेतर्फ भरसक ध्यान दिइएकोले जतिले श्रीवराहक्षेत्रको महत्व खुल्छ; त्यतिमात्र शब्दलाई अँगाली संक्षिप्त रूपमा प्रस्तुत पुस्तक विज्ञ पुरुषहरूको बीचमा पुऱ्याएको छु । शास्त्रको आधार अनि देखेर सुनेर भएको अनुभूतिहरू शब्द रूपमा कलमद्वारा सेतोकागतमा स्पष्टसित झल्काएको हृदयोद्गार हुनाले, हस्तलिपी देखाई विद्वानहरूको प्रशंसापत्र अर्थात् सम्मति बटुल्नु भन्दा छापिएको प्रकाशित पुस्तक अवलोकन गरी गुण र दोष छुट्याउने समालोचक द्वारा गरिएको समालोचना हेर्न पाउँने आशा राखी कलमलाई यहीं रोकेँ । अल्पज्ञ लेखकले नचाएको :कर कलमले भावावेशमा नजानी गरेको त्रुटीलाई अनुग्रही बुद्धिमान् जनबाट क्षमा पाउने आशा राख्छु । छपाई सकेर देखिएको त्रुटीलाई सच्याउन र सज्जनहरूबाट प्राप्त भएको सुझाउतर्फ ध्यान दिन दोश्रो संस्करणमा विर्सिइने छैन । अन्तमा विदेशका क्षेत्र तीर्थहरूकोमात्र महत्व राखी नाक ठड्याउन खोज्ने केही नेपाली तीर्थयात्री या तीर्थवासीहरूको ध्यान यो श्रीवराह-क्षेत्र महिमा (परिचय) नामक ग्रन्थले अवश्य यसतर्फ आकर्षित गराउला र मेरो परिश्रमले सफलता प्राप्त गर्ला भन्ने आशा लहराएको छ ।

मानवआश्रम वराहक्षेत्र ।
कृष्णाष्टमी २०१८

— लेखक

साहित्योद्यानमा यो सुमन विउ नयाँ, 'उम्रियोस्' भावना ली ।
लम्केको गोड्नलाई, कलम कर लिई, फूर्तिलो एक माली ॥

लेखनी जब पुग्यो चिउँडो तक ।
सुप्त भाव र कवित्व उठे झट ॥
हर्ष उत्सुक प्रयास यथार्थको ।
गद्य, चित्र, कवितामय ग्रन्थ यो ॥

—मान वज्राचार्य—



श्री वराहक्षेत्र मन्दिरादिको दृश्य

श्रीवराहाय नमः

वराहक्षेत्र-महिमा

धराधारने दुष्टको नाश गर्नें ।
गरी भक्त-रक्षा मही-भार हर्नें ॥ १ ॥
विचित्र स्वरूप प्रभूको कथा छ ।
नुहो यत्ति भन्छू नमस्ते वराह ॥ २ ॥

प्रातःकालीन ऊषाका साथै गिरिराज हिमालय अनि पाहाड़, पर्वत, वन, पाखा र सम्पूर्ण जगत्‌लाई प्रकाशमान् बनाउँदै रमणीय किरण छरेर श्रीसूर्योदय भए जस्तैः पूर्वीय मोरङ् जिल्लामा स्थित पर्वतका कन्दरा नवपल्लवित लता र पातले जेलिएको हरियो वृक्षहरूले सुसज्जित, रङ्गी विरङ्गी फूल तथा कन्द मूलले सेवित, वरिपरि नदी, खोला, नाला, छहराहरूको निर्मल जलले सिंचित, जातजातका चराचुरुङ्गीहरू द्वारा सुरिलो मीठो राग अलापेर मनोहर पारेको शान्त र एकान्त वनोनिकुञ्जको अन्तर-मा श्रीसप्तकौशिकी र कोका नदीको पवित्र र पुण्य दायक सङ्गम् नजीकैको ऊचो स्थान अथवा चौडण्डा

नाम पर्वतसित जोड़िएको पाहाड़को रम्य काखमा श्रीभक्तवत्सल भगवान् विष्णुले दुष्ट हिरण्याक्ष राक्षेसलाई विनाश गरी रसातल पुगेकी पृथ्वीको उद्धार गर्दै भर्खर उदाएको पूर्ण चन्द्र जस्तै निर्मल र उज्ज्वल दाहा धारण गरी अद्भूत र विशाल वीर वँदेलको स्वरूप लिएका भगवान्वराह साक्षात् प्रकट भएर भक्तलाई दर्शन दिनाकानिमित्त शान्त र प्रसन्नतासाथ शिला रूपमा नित्य निवास गर्नु हुन्छ। यो स्थान भगवान्लाई परम् प्रिय छ। त्यसकारण वराहको नामोच्चारणसहित यो ! स्थानको नाम 'श्रीवराहक्षेत्र' भन्ने प्रसिद्ध भयो। यही स्थानको वर्णन हिमवत्खण्डमा यस प्रकार पाइन्छ।

स्कन्द उवाच

तत्रैव भगवान् विष्णुः कोलरूपं दधार सः।
धरण्यूधारणार्थाय तस्माद्वराहपर्वतः ॥ ५ ॥
कौशिकी सप्त संभूय ववाह तदधोऽनिशं।
उमाया स्वेद संभूता सर्वैनसः प्रणाशिनी ॥ ६ ॥

अगस्त्यलाई कुमारजी भन्नु हुन्छ उही साक्षात् भगवान् विष्णुले पृथ्वीको उद्धार गर्नानिमित्त त्यसै पर्वतमा वराहको रूप धारण गर्नु भयो। त्यसैले त्यस पर्वतको वराहकूट नाम रह्यो ॥ ५ ॥ सम्पूर्ण प्राणीको पाप नाश गर्ने साक्षात् उमा देवीका पसिनाबाट पैदा

भएका सात ओटा कौशिकी नदीहरू त्यसै पर्वतका फेदी-बाट रात दिन बग्दछन् ॥ ६ ॥

कोका नाम महाशैलस्तत्कन्दरसमुद्भवा ।
तस्मात्कोकेति विख्याता पुण्य तरा नदीवरा ॥ ७ ॥
तयोः सु संगमे तीर्थे वराह तीर्थ मुत्तमं ।
ईप्सितदं च सर्वेषा मिति विद्धि घटोद्भव ॥ ८ ॥

कोका नाम गरेका पर्वतका कन्दराबाट निस्कनाले कोका नामले प्रसिद्ध भएकी पुण्य नदी पनि तिहीं बहन्छिन् ॥ ७ ॥ हे ! मुनिश्वर सबैलाई इच्छा माफिक फल दिने ती दुइ नदीको संगमलाई वराह तीर्थ जान ॥८॥

त्यस तीर्थमा भक्तिले विधिपूर्वक जस्ले स्नान गर्द-छन् । ती ब्रह्मा इत्यादि सबै पापबाट नियुक्त भएर विष्णु लोक जान्छन् ॥ ९ ॥ जो मानिस पितृलोकको इच्छाले त्यस तीर्थमा श्राद्ध गर्छन् ती सबै मानिस सबै पितृ-हरूकासाथ रमाउदै पितृलोक जान्छन् ॥ १० ॥ हे अगस्त्यजी ! त्यस तीर्थमा जुन शुभाशुभ कर्महरू गरिन्छन् ती सबै अक्षय हुन्छ । सन्देह छैन ॥११॥ त्यस पर्वतको चारैतिर तीन योजन सम्म वराहक्षेत्र सम्झनुहोस् ॥१२॥

एतन्मध्ये च यावन्तो जल धाराः समुद्भवा ।
ताः सर्वा वरतीर्थाः स्युस्तासु स्नात्वादिवं व्रजेत् ॥१३॥

यो क्षेत्र भित्र निस्केका जति जलधारा (नदी, नाला,

तलाउ) छन् ती सबै उत्तम तीर्थ हुन् । तिनमा स्नान गर्नाले स्वर्ग जाइन्छ ॥ १३ ॥ जो जो मानिस कौशिकी-मा स्नान गरेर वराहपर्वतमा चढ्छन् (परिक्रमा गर्छन्) तिनीहरूलाई पाइला पाइलामा अश्वमेधको फल प्राप्त हुन्छ ॥ १४ ॥ वराह पर्वतकोमाथिबाट पहिले ब्रह्मा-जीले सबै तीर्थमा उत्तम तीर्थ ब्रह्मकुण्ड बनाउनु भयो ॥ १५ ॥ (आजकाल ब्रह्मानन्द खोलाको रूपमा वराह-क्षेत्रको वायाँ पट्टि छ ।)

जो मानिस ब्रह्माजीले निर्माण गर्नु भएको पवित्र ठूलो पुण्य दायक त्यस तीर्थमा स्नान गर्छ । त्यो ! मानिस अवश्य पनि ब्रह्मत्व प्राप्ति गर्छ ॥ १६ ॥

ब्रह्मकुण्डमा स्नान गरेर जो मानिस भगवान् वराहको पूजा गर्छन् । त्यस्ता भक्ति युक्त मानिसलाई के पुण्य हुन्छ ? त्यो सुन्नोस् ॥ १९ ॥ अज्ञान नाश भएर ठूलो ज्ञान प्राप्त हुन्छ । आफु भन्दामाथितिरका १० र मुन्तिरका १० जम्मा २० पुस्ताका पितृहरूकासाथ आफ्नो समेत उद्धार गर्छ ॥ १८ ॥ देवकन्याहरूका कोमल हातले चमर डोलायिंदै देवताहरूले सेवा गरिंदै दशहज़ार सूर्य-को तेज जस्तै तेजिलो र सानासाना घण्टहरू लागेको विमानमा बसेर ॥ १९ ॥ स्वर्गीय नर्तकहरूका नाना गीत वाद्यले आनन्द मनाउँदै अप्सराहरूले सेवा गरिंदै

॥ २० ॥ चारै हातमा खड्ग, चक्र, गदा, पद्मधारण गरी भगवान् विष्णुको स्वरूप धारी विष्णु लोक जान्छन् ॥२१॥ सातै द्वीप घुम्दै अनेक शहरहरू हेर्दै ठूला पुण्यात्माहरू त्यस उत्तम विमानमा बसी विष्णु लोक जान्छन् ॥ २२ ॥ सम्पूर्ण सातै लोक घुमेर ठूलो आनन्द मनाउँदै सदेह परम् पद प्राप्त गर्दछन् ॥ २३ ॥ वराहक्षेत्रमा भगवान् वराह रूप विष्णुको दर्शन मात्र गर्नाले पनि ज्ञान हीन् अनेकौं म्लेच्छहरू समेत मोक्ष भए ॥ २४ ॥ त्यसै पर्वतका उत्तर शिखरमा पहिले ब्रह्माजीले भक्तिपूर्वक शिवजीको आराधना गर्नु भयो। उही भगवान् शङ्करको वराहले पृथ्वीको उद्धार गर्नालाई सेवा गर्नु भयो ॥ २५ ॥ तिहीं देखि वराहेश्वर (गुरु वराह) भन्ने प्रसिद्धि भयो। उनै (गुरुवराह) वराहेश्वरबाट वर्दान पाएर वराहजीले पृथ्वी धारण गर्नु भयो ॥ २६ ॥

अनेक किसीमका पापले युक्त भएको मानिसले वराहेश्वरको दर्शनमात्र गऱ्यो भने पनि सबै पापबाट निमुक्त भएर रुद्रलोक जान्छ ॥ २७ ॥ जो मानिस भक्तिले यत्न पूर्वक वराहेश्वर अथवा गुरु वराहको पूजा गर्दछ। भने फेरि त्यसले जन्मनु पर्दैन। शङ्करमा मिल्छ ॥ २८ ॥

अगस्त्य उवाच—

केन प्रकाशितं देवं वराहं विष्णु रूपिणी।

को मुक्तश्च महासेन बद मे भक्त वत्सल ॥२९॥
कुमारजीसित अगस्त्य ऋषि सोध्नु हुन्छ ।

हे भक्त वत्सल! महासेन कुमारजी! यस पृथ्वी तलमा भगवान वराहलाई कसले प्रकाश गऱ्यो । अर्थात् फैलायो ? कसले पत्ता लायो ? फेरि वराहको दर्शन गर्ने को मुक्त भए ? त्यो सबै भन्नोस् ।

विष्णुशर्मालें वराहरूप दर्शन गरी मुक्त भएको कथा-गङ्गा र यमुनाको बीच प्रसिद्ध ब्रह्मपुरीनाम भएको पवित्र रमणीय शहरमा विष्णु शर्मा नामक ब्राह्मण बस्थे । गृहस्थी भएर पनि ती ब्राह्मण महामूनि थिए । केही काल पछि विरक्त भई पत्नी पुत्र घर समस्त पदार्थ त्यागी सबै तीर्थहरु घुम्दै काशीमा पुगी विद्वान ब्राह्मणका मुखबाट कौशिकीको महात्म्य सुने । खुशीसाथ ती धैर्यशाली ब्राह्मण नुहाउने विचारले कौशीको तीरमा पुगेर स्नान गरे । निर्जन वनमा हरि भजन गर्दै हिंड़ेका ती विष्णु शर्मालाई देखि हिंसा वृत्ति भएका म्लेच्छ व्याधाहरुले मासु खाने विचार गरी पक्रेर मार्न खोजे । भिल्लु नामक व्याधालाई दया उठी सबैलाई सम्झाए । अनि आफ्नी शुभदती नामकी कन्या ती ब्राह्मणलाई विवाह कन्यादान गरी जुवाईं बनाई राख्दो भयो । संगतका दोषले ती ब्राह्मण केही दिन पछि, चोर भए । व्याधा (शिकारी) बनेर केही काल

बिताए। शिकार खेली सारै थाकेर त्यो ! ब्राह्मण कार्तिक शुक्ल पूर्णिमाको रातमा सुखपूर्वक सुत्यो। प्रातःकालमा बिऊँझंदा त्यसले मृदङ्ग, ताल आदि नाना किसीमका बाजा र मीठामीठा गीतका शब्दहरु सुन्यो। कानले सुनीरहूँ जस्ता अनेक किसीमका बाजाका मङ्गलमय आश्चर्यजनक शब्दहरु सुनी आफ्नी प्रियतमा सुवदनीलाई सोध्यो। अनि उत्तरमा शुभदती भन्छिन्—हे प्रिय ! हरेक मैनाको द्वादशीको ब्रह्ममुहुर्तमा यस पर्वतमा यो ! ठूलो कोलाहल सुनिन्छ। स्वामी ! भगवान् वराहको अगिल्तिर अनेक बाजाहरुका साथ अप्सराहरुको नाच गानाहुन्छ। पुष्पहरुपनि वर्षिन्छ। हेर ! त्यो भयङ्कर पर्वतका शिखरमा कहिल्यै पनि जान हुँदैन। जो त्यो पर्वतको शिखरमा हेर्न जान्छ; त्यो त्यहीं विलीन हुन्छ। फर्केर आउँदैन। यस्तै किसीमले हेर्न जाने धेरै म्लेच्छहरु वेपत्ता हुन्छन्। यहाँ भन्दा पहिले कोही पनि गएका छैनन्। जाँदा पनि जाँदैनन्। यदि धेरै दिन बाँच्नाको इच्छा छ, भने तपाई पनि नजानु होला। स्कन्दजी आज्ञागर्नु हुन्छ। प्रियतमाको त्यस्ता वचन सुनेर पनि कहिल्यै नाश नहुँने भगवान् वराहरूप विष्णु विराजमान भएको पर्वतको शिखरमा ती ब्राह्मणले जाने इच्छा गरे।

प्रातःकालमा उठेर कौशिकीमा विधिपूर्वक स्नान गरी

देवपूजा होम तर्पण आदि सबै नित्य कर्महरू सिध्याए। त्यस पछि पद पदमा 'ॐ वराहाय नमः' यो मन्त्र जप्तै सहर्ष वराह पर्वत शिखरमा चढ़े।

ददर्श तत्र देवेशं वराहं ब्रह्म चाव्ययं।
सर्वदेवावतारैश्च वराहैः संवृतं मुने ॥ ५९ ॥

हे मुने! सम्पूर्ण देवताका अवतार वराहै वराहले ढाकिए-को देवताका पनि ईश्वर भएका कहिल्यै नाश नहुने ब्रह्मरूप वराहलाई देखे ॥५९॥ ती ब्राह्मणले त्यस पर्वतका शिखर-मा सबै तीर्थमा उत्तम ब्रह्मतीर्थ (जस्को नाम आजकाल ब्रह्मानन्द खोला छ) लाई पहिले देखे र त्यहाँ स्नान गरे। त्यहाँबाट अनि भगवान् वराहको मन्दिरमा गए। नाच गान-द्वारा अप्सराहरूले र पूजाद्वारा देवताहरूले सबै गरिएका वराहरूप भगवान्लाई दर्शन गरे। ती ब्राह्मणले वराहरूप विष्णुको पूजा गरी फेरि भक्तिपूर्वक परिक्रमा गरी साष्टाङ्ग दण्डवत पनि गरे।

वरं वरय हे! भक्त, भक्त्याते तोषितं च मा।
लीलयन्ते स्मयि म्लेच्छा अज्ञानान्माहि दर्शनात् ॥६३॥

भगवान् वराह आज्ञा गर्नु हुन्छ—

हे भक्त! भक्तिले तिमीले मलाई सन्तोष पार्‍यौ। अतः वर्दान माग! जन्ममा मेरा दर्शनले अज्ञानी म्लेच्छ हरू पनि ममा लीन हुन्छन् ॥

हे वत्स ते वरं दास्य सर्व वरोत्तमोत्तमम् ।
भवत्विन्द्रो भवानार्य्य युगानामेक सप्ततिम् ॥६४॥
ततः काला वसाने त्वं मोक्ष्यं च प्राप्नुयात्पुनः ।
मयि लीनाच्च हे भक्त ! मम देहो न संशयः ॥६५॥

हे आर्य ! हे वत्स ! तिमीलाई म सबै वरमा उत्तम वर दिन्छु की तिमी एकहत्तर युग सम्म इन्द्र भए । हे वत्स ! योग सिद्धिए पछि तिमी मोक्ष्य भई ममा लीन हुने छौ । अनि खास मेरै स्वरूप हुनेछौ । यसमा संशय छैन ।

भगवान्‌का पार्षद गणले र विष्णु कन्याहरूले युक्त भएको विमान त्यसै आकाशबाट आयो । शङ्ख चक्र गदा पद्म हातमा लिएका कौस्तुभ मणि धारण गरेका भगवान-का गणहरूले दोश्रो भगवान् विष्णुलाई झैं ती विष्णुशर्मा लाई त्यस विमानमा चढ़ाए । आकाशमा बाजाहरू बज्न थाले । पुष्प बृष्टि पनि हुन थाल्या । वेश वेश भनेर सिद्ध गन्धर्वहरूले जए जए कार गर्न थाले । विष्णुका गणले त्यताबाट ती ब्राह्मण लाई विष्णु लोकमा पुऱ्याए । कालान्तर ती ब्राह्मण एकहत्तर युग सम्म इन्द्र भए । तो ब्राह्मणकी पत्नी सुवदनी तिनीसित सारै रिसाएर जुठै हातले भगवान्-को मन्दिरमा पसी दर्शन गरिन् र स्नान गर्ना निमित्त कौशिकी नदी किनारमा गइन् । श्री स्कन्द पुराण केदार खण्ड वराहक्षेत्र वराह माहात्म्य नामको ३४ अध्ययाको संक्षिप्त ।

देवताहरू वराह रूपमा

वराह रूप विष्णुले हिरण्याक्ष दैत्यलाई मारे पछि आपनो २ लोकलाई छाड़ेर ब्रह्मा विष्णु शिव इन्द्रादि लोकपाल चन्द्र सूर्य आदि सबै देवताहरू त्यहीं वराह पर्वतमा आए । भगवान् वराह रूप विष्णुलाई सम्पूर्ण देवताहरूले वार वार नमस्कार गरे । ब्रह्माजीले साष्टाङ्ग दण्डवत गर्नु भयो । सम्पूर्ण ऋषि देवताहरूले 'ॐ नमो भगवते वराहायो' भन्ने यो ! मन्त्र गएर मनमा उच्च स्वरले 'नमः' भन्दै वराहलाई नमस्कार गरे । हे मुनिश्वर ! ब्रह्मादि देवताहरूले भक्ति पूर्वक षोड़शोपचारले भगवान्‌वराहको पूजा गरे । गन्धर्वहरूले गीत गाएर अप्सराहरूले सचले ऋषिहरूले स्वस्ति वाचन (वैदिक शुक्तिहरू) ले आफ्नो आफ्नो पेशा अनुसार भगवान्‌को सेवा गरे । अनेक दीव्य धूपद्वारा धूपित गराएर आकाशबाट लाजा अवीर फूलहरू वर्षन थाले । त्यस पर्वतलाई ढाकेका बड़ा बड़ा सूँगुरको रूप लिएको भगवान् विष्णुलाई सबै देवताहरूले देखे । शंख, चक्र गदा पद्म आदि दिव्य हतियारले शोभित भएका गन्ध पुष्पादिले पूजा गरिएका त्यसवखत सबै ती देबताहरूले यज्ञरूप वराहलाई देखेर ठूलोमोहमा परे । भगवान्‌को नजीकमा गएर मनले भगवान्‌को चरणारविंदको स्मरण गरे । हे अगस्त्य ! पैल्हे प्रचेताले भगवान्‌को स्तुति गरे । देवा ऊचुः ।

ॐ नीलमेघाभदेवाय वराहाय नमो नमः ।
तडिद्विलेखकाँगाय नतास्मस्तेनिशं हरे ॥१३॥
सितोग्रदंष्ट्ररूपाय चक्राक्षांकितशोभिने ।
सूर्य्याभधृग्वराहाय प्रणताः स्मो हि सन्ततं ॥१४॥
वेदाङ्गपादयूपाय दर्भरोमाङ्क देहिने ।
अग्निजिह्वाय देवाय नताः स्म चरणं तव ॥१५॥
तुण्डश्रुवाज्यनाशाय सोमघोषाय ते नमः ।
मंत्रसंध्यांचिताङ्गाय यज्ञरूपाय वै नमः ॥१६॥
त्रैलोक्योद्धारणार्थाय यतद्रुपं विधारिणे ।
पवित्रांगावताराय नताः स्म परमाय च ॥१७॥
देहाय देहिने देहाश्रितसत्वाय शंभवे ।
चैतन्याय विवेकाय जगतां साक्षिणे नमः ॥१८॥
कोषस्थाय च कोषाय वर्णरूपाय वै नमः ।
अनाहताय नादाय सर्वदानाय ते नमः ॥१९॥
मनोधिचित्तकोषांशोज्जृं भकेन्द्रियवर्ष्मिणे ।
यच्चैतन्यदृढा विद्या निवर्त्यानन्दकारिणे ॥२०॥
ब्रह्मानन्दाय पूर्णाय सदानन्दाय वै नमः ।
कैवल्यानन्दरूपाय चिदानन्दाय ते नमः ॥२१॥
यस्य दर्शनमात्रेण कैवल्यं प्राप्नुयान्नृपः ।
नित्यानन्दं प्राप्नु वन्ति तस्मै देवाय ते नम ॥२२॥

देवताहरू भन्छन्-नीलो मेघ जस्तो शरीर भएका तपाइँ-लाई नमस्कार वराहलाई नमः हे हरि ! आफ्नो ठूलो शरीरले वादललाई चिरिदिने तपाईंलाई वार वार नमस्कार। सेतो ठूलो दाँत भएका शंख चक्रादि चिन्हले शोभित भएका सूर्य जस्ता तेजस्वी तपाइँ हामीहरु बरावर नमस्कार गर्छौं। चार वेदका अङ्गहरुले चार पाउ रूपी मौलो भएका कुश रूपी केश भएका अग्निनै जिब्रो भएका, यस्ता अपूर्व देवता रूप तपाईंका पाउमा नमस्कार छ। थुतुनो नै सुरो, नकनै आज्यघिउ भएका सोम रसनै घुर घुर शब्द भएका, तपाइँ-लाई नमस्कार। तीनै लोकको उध्दार गर्नकोलागि यस रूपलाईं धारण गर्ने, मन्त्र रूप संध्यारूप यज्ञरूप शरीर भएका तपाइलाई नमस्कार। पवित्र अङ्ग र अवतार भएका, सबै भन्दा पहिलेका हाम्रो तपाइँलाई नमस्कार। सत्व मूर्ति भएका देहलाई धारण गर्ने देहवान् तपाइँलाई नमस्कार। चैतन्य स्वरूप भएका अध्यात्म विद्या स्वरुप, सम्पूर्णलाई आनन्द दिने ब्रह्मानन्द स्वरूप पूर्णरूप सधैं भरी आनन्द दिने तपाइँलाई नमस्कार। कैवल्य स्वरूप आनन्द रूप चिदानन्द रूप तपाईंलाई नमस्कार। जसका दर्शन मात्रले मानिसहरू कैवल्य प्राप्त गर्छन्। ठूलो आनन्द पाऊँछन्। त्यस्ता देव देव तपाईंलाई नमस्कार ॥ २२ ॥ कुमारजी भन्नु हुन्छ—यस किसीमसित सबै देवताहरुले भगवान्



धरणीधर भगवान्‌वराह (मूल मन्दिरको)

लाई साष्टाङ्ग, दण्डवत् गरे पछि ब्रह्माजीले स्वर्गको वृतान्त बताउनु भयो । फेरि भन्नु हुन्छ ।

हे भगवान् ! हजूरविना स्वर्गमा हामीले सारै दुःख पाएका छौं । हे ईश्वर ! आज हामीहरुको र स्वर्गको रक्षा गर्नुहोस् । हामीलाई र स्वर्गलाई नछाड़ि दिनोस् । हामीले छाड़ेका त्यस स्वर्गलाई पवित्रगराउनुहोस् । कुमार जी आज्ञा गर्नु हुन्छ—देवताहरुका मुखबाट निस्केका स्तुतिहरु सुनी खुशी भई भगवान्‌ले पाञ्च भौतिकशरीरको दर्शन दिई 'हो' भन्नु भयो ।

वराह उवाच ।

नाहं व्रजेऽमरा नाकं त्यक्त्वैतन्मत्प्रियं गिरिम् ।
नो लोकाधिकृतस्थानं सत्यं सत्यं वदाम्यहम् ॥२८॥

'भगवान् आज्ञागर्नु हुन्छ-हे देवता हो ! यो प्यारो पर्वतलाई छोड़ेर म स्वर्ग जान्न म सत्य सत्य भन्दछु । हामीहरूको लोक भन्दा यो ! स्थान सारै वेश छ ।'

हे ब्रह्मण ! पृथ्वीको उद्धारकालागि तपाईंले पहिले बताउनु भएको पर्वतलाई र यो पृथ्वीलाई धारण गर्ने मेरो शरीरलाई हेर्नुहोस् । भगवान् आदिवराह (जस्को सुन्दर शिला मूर्ति सूर्य कुण्डको छेउमा स्थापित छ) का आज्ञाले भगवान् रुद्रको आराधनाका निमित्त अवतार लिएको मेरो यो ! स्वरूपलाई हेर्नोस् ।

शुक्लोयं धर्मरूपोऽहं लोकसंस्थापनाय च ।
पश्यावतारमिमं लक्ष्मी शक्तिमिमां पुरः ॥३१॥

'लोकको संस्थापनाकालागि शुक्ल वर्ण भएको धर्म-रूप मलाई र यी अगिल्तिर (भगवानवराहको शिला मूर्तिको बायाँ पाउनेर आकार रूपमा देखिन्छ) रहेकी शक्ति रूप लक्ष्मी र मेरो यो अवतारलाई हेर्नु हवस् ।'

हे देवता हो ! कोषबाट निस्केको यो ! कोष नाम गरेको पर्वत र हे ब्रह्मण ! हिरण्याक्षलाई मार्ने मेरो यो ! शरीरलाई पनि हेर्नोस् । पैले जुन तपाईंले मेरा मनमा लागेको वर्दान दिनु भयो । पैले आराधना गरेको शिवजीको मूर्तिलाई पनि हेर्नोस् । श्रीवाराहीले आश्रित पर्वतले सुशोभित पवित्र मेरो स्थान (वराहक्षेत्र) स्वरूप पर्वतलाई मेरो पनि नमस्कारछ । हे देवता हो ! त्यसै स्थानलाई नमस्कार गर्नु होस् । ठूलाठूला महा-पातकहरुलाई नाश गर्ने पवित्र गरिएका, पसिनाबाट पैदा भएर सात धाराख्रूपले बहेकी आदि गङ्गा कौशिकी-लाई हेर्नु होस् । जस्को दर्शन मात्रले पनि ठूलाठूला धेर धेरै पापहरु नाश हुन्छन् । हे देवान जसका स्पर्श-मात्रले आफ्ना जन्म भरी कमाएका कुनैपनि पापहरू तुरुन्त नाश हुन्छन् । कौशिकी गङ्गा र वराह तीर्थमा स्नान गर्नाले मानिसले शय अश्वमेध गरेको फल पाउँछ ।

अन्त्यमा मेरो लोक (वैकुण्ठ) मा गई बस्नेछ । हे ब्राह्मण ! पृथिवी तलमा आदि गङ्गा समान तीर्थ अरू कुनै छैन । यसमा स्नान गरेर मेरो (वराहको) दर्शन गर्ने मानिस अवश्य इन्द्र हुनेछ । यसमा संशय छैन ।

यो मेरो तीर्थमा स्नान गरेर यस पर्वतमा जो भक्त चढ्ने छ र मेरो दर्शन पनि गर्नेछ । त्यो तुरुन्त जन्मनु मर्नु छोड़ेर मेरो (नारायण) स्वरूप नैहुनेछ । पाइलापाइला-मा अश्वमेध यज्ञ गरेको फल पाउँनेछ । कार्तिक शुक्ल पूर्णिमा, मकर सङ्क्राँति र माघ शुक्ल पूर्णिमाका दिनमा जो मानिस स्नान गर्नेछन् । ती स्नातकहरुलाई के फल दिन्छ ! सुन्नुहोस् । त्यस तीर्थमा स्नान गर्ने मानिस वाजपेय अश्वमेध गरेको फल पाउँछन् । यस लोकमा नाना सुख भोगेर स्वर्ग जान्छन् । करोड़ौ कल्प सम्म स्वर्गको सुख भोगी त्यसपछि मर्त्य लोकमा आएर राजा हुन्छन् । जो मानिस भक्ति नभएर पनि मेरो यस मूर्तिको पूजा गर्छ भने त्यो ! मुक्तिको पात्र भई मेरो (वैकुण्ठ) लोकमा जान्छ ।

भक्तिपूर्वक मेरो(वराह भगवान्को)पूजा दर्शन आदि गर्‍यो भने शंख चक्र गदा पद्मले शोभित गराएर त्यही देहले मोक्ष हुनेछ केवल ब्रह्म कुण्डमा स्नान मात्र गर्‍यो भनेपनि तपाइंको (ब्रह्म)लोकमा जानेछ । जाति धर्मबाट वर्जित भएका ब्राह्मणत्व बाट हीन भएका 'ब्राह्मण' भनाउँदाहरुलाई पनि उद्धार

गराउने छु। तर मानिसहरुलाई मेरो दर्शन दुर्लभ हुनेछ।

हे ब्रह्मण ! कलियुग लागे पछि म्लेच्छहरुलाई मारेर केहीमानिसहरु यस पर्वतमा पांच रात बस्नेछन्। 'वराह' भन्ने मेरो नाम लिनेछन्। पर्वपर्वमा यहाँ बसेर स्नान पनि गर्नेछन्। तिनीहरुलाई म उद्धार गर्नेछु। कलियुग लागे पछि जब म म्लेच्छहरुको नाश गर्न थाल्ने छु। अनि सबै देवताहरु कौशिकी नदीका तीरमा आउनेछन्। हे ब्रह्माजी त्यसै कारणले म यो पर्वतलाई छाड्न सक्तिन। कुमारजी आज्ञा गर्नु हुन्छ ब्रह्माजीले भगवान वराहका यी सबै कुराहरु सुन्नु भयो। ब्रह्मादि देवता ऋषिहरु पनि सारै खुशीभएर भगवान् वराह रूप विष्णुको फेरि पूजा गरी ब्रह्माजीले देवताहरुलाई भन्नु भयो। हे देवता हो ! हामीहरु सबै वराहको रूपले यहीं अवतार लिनेछौं यति भनेर देवता ऋषिहरुलाई समेत कौशिकीमा स्नान गएउनु भयो। सारै खुशीभएर सबै इन्द्रादि देवताहरु सुंगुरको रूप लिएर त्यसै पर्वतमा आए। अनि भगवान वराहको सेवागर्न थाले। सबै मूनिहरु पनि सूर्य चन्द्र ग्रहण आदि पर्वपर्वमा कौशिकीमा नै स्नान गर्न थाले।

कोका नदी

माघ मैनामा वराह पर्वतमा चढ़ेर ब्रह्म कुण्डमा स्नान गरी इन्द्रले भगवान्‌वराहको भक्तिपूर्वक पूजा दर्शन गरे। सुगन्धित द्रव्य अत्तरहरुले सबै दिशा सुगन्धित पार्दै नोकर चाकरले सहित भएर आफ्नो घरबाट आएकी सारै राम्री युवती स्त्रीलाई इन्द्रले देखे ! मोहले मूर्छित भएका इन्द्रलाई नारदले 'हिमालय पर्वतकी छोरी कोकस्की ती छोरीहुन् स्वर्णकूट पर्वतकी प्रियतमा (पत्नी) कोका नाम गरेकी कामुकी तरुणीहुन् । आफ्नो घर छोड़ी नोकर चाकर सहित भएर बाबू आमालाई भेट्न माइत जान लागेकी हुन्। भनी परिचय गराए । मूनिका मुखबाट यति वचन सुन्ने वित्तिकै युवतीका समागममा उत्सुक भएका इन्द्र तुरुन्त एकान्त स्थानमा गए । ती इन्द्रले केही पर पुगे पछि भने हे कोका ! हे देवी ! हे सुन्दरी ! केही बेर पर्ख, फर्क, भनेर बोलाए । सहस्राक्षका यस्ता वचन सुनी 'कोहो !' भनी सोधिन् । नोकर चाकरलाई मोहले अलग पारी तुरुन्त कोका छेउ पुगी 'मलाई सुरत सम्बन्धि आनन्द देऊ ।' भन्दै कोकाकासाथ बस्ने इन्द्रले उत्कट इच्छा गरे । कामवासनाले व्याकुल भएकी कोका लाजले अधोमुख गरी इन्द्रको वचनलाई स्वागत गरिन् । क्लिष्ट शरीर भएका ऋषिको अवहेलना गरी कोकाको आग्रहले खंग ऋषिको

आश्रममा कुशासन माथि दुवैले समागम (रतिक्रिड़ा) गरे।

यो वृतान्त चाल पाएर आफ्नो आकार देखाउँदै तपस्वी मुनि उठे। रिसले चुरिएर सहसा कोकाळाई श्राप दिन यस्ता वचन बोले—हे असतिवेश्या आफ्ना पतिलाई ठग्ने भएकी यहाँ मलाई हेला गर्छेस्। व्यभिचार गरेको फल आजै भोग! गुरु ब्राह्मणको अवहेलनाले तुरुन्त ठूलो कष्टमा पर्नेछस्। सन्ध्योपासनले पवित्र जलाशय र मलाई समेत हेला गर्ने तँ वेश्या! यसै ठाउँमा निरन्तर बही रहने नदी होइजा! श्रापको डरले कोकालाई छाड़ी इन्द्र भागे।

ती कोका चाहीं मुनिका शापले पानीमा परेको नून बिलाए झैं पग्लेर सङ्लो पानी भएको नदी रूपमा बग्न थालिन्। नदी भएकी कोकालाई देखेर फेरि दयालु मुनिले आशीष दिंदै भन्नु भयो। 'पवित्री भव कल्याणी' हे कल्याणी! सबैलाई तार्न सक्ने पवित्र भएस्। यी कोकाको जलमा देवर्षिहरुले स्नान गरुन्। 'ततः पूरा भवन्नित्यं कौशिकी संगमात्पुनः।' विशेष कौशिकीमा निरन्तर संगम हुनाले यी नदी सारै पवित्र होउन्। जुन धीर बुद्धिमान् मानिसहरु भगवान्‌वराहको कोका कौशिकी नदीको ब्रह्मकुण्ड र भगवतीदुर्गाको बराहेश्वरको माहात्म्य सुन्छन्। ती मनुष्य कहीं बसे ता पनि स्नान दर्शनको पूर्ण फल पाउँछन्। हि० ख० ब० ३५ अध्यायको संक्षिप्त।

श्रीसप्त कौशिकी उत्पत्ति

स्कन्द उवाच ।

जेष्ठेमासि सिते पक्षे तृतीयायां महाव्रतम् ।
जेष्ठक्षसंयुक्तायां सा व्रतं दधार महा मना ॥ ६ ॥

कुमारजी आज्ञा गर्नु हुन्छ—हे अगस्त्य जी !

उदारमन भएकी पार्वतीले जेठ महिनामा शुक्ल पक्षको जेष्ठानक्षत्र परेको तृतीया तिथिमा पञ्चाग्निमहाव्रत गर्नु भयो। नीलकण्ठ (गोसैथान) को नजीकै ईशान दिशामा चारैतिर चार ओटा उत्रै उत्रा कुण्ड बनाई पार्वतीले पूर्व कुण्डमा तेजिलो बत्ती बाल्नु भयो। दक्षिण कुण्डमा खुशी हुँदै आगो बाल्नु भयो। अनि उत्तर कुण्डमा पनि गीत गाउँदै आगो बाल्नु भयो। पश्चिमतिरको कुण्डमा गीत गाउँदै जलले भर्नु भयो। ती कुण्डका बीच सखीहरुका साथमा पूर्वतिर फर्की पार्वतीले हर्षसाथ गीत गाउँदै मास्तिर प्रचण्ड तेज भएका श्रीसूर्य भगवान्‌लाई हेरी रहनु भयो। अनि गीत गाउँदै पञ्चोपचारले विधि-पूर्वक क्रमैसंग बत्ती, आगो जल र श्री सूर्यको पूजा गर्नु भयो। गौरीले मुख केही ऊचो गरी योगासनमा बसी आँखा न झिम्क्याईकन नाकको अगाड़ि हेरेर निर्विकार निरञ्जन

आत्म स्वरूपको ध्यान गर्नु भयो। अति उज्ज्वल हृदय कमल्मा देवताहरुद्वारा ध्यान गरिएकी पार्वतीले आफ्नो ज्योति रूप जस्तै भएर आगो र सूर्यको अत्यन्त कड़ा गर्मीलाई सहेर पञ्चाग्निको सही न सक्नु राप तापेर विहान सूर्य उदाएदेखि ३ प्रहरसम्म (९ घण्टा) अति कठोर असह्य धूप सहेर मध्यान बिताउनु भयो। यसरी चार वर्षसम्म अम्बिकाले व्रत बसेर पाँच वर्ष देखिपनि त्यस्तै व्रत गरेर त्यस पछि व्रत साङ्ग गर्ने इच्छा भयो।

यस पछि सूर्यको घाम र आगोको सन्तापले गोड़ाबाट शिरसम्म देवीको शरीरबाट प्रशस्त पसिनाका थोपा धाराहरु पैदा भए। अनि गौरीले त्यहाँबाट उठेर हेमकूट पर्वतमा पुगी सबै भन्दा पहिले कुशिक नामका ऋषिलाई गाई दान दिनु भयो। वहाँका पैतालाबाट त्यहाँ पसिनाका थोपाहरु झरे। त्यतैबाट नदीमा श्रेष्ठ निर्मल जल भएकी नदी प्रकट भइन्। जसलाई कुशिक ऋषिले देखी हर्ष भए। भक्ति तथा विधिपूर्वक राम्ररी स्नानगर्दा अत्यन्त बूढ़ा ऋषि रूप यौवनयुक्त तरुण अवस्थामा प्राप्त भए। संपूर्ण माया जालबाट रहित पूर्व जन्मको स्मृति भयो। अत्यन्य हर्षित भएका कुशिक मुनिले गौरीको दायाँ पाउबाट उत्पत्ति भएकी नदीलाई शिर झुकाई स्तुति गरे।

कुशिक उवाच—

ॐ नमः सरिदिशायै तरंगिणै नमो नमः ।
उद्भूतगाढ़कम्पायै निर्म्मलाम्भोवहे नमः ॥२६॥
सर्वदेवप्रपद्यायै देव्यङ्घ्र्यब्जोद्भवेनघे ।
सर्वलोकान्पवित्रायै सर्वपूज्य नमो नमः ॥२७॥
गौरीस्वेदोद्भवायै च सर्वसौभाग्यदायके ।
हरिताम्भः प्रवाहिन्यै शैत्यजले नमोस्तु ते ॥२८॥
भवापवर्गदे देवि भवतारिणि ते नमः ।
दुरितघ्नि सुभद्रायै भद्रप्रदे नमोस्तु ते ॥२९॥
विश्वजासुभृतां हेतोर्ज्जलप्रवाहि ते नमः ।
त्र्यैलोक्यानां पवित्रायै विश्ववन्द्ये नमोस्तु ते ॥३०॥
सितासितौ तथारक्तं धुमं पीतं हरित्पुनः ।
स्वच्छं नानाभपानीयं धृतायै ते नमोनमः ॥३१॥
मोहान्धकाराविद्यानांविनाशिन्यै च जन्मिना ।
वहुजन्म कृतान्पापान् प्रणाशिन्यै नमो नमः ॥३२॥
सृष्टिस्थितिविनाशानां स्वतन्त्रायै सरिद्वरे ।
ज्ञानदे ज्ञान रूपायै जलमूर्त्यै नमोऽस्तु ते ॥३३॥

कुशिक मुनि भन्दछन्—हे नदीको अंश स्वरूपे तरंगवती प्रशस्त हिलोलाई पखाल्ने निर्मल जल रूपले बहेकी कोशीनदी तपाईंलाई वारम्वार नमस्कार छ । सबै देवता-

हरूले नमस्कार गर्न योग्य भएकी, देवीको पाउरूपी कमलबाट पैदा भएकी निर्मल नदी ! सबै लोक भन्दा पवित्र, सबैका पूज्या भएकी तपाईंलाई वारम्वार नमस्कार छ। पार्वतीको पसिनाबाट पैदा भएकी, सबैलाई सौभाग्य दिने नीलो जलको प्रवाह शीतल जलयुक्त, भएकी तपाईंलाई नमस्कार छ। संसारलाई मोक्षदिने हे देवि ! संसारलाई तार्ने पापलाई नाश्ने तथा कल्याण दिने भएकी तपाईंलाई नमस्कार छ। विश्वमा पैदा भएका प्राणीहरूको कल्याणार्थ जलप्रवाहले युक्त तपाईंलाई नमस्कार छ। सेतो, कालो, रातो, ध्वाँसे, हरियो तथा सफा अनेक प्रकारका वर्ण भएका पानी धारणगर्ने तपाईंलाई नमस्कार छ। प्राणीहरूको अज्ञान रूप अन्धकारको फैलावटलाई नाश गर्ने, धेरै जन्मदेखि गरेको पापलाई नाश गर्ने, भएकी तपाईंलाई नमस्कार छ। हे नदीहरुमा स्वयं ज्ञान स्वरूप जल मूर्ति भएकी ज्ञान दिने ! तपाईंलाई नमस्कार छ। कुमारजी अगस्त्य मुनीलाई आज्ञा गर्छन्।

महर्षि कुशिकको मनवचन शरीरबाट उत्पन्न स्तुति सुनी जलदेवी ऋषिसित अत्यन्त खुशी भइन्। त्यसपछि पानीको बीचबाट प्रसन्नसाथ ती ऋषिलाई वर्दान दिनाकानिमित्त पार्वतीको दोश्रो स्वरूप भएकी

जलदेवी आठ हात हरियोवर्ण सबै बाहनाले सुशोभित भएर प्रकट भइन् । र ऋषिलाई यस्तो वचन भनिन्—

जल देव्युवाच—

वरं वृणिष्व मत्तस्तत्कामदायां मयि ध्रुवम् ।
यत्वं वांछसि दान्तेश ददामि ते न संशयः ॥३७॥
न केवलं नदी मूर्तिं मां विद्याद्वरदा हि ते ।
मुने जगत्प्रसूतात्वं जानी हि प्रयतां जगत् ॥३८॥

जलदेवी भन्दछिन्

'हे कुशिकजी ! इच्छा माफिक वर दिने म संग मन माफिकको वर माग ! तिमीलाई दिन्छु यसमा शङ्का नलेऊ । हे मुनि ! मलाई नदीको मूर्तिमात्र नठान । किन्तु जगत्को सृष्टि स्थिति र प्रलय गर्ने तथा तिमीलाई वर दिन सक्ने जान ।' ऋषि भन्छन्—हे जलदेवी ! सृष्टि स्थिति प्रलयको कारण व्यक्त तथा अव्यक्त स्वरूप भएकी महादेवी ! तपाईंलाई बारम्बार नमस्कार छ । हे देवी ! मेरो तपस्यारूपी वृक्षहरु फुलेर फलेकाछन् । आजनै देवता र पितृहरुपनि तृप्ति भएकाछन् । हे देवी ! म अनाथकोनिम्ति आफ्नो स्वरूप जल मध्येबाट प्रकट भई तपाईंले मलाई दर्शन दिनु यो ! ठूलो अहो ! भाग्य हो । यसकारण मेरो कुशिका नामबाट

नै तपाईंको नाम संसारमा प्रसिद्ध होस् । भनी तपाइंसित यही वर माग्छु र अन्त्यमा पनि हजुरकै पाउमा लीन हुन पाऊँ। जलदेवी आज्ञा गर्छिन—हे बाबु ! तिमीले मन माफिकको वर माग्यौ त्यो आजदेखि अवश्य पूर्ण हुनेछ । हे पुत्र ! तिमी कुशिकले जसरी हर्षसाथ मेरो सेवा गऱ्यौ। त्यसै कारणले आजदेखि 'कौशिकी' नामले संसारमा प्रसिद्ध हुनेछु । जहाँ जहाँ मेरा पसिनाका थोपाहरु खस्नेछन् । त्यहीं त्यहीं तुरुन्तै नदी स्वरूप भएर बग्नेछन् ।

कुमारजी आज्ञा गर्नु हुन्छ । हे अगस्त्यजी !

कुशिकजीलाई यति वर्दान दिई जलदेवी अन्तर्ध्यान भइन् । फेरि उमाको चिउँड़ोबाट अति निर्मल पसिना खसी ताम्र वर्णकी तामाकोशी उत्पन्न भइन् । त्यो ! देखी सनत्कुमारले विधिपूर्वक स्नान गरी शरीर मन वचनले राम्ररी स्तुति गरे । फेरि हिरण्यशेखर पाहाड़मा जांदा पार्वतीको ओंठको छेउबाट पसिना खस्यो । तुरुन्त पहेंलो वर्णको (सुनकोशी) नदी बनेर बगिन् । सनातन ऋषिले त्यहाँ पनि भक्तिपूर्वक स्नान स्तुति गरे । फेरि ती पार्वती अति उच्च शिखर भएको पाहाड़मा जानु भयो । आँखाको कोषबाट निर्मल पसिनाको थोपा खसी स्वच्छ जल भएको नदी बग्यो । सनन्दक मुनिले त्यहाँ भक्ति पूर्वक स्नान स्तुति गरे । त्यसपछि धेरै चाँदीको खानी

भएको हिम-शिखरमा जानु हुँदा पार्वतीको गालाबाट पसिना खसी अरुण नदी प्रकट भई तरङ्गसाथ बग्यो। त्यहाँ सनक मुनिले स्नान स्तुति गरे। हे अगस्त्यजी! यसपछि पार्वती धानुकूट पाहाड़को टाकुरामाचढ्नु भयो। उनको अलकबाट निर्मल पसिना खसेर तरङ्गयुक्त नदी भई बग्यो। तिनै सनक मूनिले त्यहाँ भक्तियुक्त स्नान स्तुति गरे। हे अगस्त्यजी! फेरि कुशयुक्त रमणीय हिमालको टाकुरामा कुशिक मुनिकासाथ पार्वती चढिन् त्यहाँ ब्रह्मर्षिले तपस्या गरे। खुशी भई ती ब्रह्म ज्ञानी-लाई सभक्ति पूजा गरी पार्वतीले धन सम्पत्ति दान दिनु भयो। अनि गिरिजाको निधारबाट पसिना खसेर अति निर्मल नदीको रूप भई बग्यो। त्यहाँ ब्रह्म ज्ञानी ऋषिले स्नान गरी हर्षित भई तीन प्रकारले स्तुति गरे। त्यसपछि कौशिकी नदीमा लोकलाई वरदिन र सबै तत्वहरूको हित गर्न फेरि त्यहाँ जल देवी प्रकट भइन्। जल देवी भन्नु हुन्छ।

हे कुशिकजी सबैलोकको हित गर्न म तिमीलाई वर दिन्छु। तिम्रो नामबाटै मेरा सातवटा धारा भएका मूर्तिहरू हुनेछन्। १ शुभश्रवा, २ पापघ्नी, ३ भद्रावती, ४ महाप्रभा, ५ बरदा, ६ दुखघ्नी र ७ सत्य वाहिनी यी सात नदीहरूलाई प्राणीहरूले वारम्वार 'सप्तकोशी'

भन्नेछन् । आजै प्रकट भएका मेरा विभूति स्वरूप सात धारा प्रकट होउन् । हे कुशिक मुनि ! दुर्गा, नारायणी, चण्डी, शिव दूती कपर्दिनी, वाराही, र गौरी, यी क्रमै संग कौशिकी नदी हुन् । हे कुशिक मुनि आज देखि लिएर धेरै कालसंम तिमी चिरञ्जीवि होऊ । कौशिकी नदी तीरमा मेरो आदिलिङ्ग हिम स्वरूप हुनेछन् । तिमी त्यहाँ तुरुन्त गएर त्यो शिव लिङ्गको राम्ररी विधि-पूर्वक पूजा गर । कलिमा गुप्त रूपले रहेको ईश्वरलाई कहिल्यै नछोड़ । इत्यादि कौशिकीस्नानको फल बताएर महादेवी पार्वती त्यही जलमा अन्तर्ध्यान हुनु भयो । कुशिक मुनि पनि आदिलिङ्ग, भए ठाउँमा गए । सं. ४० अध्याय

भवानी दुर्गा-देवी-छिन्ताङ्मा

इनै सप्तकौशिकीको जलमा स्नान गरी नदी तटमा स्थित श्रीशिव मूर्ति आदिलिङ्गको आराधनाद्वारा महादेवलाई खुशीपारी वर पाएर उन्मत्त भई देवताहरूलाई परास्तपारी सबै लोकबाट विजय पाएका चण्ड मुण्ड रक्तबीज र शुम्भ निशुम्भ दैंत्यहरूलाई विनाश गर्न जगन्मातापार्वती कै अर्को स्वरूप अठारभूजी 'दुर्गा-देवी इनै कोशिकीबाट प्रकट भई ब्रह्मादि देवताहरूलाई दर्शन दिनु भयो । यही कौशिकी किनारको गुफामा लड्न आएका

चण्ड मुण्ड रक्तवीज र शुम्भ निशुम्भ सहित ५० करोड दैत्यहरूको संहार गरी ब्रह्माजी सहित देवताहरूलाई पुनः स्वर्गको राज्य सुख भोग्न पठाई कौशिकी नदीको ईशान कोणको पर्वत (छिन्ताङ् गाउँ) मा आफु (भवानी दुर्गादेवी) जानु भयो। भक्तहरूलाई दर्शन वर दिनानिमित्त प्रकट हुनु भएकी भवानी दुर्गा 'छिन्ताङ्-देवी' नामले प्रसिद्ध छ।

छिन्ताङ्-देवी त्रिवेणी-संगम तथा कौशिकी-माहात्म्य

वराह उवाच—

कामकूटे गिरि श्रेष्ठे सा देवी च प्रतिष्ठति।
तस्मात्तस्यै हि विख्याता कामिनी ति सुरासुरैः॥१॥
काम शृङ्गे च हेमाढ्ये सहस्रतीर्थ शोभिते।
राजते तत्र सा नित्यं सिद्धगन्धर्वसेविता॥२॥

भगवान्‌वराहजीले आज्ञा गर्नु भएका कुरा कुमारजी आज्ञा गर्नु हुन्छ—पाहाड़मा श्रेष्ठ कामकूट (छिन्ताङ-गाउँ) मा ती देवी बस्नु भएकोले देवता र दानवहरूले तिनीलाई 'कामिनी' भनी विख्यात गरे॥१॥ हजारौं तीर्थले शोभित सुन चाँदीले युक्त त्यो! कामकूट पाहाड़को टाकुरामा देवी सिद्ध गन्धर्वहरूले सधैं सेवा गरिई रहनु भयो।

तत्प्रान्तरेषु तीर्थेषु संगमेषु नरोत्तमा ।
स्नात्वा सम्यक् दिवं यान्ति वहुपापात्मनोपि वा॥ १ ३॥
तेषु जप्तं हुत्तं दत्तं पितृभ्यो दत्तमक्षयम् ।
उपोस्यमर्चनं स्तोत्रं तत्सर्वमक्षय भवेत् ॥४॥

त्यसै नजीकका तीर्थ र कौशिका (त्रिवेणी) संगमहरूमा जुन उत्तम मानिसहरूले राम्ररी स्नान गर्छन् । ती पहिले जति पापी भए पनि स्वर्ग जान्छन् । ती तीर्थहरूमा जप होम पितृ-तर्पण श्राद्ध उपवास पूजा स्तोत्रपाठ आदि जे गरिन्छ । त्यो सबै अक्षय (ननाशिने) हुन्छ ।

स्नात्वा कामाचलं रुह्य देवीं संप्रेक्ष्य यत्नतः ।
सर्वपापैर्विनिर्मुक्तः स याति परमा गतिम् ॥५॥
यं यं कामति मर्त्य यः शीघ्रं तं तं फलम् मुने ।
सम्प्राप्नोत्यचिरं लोके तं तं देव्या प्रसादतः ॥६॥

त्यहाँ नदीमा स्नान गरी कामाचल पाहाड़ उक्लेर देवीको दर्शन गर्नाले सबै पापबाट मुक्त भई परम गति प्राप्त हुन्छ । हे मुनि ! यसरी कोशीमा स्नान गरी देवीको दर्शन गर्ने मानिसले चिताएको फल देवीको प्रसादले तुरुन्त पाउँछ ।

भूयो वक्षे च कौशिक्या फलान्यत्र घटोद्भव ।
द्रवीभूताद्रिजा याश्च समाहिमना श्रुणु ॥ ७ ॥

स्नान कुर्वन्ति य भक्त्या कौशिक्यां यासु कासु च ।
सर्वपापैर्विनिर्मुक्तास्ते यान्ति परमां गतिम् ॥ ८ ॥

हे अगस्त्यजी ! फेरि पनि पार्वतीबाट जल रूपमा प्रकट भएका कौशिकी नदीको फलहरू यहाँ भन्छु । मन दिएर सुन । जो मानिस भक्ति गरी कौशिकी नदी मध्यमा जहीं कहीं नुहाउँछन् । सबै पापबाट मुक्त भएर ती परम गतिमा प्राप्त हुन्छन् ।

कुष्ठवानमुच्यते कुष्ठात्पातकिनोऽपि पातकैः ।
अभक्ष्यभक्षकश्चैव अगम्या गमनोऽपि वा ॥ ९ ॥
स्वर्णस्तेयीसुरापो वा परद्रव्यहृत्वपि वा ।
मुच्यते सर्व पापेभ्यः स्नानात्तासु न संशय ॥१०॥

कुष्ठी कुष्ठ रोगबाट मुक्त हुन्छ । पापीको पाप नाशिन्छ । अभक्ष्य खाने र अगम्यमा जाने, सुन चोर्नें, मदिरा पिउने अथवा अर्काको धन चोर्नें भएतापनि ती नदीमा स्नान गर्नाले, सबै पापबाट मुक्त हुन्छ । यसमा संशय छैन ।

असाध्यं साधयत्स्तानादपुत्रो लभते सुतम् ।
दरिद्रो लभते द्रव्यं कन्यार्थी लभते प्रियाम् ॥११॥
मोक्षार्थी लभते मोक्षं स्नानाद्भोग्यं लभेन्नरः ।
सार्वभौमार्थीनः स्नानाद्भविष्यन्ति धनेश्वराः ॥१२॥

स्नान गर्नाले सिद्ध नहुँने कुरा सिद्ध हुन्छ । छोरो

नपाउनेले छोरो पाउँछ । दरिद्रले धन पाउँछ । केटी खोज्नेले सुन्दरी स्त्री पाउँछ । मुक्ती खोज्नेले मोक्ष पाउँछ । नुहाउँनाले मानिसले भोग्य पदार्थ पाउँछ । चक्रवर्ती हुन खोज्नेले स्नान गरेमा कुवेर जस्तै धनी हुनेछ ।

या काचिदवला स्नानं कौशिक्यां सुकरोति वै ।
भ्रूणघ्नी च दिवं याति सर्वपापैर्विवर्ज्जिता ॥१३॥
दुर्भगापि भवेत्स्तानात्सर्वसौभागिनी क्षितौ ।
विधवा सधवा नित्य चिरंजीवति तत्पतिः ॥१४॥

जो कुनै स्त्रीले कोशीमा स्नान गरी भने सबै पाप नाशिएर भ्रूण हत्या गरेता पनि स्वर्ग जान्छे । नराम्री भएता पनि नुहाउनेले पृथ्वीमा सबै सौभाग्यले युक्त हुन्छे । विधवा छ भने सधवा हुन्छे र उसको पति धेरै-काल सम्म बाँच्नेछ ।

प्राप्नोति च सुतानूवन्ध्यास्नानात्पतिप्रिया भवेत् ।
सुन्दरी च भवेत् स्नानात्कुरूपापि च सर्वदा ॥१५॥
कौशिक्यां कुरूते श्राद्धं पितृभ्यो भक्तियोन्नर ।
पितृनुद्धृत्य सप्तत्रीन् पितृलोके महीयते ॥१६॥

त्यहाँ नुहाउँनाले पनि छोरा पाउँछ र पति प्रिय हुन्छे । ज्यादै नराम्री भए पनि त्यहाँ नुहाउँनाले सुन्दरी हुन्छे । जुन मानिसले भक्तिसाथ कोशीमा श्राद्ध गर्छ । त्यसले

एक्काइस पुस्ता पितृहरूको उद्धार गरी अन्त्यमा आफु पनि पितृलोक जान्छ ।

दत्तं हुत्त च कौशिक्यां जप्तं समर्चितं तथा ।
उपवासं च धर्म्मं च तत्सर्वमक्षयम स्मृतम् ॥१७॥
मृकण्डोश्च सुतो विप्रः पितृन्सन्तर्प्य संततम् ।
श्राद्धं चकार भक्त्या वै कौशिक्यां च पुरा मुने ॥१८॥

कौशिकी नदीमा दिएको जपेको होमेको पूजा गरेको र उपवास आदि धर्मकार्य गरेको पनि अक्षय कहिल्यै ननाशिने हुन्छन् । हे अगस्त्यजी ! उहिल्य मृकण्डु ऋषिका छोरा (मार्कण्डे) ब्राह्मणले पितृहरूलाई तर्पण दिई भक्तिपूर्वक कौशिकी नदीमा श्राद्ध गरेका थिए ।

तत्पितरः समागत्य व्योम्ठश्च तत्तटे मुदा ।
पिण्डौ स्तिलोदकैस्तृप्तास्तस्मै प्रददुराशिवम् ॥१९॥

तिनका पितृहरू आकाशबाट खुशीसाथ पिण्ड र तर्पणले तृप्तभएका छंदा त्यो ! नदीको किनारमा आएर तीनलाई आशिर्वाद दिए ।

पितरः ऊचु—

यस्मात्तिलोदकादानाद्वयं तृप्ताश्च पिण्डत ।
चिरंजीव्यास्त्वमद्यादिपुत्रासमद्भक्तिसंयुतात् ॥२०॥
या त्वयाम्रियतां पुत्र वहुसर्वयुगेष्वपि ।
कल्पान्ते वत्स वै त्वंहि हरौ लीनो भविष्यति ॥२१॥

पितृहरू भन्छन्—हे पुत्र ! जुन कारणले तिल पानी र पिण्ड दान गरी हामीलाई भक्तिसाथ तृप्त पार्‍यौ । त्यसकारण ! तिमी चिरंजीवि हुनेछौ । हे पुत्र धेरै युगान्तर बिते पछि पनि तिमी मर्नें छैनौ । हे बाबु ! कल्पको अन्त्यमा मात्र तिमी विष्णुमा लीन हुने छौ ।

स्कन्द उवाच —

दत्वेति पितरस्तस्य मार्कण्डयाय वै वरं ।
अन्तर्द्धानं मोयुर्व्योम्नि तृप्ताः पिण्डपिलौदकैः ॥२२॥
मार्कण्डेयो हि चाद्यापि चिरं जीवति विज्वरः ।
कौशिक्यां पिण्डदानाद्धि पितॄणां च प्रसादतः ॥२३॥

कुमारजी आज्ञा गर्नु हुन्छ ।

हे अस्त्यजी ! यसरी पिण्ड र तर्पणबाट अघाएका पितृहरूले वर्दान दिई आकाशमा अन्तर्ध्यान भए । आजसंम पनि कौशिकी नदीमा पिण्ड दान दिनाले प्रसन्न भएका पितृका निगाहबाट निरोगी भएर मार्कण्डेय मुनि धेरै कालदेखि बांची रहेकाछन् ।

सर्वासां संगमेन्योन्यं वाञ्छितार्थ फलप्रदे ।
पवसु स्नानमात्रेण कुल कोटिं समुद्धरेतः ॥२४॥

चिताएको फल दिने धेरै नदीहरूको परस्परको संगममा पर्वका दिन स्नानमात्र गर्नाले करोड़ कुलको उद्धार हुनेछ ।

सर्वपापैर्विनिर्मुक्तः परिवारैः समन्वितः ।
कोट्यर्कायविमनस्थः स्नानाद्याति परां गतिम् ॥२५॥

सबै पापले मुक्त भएर आफ्ना परिवार सहित नदी-स्नान गर्ने पुरूष करोड सूर्यको जस्तो कान्ति भएको विमानमा चढेर परम् गतिमा पुग्छ ।

अथाहं च प्रवक्ष्यामि कौशिनां पृथक पृथक् ।
फलानि च तिर्थांश्चैव यस्मात्फलानि लभ्यते ॥२६॥

अब म यतिछ भनी साध्य नभएको कोशीका भिन्ना भिन्नै फल र तिर्थहरू भन्छु । जसबाट विशेष फल पाइन्छ ।

हरित्कान्ताः प्रियायां च चतुर्दश्यान्तिथौ मुने ।
विशेषेण समाप्लाव्यं सर्वफलप्रलब्धये ॥२७॥

हे मुने ! विशेष गरेर सबै फल पाउनानिमित्त हरित्कान्त नदीको प्रिय औंसी तिथिमा स्नान गर्नु पर्छ ।

पीतवाहाप्रियायां च अमावाश्यां तिथौ नरैः ।
स्नातव्यं विधिवद्भक्त्या मुक्तिकाम प्रलब्धये ॥२८॥

मुक्तिको इच्छा गर्ने मानिसले भक्तिगरी विधिपूर्वक 'पीतवाहा' नदीको प्रिय औंसी तिथिमा स्नान गर्नु पर्छ ।

ताम्र कान्त्या प्रियायां च अष्टम्यां च तिथौ पुनः ।
समाप्लव्यंमुदा भक्त्या सर्वसौभाग्यलब्धये ॥२९॥

सबै सौभाग्य पाउनकोलागि हर्षसाथ भक्ति गरी

'ताम्रकान्ति ! नदीको प्रिय अष्टमी तिथिमा स्नान गर्नुपर्छ।

दुग्धकान्तिं पियायां च नवम्या च तिथौमुने ।
स्नातव्यं सततं भक्त्या सौन्दर्य्यं स्वर्ग लब्धये ॥३०॥

सौन्दर्य र स्वर्ग पाउनकोलागि वारम्वार भक्तिसाथ 'दुग्ध कान्ति नदीको प्रिय नवमी तिथिमा स्नान गर्नु पर्छ ।

अमृतवाहिनीनद्याः प्रियायां हि तिथौ तथा ।
एकादश्या समाप्लव्यें वैकुण्ठलब्धये सुखम् ॥३१॥

सुखपूर्वक वैकुण्ठ पाउनकोलागि अमृत वाहिनी नदीको प्रिय एकाद्वशीमा स्नान गर्नु पर्छ ।

कृष्णकान्त्या प्रियायां च द्वादश्यां हि तिथौ मुने ।
स्नातव्यं भक्तितः स्वर्ग सार्वभौमफलाप्तये ॥३२॥

स्वर्ग र चक्रवर्ती राजा हुने फल प्राप्तिकालागि 'कृष्णकान्ति' नदीको प्रिय द्वादशी तिथिमा भक्तिपूर्वक स्नान गर्नु पर्छ ।

व्योमधारा प्रियायां च पूर्णिमाया तिथौ तथा ।
स्नातव्यं स्वर्गमोक्ष्यम् च सर्वसौख्यफलाप्तये ॥३३॥

स्वर्ग मोक्ष र सबै प्रकारको फल पाउनको लागि 'व्योम धारा' नदीको प्रिय पूर्णिमा तिथिमा स्नान गर्नु पर्छ ।

एवं तिथिं विचार्य्यादौ कर्त्तव्यं स्नानमुत्तमम् ।
तासु सर्वांथिर्मिधीरैः सर्वकाम फलाप्तये ॥३४॥

माथि बताएको तरिकाले पैले तिथि विचारेर तिनी-हरूका मध्येमा सबै कुराको इच्छा गर्ने धीर पुरुषले सबै काम पाउनकोनिमित्त उत्तम स्नान गर्नु पर्छ ।

कौशिकाश्च मया मुनीश कथितं स्नानस्य दत्तस्य वै ।
माहात्म्यं हि फलानि ते सकृतिभिर्गम्यम् तथा नान्यभिः ॥

हे मुनिश्वर ! मैले कौशिकी नदीमा नुहाएको र दान दिएको माहात्म्य र पुण्यात्माले मात्र पाईने अरूले नपाइने फलहरू पनि तिमीलाई सुनाएँ । कोशी माहात्म्य नामको ४३ अध्याय ।

वराह अवतार

हे कृपालु ! धरणीधर नाथ ।
भक्तिसाथ निहुर्‍याउँछु माथ ॥
गर्छु अल्प मतिबाट यथा म ।
श्रीवराह अवतार-बयान ॥

भगवान् नारायणको नाभी कमलबाट उत्पत्ति भएका चतुर्मुखी ब्रह्माजीले चारैतिर नजर दौड़ाउँदा जताततै जलामयमात्र देखी आश्चर्य चकित भए । अनि सृष्टि गर्ने विचारले पर्मात्माको ध्यान गरे । ईश्वरीय प्रेरणाबाट सृष्टिको क्रम बढ्यो । 'आफु एक्लैले कैले सबै पदार्थको सृष्टि गर्न सकौंला ?' भन्ने सोची दायाँ अङ्गबाट स्वायम्भूव् र बायाँ अङ्गबाट सतरूपा नाम गरेका पुरुष र स्त्रीको एक जोड़ा उत्पत्ति गरे । अनि 'तिमीहरुले सम्भोगद्वारा

धेरै पुत्र र पुत्रीहरू पैदा गरी सृष्टिलाई सजाऊ।' भनी ब्रह्माजीले आज्ञा दिनु भयो। चारैदिशा जलामय देखेर स्वायम्भुव् मनुले 'हामी सृष्टिता गर्छौं, तर स्थल विना हामीले गरेको सृष्टि कसरी अड्न सक्ला ? पिताजी !' भनेर विन्ति चढ़ाए।

यस्तो वचन सुनेर ठूलो चिन्तामा परी ध्यान दृष्टि-द्वारा हेर्दा, कश्यप र दितीका पुत्र हिरण्यकश्यपुको भाई 'हिरण्याक्ष' नाम गरेको दैंत्यले मेरो वरदानको प्रभावले आफ्नो पराक्रमद्वारा देवताहरुसहित सम्पूर्ण लोकलाई जिती, पाताल भन्दा पनि तल रसातलमा पृथ्वीलाई हरण गरी लगेर वश पारी राखेको वृतान्त कुरा थाहा पाए। पश्चातापले र सन्तापले हृदयमा व्याकुलता छायो। सनत्कुमार आदि ऋषिहरू असमर्थ प्रकट गरी पन्सिएको देखी उठेको रीस सारा रोम र इन्द्रियबाट सञ्चित हुँदै एकत्र भई दुवै भृकुटीबाट प्रकट भएका शिवजीबाट पनि सन्तोष जनक सृष्टि नभएको र पृथ्वीलाई पनि पत्ता लगाउन असमर्थ देखेकाले ब्रह्माजी चिन्तित भए। पुनः उनै सर्वशक्तिमान् करुणामय ईश्वर शेषशाही भगवान्को ब्रह्माजीले भक्तिपूर्वक आराधना गरे।

धन्य ! हजुरको कृपा। संकष्टमा परेका ब्रह्माजीको छिंकासाथै नाकको द्वारबाट यौटा सुच्छम् रूप प्रकट भयो।

महान् आश्चर्यसाथ हेर्दाहेर्दै अद्भूत र भयङ्कर अनि विशाल वीर वंदेलको स्वरूप अनन्त संग दाँजिदै बढ्यो। भयभीत भएका ब्रह्मादि देवताहरुले आर्त स्वर निकाली वराह-अवतार लिएका भगवान् विष्णुलाई चिनेर यसप्रकारले स्तुति गरे।

विशाल क्या ? अद्भुत भै भयावहः।
स्वरूप आकार विचित्र ईश्वर ॥
विशाल दाह्रा अति स्वच्छ उज्ज्वल।
छ अग्नि होत्रै सरि ओंठ चञ्चल ॥
छन् वेद चारै चरणाम्बुजादिमा।
छन् कान लामा हुइ नेत्र चम्किन्या ॥
हटाउ सङ्कष्ट सुधार सृष्टि हे !
सुरेश विष्णो प्रभु सूकराऽकृते ॥

स्तुति सुनेर जिउ फर्फराए। अनि शरीरबाट लामा-लामा रौंहरू उड़ेर गङ्गाका तटमा कुशभई उम्रिन पुगे। त्यसैले कुश हरेक धार्मिक कार्यमा पवित्र भएका हुन्। वँदेल कै भाषामा तीनै लोक थर्काउँदै गर्जना गरी देवता हरूलाई आश्वासन दिंदै भगवान् रसातल मा तुरून्त पुगे। जहाँ पृथ्वी संङ्कष्ट र दुःखले पीड़ित भएर जलमा डुबीरहेकी-थिइन्। जड़वतः बेहोस भएकी ज्ञान हीनती धरित्रीको

दुरावस्था देखी करूणाले आँसु झारी थुतुनोले सुम्सुम्याउँदै भक्तवत्सल वराहरूप भगवान्‌ले आफ्ना उज्ज्वल दुवै दाह्रामा अड्याई पृथ्वीको उद्धार गरे । हात्तीले तलाउबाट कमल उखेली सूँडले उचाली रहेझैं । वराहको उन्नत थुतुनो र उज्ज्वल दाऱ्हामा धारणा गरिएकी पृथ्वी शोभायमान देखिन्थ्यो ।

उता बलोन्मत्त हिरण्याक्षदैंत्यले वरुणलाई युद्धको निम्ति आह्वान गऱ्यो । वरुणको गर्वहीन लत्रिएको वाक्य ले त्यो दुष्ट दैंत्यको मन घमण्डले फुल्यो । अनि 'नारायण नारायण' जप्तै वीणा बजाउँदै आकाशमार्गबाट डुल्दै गरेका नारदमुनिलाई देखी, हिरण्याक्षले सोध्यो 'नारद ! तिमी कसको नाम जप्तै घुमिरहेछौ ?' नारदले उत्तरदिए । 'हजुर जस्तो प्रतापीलाई छाड़ेर कसको हुन्थ्यो ? घमण्डी दानवले अहङ्कार गर्दै फेरि सोध्यो "नारद ! म सित युद्ध गर्न सक्ने योद्धा तीन लोकमा कोहीछ ?' नारदलेउत्तरमा भने 'दानवराज!'हजुरले हरण गरी ल्याएको पृथ्वीलाई चोरेर रसातलबाट भाग्न लागेका छन् । तिनी हजुर सित युद्ध गर्न सक्छन् ।' यति सुनेर त्यो ! हिरण्याक्ष तुरून्त रसातल पुग्यो । अनि पृथ्वीलाई बोकी फर्कन लागेका वँदेल स्वरूप भगवान्‌लाई गर्जना गर्दै ठूलो स्वरले भन्यो । 'हे बनैया सुँगुर ! मैले सम्पूर्ण लोकलाई जिती

ल्याएको पृथ्वीलाई सुटुक्क चोरेर कहाँ लान्छस् । हे कपट रूप धारी चोर ! पख । यो ! गदाको चोट चाखेर मात्र जा । मलाई नजिती यो ! पृथ्वी चोरेर भाग्न पाउँदैनस् ।' भनेर क्रोधले गदा घुमाई जोड़ने भगवान्‌लाई ताकेर फ्याँक्यो । कठोर वाक्यको वर्षासहित गदा आफुतिर आएको देखेर भगवान् वराह अलिकति हाँस्नु भयो । अनि त्यो गदालाई आफ्नो गदाको प्रहारले बिचैमा नष्ट पारी अर्को गदा छोड़ी गदाको प्रत्युत्तर दिनु भयो । वज्र कड्केर विजुली चम्किए झैं दुवैतिरबाट प्रहार गरिएको गदाबाट भयङ्कर शब्दकोसाथै आगोको ज्वाला उठ्‌तथ्यो । यसरी भएको घोर युद्धपछि गदा भाँचियो । अनि बाहु युद्ध चल्यो । दुवै योद्धा बराबर जोड्ले पछाड़िंदा तीनै लोक कम्पायमान हुन्थ्यो । यसरीनै लड्‌दालड्‌दा परस्परमा मुष्टिक (घुस्सी हान्ने) युद्ध प्रारम्भ भयो । भगवान्‌द्वारा हानिएको मुड्‌की हिरण्याक्षको शरीरमा पर्दा पर्वतहरु पनि थर्किए र लड्‌थे । फेरि हिरण्याक्षको मुड्‌की भगवान्‌को शरीरमा पर्दा त्यसरीनै पर्वत भत्केर हा हा कार मच्चिन्थ्यो । एक्काएक्क हिरण्याक्ष दैत्यले जोड़ले मुक्का प्रहार गरी भगवान् वराहलाई मुक्ष्यां पाऱ्यो । अनि दसै दिशा गुञ्जिएर काँपे । पर्वतहरू भत्कँदै लड्‌दै गर्न लागे । लोकमा अन्धकार छायो ।

इन्द्रादि देवताहरूपनि भयातुर भएर जताततै भाग्न थाले। यसरी त्रस्त भएर आत्तिएका देवताहरूको अवस्था देखी ब्रह्माजीले भगवान् वराहसित प्रार्थना गरे।

सायंकाल भयो ! भयातुर भए, सम्पूर्ण द्यौताहरू।
काँपे लोक दिशा लड़े गिरिहरू राक्षेस् बलिष्ठ छ ऊ ॥
रात्रीमा बल बढ्छ दैंत्यहरुको, मर्दैन मार्दा भरे।
ऐले शीघ्र बिनाशनोस् प्रभु यता द्यौताहरु आत्तिए ॥
हे विष्णो ! धरणी चराचर पते हामी सवैका गति।
सारा लोक हितार्थ दृष्टि दिनुहोस् विन्ती चढ़ाऔं कति ? ॥
रक्षा ईश्वरले गरेर अब यो ! प्राणै हिरण्याक्षको।
हर्नोस् लौन ! तुरुन्त वेर नगरी छौं पाउमा हे प्रभो !

दिव्य हज़ार वर्ष सम्म पृथ्वीलाई दाह्रामा धारण गरी भगवान् वराहले हिरण्याक्षसित लीला युद्ध गर्नु भएको थियो। देवताहरूको आर्तनाद सुनी मुर्च्छाबाट बिउँझिएका भगवान् धरणीधरले क्रोधपूर्वक वलियो मुठी बाँधी हिरण्याक्षदैंत्यको बीच छातीमा जोड़ले प्रहार गर्नु भयो। पाहाड़मा वज्र परेझैं भगवान्को त्यो मुड्की छातीमा बड़ोबेगले बज्रिनासाथ असह्य पीडाले ढुन्मुनिएर बेहोस भई दुष्ट हिरण्याक्षराक्षेस् ठूलोगर्जना गर्दै बड़ोबेगले पछाड़ियो। अनि प्राणले हात धोयो। दुष्टको संहार गरीसकेपछि भगवान् वराहले अनुहारको रङ्ग वद्लिंदै

भयानक स्वरूप पारेर चारैदिशातिर हेर्न थाले। यस्तो अद्भूत र विचित्र अवस्थालाई देखेर आश्चर्य साथ त्रस्त भएका ब्रह्मादि देवताहरूले भगवान् वराहको स्तुति गरे।

हे नाथ! विष्णु भगवान वराहरूप।
लीला अनन्त प्रभुको महिमा अनेक॥
हे यज्ञरूप धरणीधर श्रीवराह!
बिन्ती छ धेर परमेश्वर भक्तिसाथ॥
संहारभो अबत त्यो! हिरण्याक्ष दुष्ट।
जो मानु मारिसकियो गरिधेर युद्ध॥
छौं देवता शरणमा भइ दीन आर्त।
भै शान्त मङ्गल बढ़ाउनुहोस् नाथ!॥
भू, भक्त, ब्राह्मण, नरेश र साधु, सन्त।
सम्पूर्ण यी हजुरकै प्रिय एक अङ्ग॥
रक्षा तसर्थ गरनोस सुदृष्टिसाथ।
गर्छौं प्रणाम अब नित्य नुहेर माथ॥

स्तुति सुनेर भगवान् केही सम्हालिए। अनि माया-देवीको शक्तिको आधारले जलमाथि पृथ्वीलाई स्थित गरी 'अब राम्ररी सृष्टिको कार्य प्रारम्भ गर!' भनी ब्रह्माजी-लाई आज्ञा दिई भगवान् वराह चित्त शान्त र हृदय पवित्र गराउन तीर्थ स्नान गर्दै धेरै तीर्थ स्थानहरूमा

भ्रमण गर्नु भयो । टाढ़ाटाढ़ाका ठूलाठूला तीर्थ स्नानले पनि वहाँको चित्त शान्त र हृदय पवित्र भएन । अनि वराहक्षेत्रको वरिपरि पञ्चकोश भित्र पर्ने कुवा खोला नाला छहरा तलाउ इत्यादिहरूमा स्नान गर्दै रम्य बनोनिकुञ्ज, पर्वतको गुफा, ओढाड़, पाहाड़को अन्तरातिर कुड़ा गर्दै 'कोका मुख', जहाँ रसातलबाट पृथ्वी बोकी ल्याएका थिए । जहाँ कौशिकीमा संगम हुन पुगेको स्वच्छ र पवित्र जल छल्वलाई बहेको छ । त्यहीं स्थानमा घुम्दै पुग्नु भयो । पुग्नासाथ विधिपूर्वक शरीर माड्दै पानीमा चोब्लिंदै धेरैबेरसम्म राम्ररी स्नान गरी पानीबाट बाहिर पाखामा निस्कनासाथ भगवान्‌वराहजीलाई ठूलो आश्चर्य लाग्यो । कारण ? बाहिरी मयल पखालिनुको साथै मनबाट क्रोध र अशान्ति भागिसकेको थियो । आन्तरिक शुद्धिले मन शान्त र हृदय पवित्र भयो । अनि स्वच्छ भावना को जागृति हुनुकोसाथै चित्त प्रसन्न र हृदय प्रफुल्लित हुन थाल्यो । गदगद वाणीले कोका नदीलाई सम्बोधन गर्दै भगवान् वराहजीले आज्ञा गर्नु भयो । हे पवित्र जल धारण गर्दै छल्बलाएर नदी रूपमा बग्ने भएकी कोके ! तिम्रो सुच्छम निर्मल जलमा यत्रो प्रभाव रहेछ । जो कुनैपनि तीर्थमा नष्ट नभएको अवगुण । कुनैपनि तीर्थमा 'शान्त' नभएको मन । पवित्र नभएको

हृदय । अनि शुद्ध नभएको आन्तरिक मयल । सबै तिम्रो पवित्र मुखले धोई दियो । मनले चिताए जस्तो पुग्यो । म सन्तुष्ट भएं । चित्त शान्त र मन प्रसन्न भयो । जो विघ्नादि थियो । त्यो आफैं पन्सियो । नवीन सिद्धिहरू प्राप्ति हुँदै आए । म अपार हर्ष र आनन्दले भन्छु धन्य ! कोका मुख । धन्य ! यो एकान्त स्थान । धन्य ! पवित्र भूमि । विषय रूपी बिष खाई छटपटिएर व्याकुल भएको इन्द्रियहरूलाई जल रूपी अमृतले आनन्द दिए झैं मृत्युलोकको उद्धार गर्न स्वर्गबाट भागीरथी गङ्गा धाएर पृथ्वीमा ओर्लें झैं, हे कोका नदी ! तिमीपनि सुधामय पवित्र जल धारण गर्दै भागीरथी गङ्गाको जस्तै प्रभाव फिंजाउँदै सम्पूर्ण प्राणीहरुमा रहेको अनेकौं दुर्गुणहरुलाई पखाली नष्ट गर्दै जगत्को उद्धार गर्न यो ! तपोभूमिलाई रम्य पारी निरन्तर धाइरहेकी छौ ।

म तिमी देखी अत्यन्त खुशी छु । मनमा जे इच्छा छ । बरदान माग ! त्यो पूर्ण हुनेछ । "वराह-अवतार धारी भगवान् विष्णु इनै हुन्" भन्ने जानेर जलद्वारा पूजा सत्कार गरी भक्तियुक्त शिर निहुर्‍याई छलबलाउँदो वाणीद्वारा कोकाले वन्दना गरिन् ।

हे दयालु श्रीवराह नाथ ! पाउ पर्दछु ।
माथलाई क्यै तुहाइ वन्दना म गर्दछु ॥

देव दैंत्य औ मनुष्य भूमिका पते अनि ।
चन्द्र, सूर्य, वायु, अग्नि, आत्म भित्रका तिमी ॥
भक्ति पाउको मिलोस नित्य पाँउ दर्शन ।
मूर्खले सुधा तजेर वीष पान गर्छन ॥
चाहिंदैन राज्य द्रव्य लिन्छु एक पारस ।
नित्यहोस् नजीक वास भाग्य यै अपारछ ॥

कोका देखी प्रसन्न हुनु भएका भगवान्‌वराहले 'तथास्तु' भन्दै आज्ञा गर्नु हुन्छ ।

जस्ले विधिपूर्वक कोका मुखमा नित्य स्नान गर्छ । त्यस्को सम्पूर्ण दुर्गुणहरु नाश भई शुद्धात्मा र शान्त चित्तको हुनेछ । धेरै जन्मको पापबाट मुक्त भई त्यो मेरो प्यारो भक्त मेरै लोकमा मेरो (नारायण स्वरूप भएर रहन पाउनेछ । कोका मुखमा स्नान गरी नित्य ताम्र पात्रद्वारा जलमात्र चढ़ाई मेरो सेवा गर्नेदेखी पनि म प्रसन्न रहनेछु । मलाई जतिबुन्द जल चढ़ाएको छ त्यस्ले त्यत्ति हज्ज्जार बर्षसम्म स्वर्गको सुख भोग्न पाउनेछ । इत्यादि ।

कोकालाई वर दिएर भगवान्‌वराह कोकामुखमा नै सधैं प्रसन्नतासाथ रहन लाग्नु भयो । यो रहस्य थाहा पाई सम्पूर्ण इन्द्रादि देवताहरू दर्शनार्थ आई त्यही पवित्र स्थानको वरिपरि तीर्थरूपमा रहन लागे ।

केहीकालपछि होशमा आएकी भूत धारिणी पृथ्वीले ब्रह्माजीसित प्रश्न गरिन् । हे पिताजी ! मलाईता दुष्ट हिरण्याक्षले रसातलमा पुऱ्याई आफ्नो वशमा राखेको थियो । ऐले हजुरबाट सम्हाल र रक्षा गरिएकी पाएँ । त्यस अर्थ यो ! वृतान्त बताई बक्स्योस्—

मलाई उद्धार गर्ने को हुन् ? कहाँ छन् ? उनको स्वरूप कस्तोछ ? प्रश्नोत्तरमा विमला पतिजीले सबै यथार्थ सुनाएर दिशा देखाई जाने बाटो पनि बताई दिए । तदनुसार ब्रह्मलोक बाट भूत धारिणीधरा उत्तरा खण्डतर्फ को मार्ग पक्रेर पत्तालगाउँदै त्यो ! महत्व पूर्ण स्थानमा पुगिन् । जुन स्थानमा कोकासित प्रेमपूर्वक क्रिड़ागर्दै वराह रूप भगवान् विष्णु विराजमान गर्नु हुन्थ्यो । त्यहीं स्नान गरी धरणीले परमेश्वर वराहको भक्ति आराधना गरिन् । अन्तर्यामी सर्वव्यापक ईश्वरले थाहा पाई सक्नु भएको थियो । अनि वराह मुख भएका दिव्य चतुर्भुजी स्वरूप कोकामुख-बाट शान्त र प्रसन्नता साथ प्रकट भई पृथ्वीलाई दर्शन दिनु भयो। पृथ्वीले पनि आश्चर्यसाथ दर्शन् गरिन् ।

ज्योति निर्मल उषा सरि उज्ज्वल ।
चक्र चल्छ उसमा पनि फर्फर ॥
फक्रिए कमल झैं छ प्रसन्नता ।
श्रीवराह परमेश्वरको छटा ॥

शृङ्गला धवल उच्चू हिमालको ।
स्वच्छ दाँत अधरावर भाल त्यो ॥
क्याछ ! अद्भुत विशाल सुशोभित ।
यज्ञरूप धरणीधर नाथको ॥
वेद चार कर पाउ महाँ धरी ।
अग्निहोत्र सरि ओठ पवित्र ती ॥
रौं विशाल तनमा भरपुरछन् ।
भू करोड़ उसमा लटरम्म छन् ॥

यस्तो पवित्र स्वरूप भएका जगदीश्वरको दर्शन ध्यान गरी फेरि स्त्री स्वरूप धारी धरतीले भगवान् वराहको स्तुति गरिन् ।

भगवान हरे भगवान हरे ।
धरणीधरनाथ वराह हरे ॥
भवभार भयो जब दुष्ट बढ़ी ।
अवतार लिंदै तब आइ हरि ॥
धनि रक्षक जीव चराचरको ।
भय दुःख हटाउनु हुन्छ प्रभो ! ॥
पहिले जब वेद हराउन गो ।
लिइम्लेच्छवतार निकाल्नु भयो ॥

कछुवा बनि मन्दर पर्वत नै ।
पिठमाथि सुधासित बोक्नुभयो ।।
पछि फेरि वराहवतार लिई ।
हिरण्याक्ष विनाश गरेर हरि ।।
नरसिंह बनेर हिरण्य मऱ्यो ।
बलि बाँधिन गो बनि वामन पो ।।
हरि भार्गव क्षेत्रि विनाशन भए ।
अनि 'राघव' रावण मार्न भए ।।
खल कंस र कौरव औ यदुको—
कुल कृष्ण बनीकन मास्नु भयो ।।
सब म्लेच्छ विनाशन कल्कि बने ।
र अहिंसक ज्ञानद बुद्ध बने ।।
छ अगम्य अनन्त चरित्र अहो ?
धरणीधर नाथ वराह प्रभो ! ।।

त्यति हुँदा पनि हजुरको केही चेष्टा बुझ्न सकिन । कसरी सृष्टि गर्नु हुन्छ ? कसरी चारै युगको व्यवस्था मिलाई राख्नु भएको छ ? विशेष गरेर हजुरको कस्तो इच्छा छ ? के गरेर यज्ञ गर्नेहरूसित खुशी हुनु हुन्छ ? सिद्धि क कस्ले पाए ? फेरि मलाई उद्धार गर्दा हजुरको स्वरूप कस्तो थियो ? यो सबै वृतान्त आज्ञा हवस् भनी धराले सोध्नु हुँदा—

हाँस्नु भो मुख खुला गरि गर्जिंदै ।
देखियो उदर भित्र विचित्रनै ॥
सात लोक र समस्त चराचर ।
रूद्र, इन्द्र, वसु, आठ महर्षि र—
चन्द्र, सूर्य, ग्रह, भू-नभ, पद्म औ–
शेषनाग विमला-पति पूर्ण त्यो ।
हेरि अद्भुत भयाऽऽतुर भै स्तुति ।
गर्दछिन् नयन चिम्ली भयो भनी ॥

यसरी डराएकी पृथ्वीलाई देखी करुणामय भगवान् वराहले फेरि शान्त र प्रसन्न चतुर्भुजी स्वरूप धारण गरी दर्शन दिनु भयो । कस्तो ? भने—

शङ्ख चक्र गदा पद्म पीताम्बरादि भूषण ।
महाकिरीटकटकः स्फुरणमकर कुण्डल ॥१॥
वनमाला निवीताङ्ग लसच्छ्रीवत्स कौस्तुभः ।
वक्षस्थले प्रियालक्ष्मीं शेषपद्मासनास्थितः ॥२॥
पद्मनाभस्थिते ब्रह्मा गायन्ति वेद नारदः ।
पार्षदै वृत्त गायद्भिः सिद्धगन्धर्व चारणै ॥३॥
वराह सत्व रूपस्थः प्रसन्नः वदने क्षणः ।
विचक्ष्य महदाश्चार्यम् मही आगत साध्वसः ॥४॥

शङ्ख, चक्र, गदा, पद्म लिई पीताम्बर इत्यादि लुगा गहना पैहिएका, महा मूल्यवान् मुकुट र बाजु लगाएका

झल्झलाकार झल्केको माछाको आकार भएको कुण्डल कानमा लर्काएका, सम्पूर्ण शरीर वनमालाले ढाकिएका, श्रीवत्स र कौस्तुभ मणिले अत्यन्त शोभित भएका, बायाँ पट्टिको जाँधमा प्यारी लक्ष्मीलाई बसाएर शेषमाथि कमलको आसन गरी बसेका नाभिबाट निस्किएको सरोजमा ब्रह्माजी स्थित हुनु भएको, वेद र नारदद्वारा गाइएका, अनेकौं पार्षदद्वारा घेरिएका र सिद्ध गन्धर्व चारणहरुले गान गर्दै हिंडने, प्रसन्न अनुहारले हेर्ने भएका, शान्त स्वरूपका वराह मुखी भगवान्‌लाई देखेर धरणी महाँ आश्चर्यमा परिन् । अनि फेरि धरित्री स्तुति गर्नु हुन्छ ।

श्रीपीताम्बरले सुशोभित सधैं, सारा जगत्का पति ।
औताको सब शत्रु नष्ट गरने, भू भार हर्ने हरि ! ॥ १ ॥
ध्यौताले स्तुति ध्यान नित्य गरिने, हे मोक्ष्यका मालिक !
शङ्ख चक्र असी र पद्मकरमा देखिन्छक्या ! शोभित ॥ २ ॥
फेरी जन्म र मृत्युले रहित भै औतार भू मा लिने ।
ब्रह्माछन् विच नाभिका कमलमा शोभा बढ़ाई दिने ॥ ३ ॥
यौटै गाथ छ भू असङ्ख्य धरने, लीला विचित्रै गरी ।
पृथ्वी वेद र सृष्टि पालन गरी, उद्धार गर्ने हरि ॥ ४ ॥
नारी हूँ भयभीत छु म धरणी, पाऊ हजुर्को परें ।
कालो नील वराह रूप हरिको नै ध्यान मैले गरें ॥ ५ ॥

हे नारायण ! विष्णु माधव प्रभो ! गोविन्द दामोदर ।
हे ! हे !! केशव हे !!! त्रिविक्रम सबै त्रैलोक्यका ईश्वर ॥६॥
मेरो पाद कटी शरीर उरमा, घाँटी र जङ्घा मुख ।
आँखा नाक र पेट बाहु करमा, औ गुह्यमा तत्पर ॥ ७ ॥
मै रक्षा गरिबक्सियोस प्रभुले, आएँ शरणमा मत ।
पाऊँ भक्ति हजूरको चरणमा कोटी नमस्कार छ ॥ ८ ॥

भनी न्यास सहित नमस्कार गरी धरित्री चुप लाग्नु भयो ।

श्रद्धा औ भक्ति सहित जसले, नित्य यो ! पाठ गर्ला ।
उस्को सारा विपत भय औ, दुःख सन्ताप हट्ला ॥
गर्ला जो न्यास सहित नमस्कार औ ध्यान प्रीति ।
पूजा, गीत, स्तव हृदयले, नै गरे, मिल्छ सिद्धि ॥

चिन्ता आपत्ति पर्दा वन-पथ हिंड़दा, त्रास मनमा भरिंदा ।
भूत, प्रेत, ग्रहादि प्रमुख छ अथवा, कार्य केही गरिंदा ॥
श्रद्धाले श्रीवराह स्मरण यदि गरे, हुन्छ रक्षा अवश्य ।
मान् वज्राचार्यद्वारा लिखित सब कुरा गर्नु विश्वास नित्य ॥

पहिलो अनुभव

अर्काको गुण, ज्ञान, बुद्धि अनि त्यो !
पाण्डित्य औ विद्वता ।
'आफनो निम्ति हुँदैन ।" आज बुझियो,
अज्ञान भाग्यो अहा ? ॥
अर्काको श्रमबाट उत्पत्ति हुने,
आशा नगर्नु फल ।
आफ्नै बाहु र बुद्धि हो फल दिने,
कस्नु पर्‍यो कम्मर ॥

मेरो तर्फबाट

श्रीवराह पुराण-महात्म्य ।
को यहां अब म गर्छु बयान ॥
बोध हुन्छ मनमा अनुमानी ।
शास्त्रको सुन कुरा बन ज्ञानी ॥

कोकामुख-महात्म्य

(वराहपुराणको १२२ अध्याय)

भन्नु हुन्छ भगवानवराह ।
गोप्यमा परम गोप्य यथार्थ ॥
हे धरित्रि सुन ! खोल्छु म बात ।
राख है ! अब तिमी पनि याद ॥

हे वसुन्धरे ! तीर्यक्‌ योनी भएको त्यस्ता २ पनि अपराधबाट छुटी, आनन्द पाएका छन् । अष्टमी, चतुर्दशी-मा जो मैथुन गर्दैन । जस्को कुसङ्गतद्वारा मनमा नराम्रो विचार भएको छैन । बालक अवस्थैदेखि जो मेरो सधैं व्रत पूजा ध्यानमा मन लगाई रहेको छ । मीठो, न मीठो दुःख सुख जे परेपनि जो आत्तिदैन । माता-पिताको पूजन गर्दछ र धनकै आयस्ताकानिमित्त जो ज्यादै हत्ते हाल्दैन । पाइए-को चिज सबैसित बराबर भाग लगाई बाँड़ी खान्छ । जो गुणी छ । दाता छ । आफु पनि खान लाउन सक्तछ । अर्कालाई पनि दिन सक्तछ । आफैं स्वतन्त्र रहेको छ । कसैको अधीनमा छैन । कर्ममा सिपालु र चतुरो छ । सधैं भरी सम दमबाट इन्द्रियलाई वशमा राखेको छ । नचाहिंदो कर्म कहिल्यै गर्दैन । ब्रह्मचर्य व्रत पालन गर्दछ । सबै भूतप्राणीमा दया गर्दछ । सत्यले युक्त भई रहेको छ । सबै विषय सुख देखी निस्पृह रहेको छ । यी मैले बताएको कुरा जो सधैं पालन गर्दछ । सो मेरो लोक (वैकुण्ड) मा पुग्छ । यो ! गोपनीय देवताले पनि चाह गरिएको नयाँ शरीर भएकी हे वराह रोहे ! पापले रहीत भएकी तिमीलाई सुनाउँछु । जरायु, उद्वीजा, अंडजा स्वेदजा यी कसैको पनि जो कदापि हिंसा गर्दैन । आफ्नो आत्मा शुद्ध गर्नाकोनिमित्त जो सम्पूर्ण भूत

प्राणीमा दया गरी रहेछ । हे देवी ! यस्तै मनुष्यले कोकाको मुखमा प्राण त्याग्न पाउँछ । जस्को मन मेरो नियमबाट गिर्ला भनी सधैं डराई रहन्छ । त्यो मेरो सारै प्यारो छ । यस्तो विष्णुको वचन सुनी धरित्रीले सोधिन- म हजुर्की शिष्य अनि दासी फेरि भक्तछु । हे माधव ! यो अरूलाई गोप्य गराई रहनु भए पनि म माथि कृपा राखी आज्ञा गर्नु हवोस् ।

क्षेत्रमा वाराणसी (काशी) अनि अट्टहास नैमिसारण्य भद्रकर्ण तलाउ यी पुण्य क्षेत्र छोड़ी, किन कोकाको प्रसंशा गर्नु भयो ? नगरमा फेरि द्विरण्ड तीर्थ भरिको शिरोमणि छ । मुक्ति दानी केदारक्षेत्र यस्ता तीर्थ छाड़ी किन कोकाको प्रसंशा गर्नु भयो ? देव दारु बन मुक्ति दिनलाई तयार रहेको छ । त्यस्तै जलेश्वर पापी मानिसकानिमित्त दुर्गम भई रहेको मोहवल मुक्तिदिनाकानिमित्त तयार रहेकालाई छाड़ेर किन कोकाकै प्रसंशा गरिरहनु भएको छ ? गोकर्णक्षेत्र पनि मुक्ति दिन तयार छ । जाल्मेश्वर, एक लिंग त्यस्तै छ । किन यी पवित्र भूमिलाई छाड़ी कोकाकै प्रसंशा गर्नु भयो ? यो मैले सोधेको प्रश्नको खुशी भई हे माधव ! हे महा प्रभु ! उत्तर दिइबक्स्योस् । भगवान् आज्ञा गर्नु हुन्छ—

जुन मैले मिमीलाई सुनाएँ । त्यो कुरा सुनी शंका

गऱ्यौ । बड़ी भाग्यमानी हे भिरू! तिमीलाई रहस्य बताउँछु । त्यो गोपनीय जस्ले गर्दा मेरो प्यारो छ । यी सबै रूद्रका आश्रममा रहेका क्षेत्रहरु हुन् । जुन ऐले तिमीले पुण्य क्षेत्र भनी मलाई सुनायौ—

ए येने पाशुपताश्चैषां कोका भागवतस्यह ।
तत्रान्यत्रे प्रवक्ष्यामि महा ख्यानं वरानने ॥ १ ॥

ती सबै पाशुपति क्षेत्र हुन् । कोका भागवत क्षेत्र हो । सो क्षेत्रको तिमीलाई यति मात्र सुनाउँछु कि, ठूलो बयान भएको हे वरानने! मेरो प्यारो कोका मुखले जेगर्न सक्छ । त्यो! सुन ।मांस आहार गर्न लुब्ध कुनै व्याधा कोकामा सिकार खोज्दै डुलिरहेको थियो। दहमा स्वतन्त्र संग खेलिरहने, थुप्रै माछा देख्यो र बल्छीद्वारा ठूलो माछा फेला पारी पाखा निकाल्यो ।



पछार्न खोज्दा उड्दै गरेको बाजले देखी पक्रेर फेरि उड्यो । ठूलो माछो हुनाले धेरै उड्न सकेन । कहिले नङ्ग्राले कहिले चुचोले पक्रंदै थियो । थाम्न नसकी कोका मुखमा खस्यो र माछाको प्राण त्यहीं गयो । क्षेत्रको प्रभावले त्यो! माछो मानिसको अधिपति राजकुमार भएर जन्म्यो । रुप गुण र यौवनले पनि परिपूर्ण भयो ।

फेरि त्यो ! व्याधाले धेरै मृगहरू मारी मासुको भारी बोकेर कोकै कोका जान लागेको चिलिनीले देखी । अनि

मौका पारी ठूलो डल्लो चोरी बोकेर आकाशमा उड़ी । त्यो देखी व्याधाले वाण हानी त्यस्लाई पनि मेरै अगाड़ि कोका मुखमा झारी मार्‍यो । चिलिनी पनि रमणीय चन्द्रपुर देशका राजाकी सुपुत्री यशस्विनी भई जन्मिई । उमेर रूप गुणमा चौसट्ठी कलाले युक्त भएकी सर्वाङ्ग सुन्दरी राजकुमारीको विवाह तिनै राज कुमारसित भयो । जो माछोबाट कोका मुखको प्रभावले राजकुलमा जन्मेका थिए । धेरै काल संम सुख आनन्द र ऐश्वर्यको भोग गरी केही काल पछि टाउको दुखेको निहूँबाट पितामाताको आज्ञापाएर राजकुमार राजकुमारी लिएर अनेकौं फौज र सवारीकासाथ यही (वराहक्षेत्र) तीर्थमा आए । अनि आफ्नो पूर्व जन्मको वृतान्तकुरा स्मरण भएर पति पत्नीमा एकले अर्कोलाई निजी हाड़का टुक्राहरू देखाई यही तीर्थ

का प्रभावले म यस्ता कुलमा जन्मी हामी दुईलाई यस्तो सौभाग्य प्राप्त भयो। धन्य कोका मुख! भन्दै ती हाड़हरूको त्यहीं संस्कार गरे। आपसमा पनि चिना जान भयो। दान धर्मकर्म व्रत इत्यादि तपस्याद्वारा आत्मा पवित्र पारी अन्त्यमा त्यही कोका मुखमा प्राणत्याग गरी मुक्त भएर श्वेतद्वीपमा गए। भगवान् भन्नु हुन्छ। यो ठूलो पुण्यदायक कथा तिमीलाई सुनाएँ। जो यो! सुनी सम्झी कोका मुखमा गई दर्शन गर्छं। त्यो पनि चिलिनी र माछो जस्तै हुन्छ ॥ ३ ॥

य एतेन विधानेन गत्वा कोका मुखं महत्।
तेऽपि यान्ति परा सिद्धि चिल्ली मत्स्यौ यथा पुरा॥३॥

इति श्रीव० पु० भाषा संक्षिप्त)

पुष्प-माहात्म्य

व. पु. १२३

सुतजी भन्नु हुन्छ—यस्तो कोकाको माहात्म्य सुनी पृथ्वीले धर्मको मर्म बुझेर भगवान् वराहसंग हात जोड्दै भन्नु हुन्छ—

अहो प्रभावः कोकायां माहात्म्यं क्रोड़ रूपिण ।
तिर्यकयोनि गतोवाऽपि प्राप्तार्यत्परमां गतिं ॥ २ ॥

अहो ! प्रभावयुक्त कोकाको माहात्म्य हे क्रोड़ रूपी भगवान् ! त्यस्तो तिर्यक योनिमा पुगिसकेकोलाई पनि परंपद्मा पुऱ्याई दियो । हे देव ! हजुरको प्रसादले म पनि केही जान्ने इच्छा गर्दछु । कुन धर्म तपस्याबाट अथवा के गरी ! मानिसहरूले हजुरको दर्शन् पाउँछन् । भगवान वराहको आज्ञा हुन्छ–हे वसुन्धरा ! अब तिमीलाई शिशिर ऋतुमा गर्ने कर्म भन्छु । जुन कर्म गर्नाले पुरुष परम् गतिमा पुग्छ । चिसो जाड़ो हुन्छ ता पनि मेरो भक्तले योगमा निष्ठा गरी जो केही पुष्प पाइन्छ । हातमा लिई घूड़ा भैंमा टेकी अञ्जुली बाँधी यस्तो मंत्र उच्चारण गरोस् ।

'मंत्र शिशिरो भवान् धात रिमं लोकनाथ ।
हिमं दुस्तरं द्रश्प्रवेशं कालं संसारात्मा तारयेमं ॥

धर्ता त्रिलोकनाथ ! यस्तै र अरू मंत्रबाट समेत शिशिरमा जो कर्म गर्छन् । त्यो मेरो भक्तले परम् सिद्धि पाउँछ । मैनामा मङ्सिर अनि वैशाख मेरा प्यारा छन् । त्यो पनि म भन्छु–फूल आदि चढाउँदा नौ हजार नौ सौ वर्ष विष्णुलोकमा त्यस्लाई आनन्द दिन्छु । सुवासित तुलसी पत्र चढ़ाउनेलाई पनि ठूलो फल दिन्छु । द्वादशीमा या कार्तिक मङ्सिर वैशाक मासमा वनमाला बनाई तुलसीपत्र मिलाई सुगन्धित पुष्प हातमा लिई, चढ़ाउने, कार्तिकमा शाल गन्ध पुष्प चढ़ाउने, मङ्सिरमा कमल गन्ध पुष्प चढ़ाउनेलाई ठूलो फल मिल्छ । विधि नचुकी जो मेरो पूजा गर्छ । त्यस्को जन्म मरण भोक ग्लानी केही रहंदैन । दिव्य हजार वर्ष मेरो लोक (वैकुण्ठ) मा बस्न पाउँछ । संक्षिप्त समाप्त ।

व. पु. १२४ अध्याय

फेरि भगवान् आज्ञा गर्नु हुन्छ-फाल्गुन शुक्ल द्वादशी को दिन् जंगलबाट सुगन्धित पुष्प टिपी सेता पांदुरंगका पुष्पहरू विधिपूर्वक मन्त्र पढ़्दै बड़ो प्रीति साथ अन्तरात्मा देखि हर्षले गदगद हुंदै, कल्मश रत्ति नराखी सुची भई शुद्ध र शान्तमनले जस्ले जानिकन सबै कर्म गर्छ । मन्त्र पनि निश्चयपूर्वक जप्तछ । त्यस्कोकर्मको दोष कर्म विधिले

पूर्ण हुन्छ । विधि च्यूतभए मन्त्रले पूर्ण गर्छ भनी मनो-विकार फाली 'नमो नारायण' भन्दै यो मन्त्र उच्चारण गरोस्—

ओं नमोस्तु देव देवेस शंख चक्र गदा धरः ।
नमोस्तु त्रैलोक नाथ प्रविराय नमोस्तु ते ॥
संपुष्पीत स्नेह वसन्त काले वनस्पते ।
गन्ध रस प्रयुक्ता पस्यश्च मां पुष्पति ।
पाद पेन्द्रं वसन्तकाले समुपागते च ॥

यस्तै विधान गरी मैनामा उत्तम फाल्गुनमा पूजा गर्नाले संसारमा जानु पर्दैन । मेरै लोकमा जान पाउँछ । वैशाक शुक्ल द्वादशीमा शाल पुष्प अथवा अरू रूखका पुष्प बनबाट खोजी ल्याई तन मन लगाई शुद्ध भई मेरो (भगवानूवराहको) पूजा गर्नेलाई ठूलो पुण्य मिल्छ । इत्यादि (संक्षिप्त समाप्त)

माया-वर्णन

व. पु. १२५ अ.

पृथ्वी भन्छिन् 'नाथ ! माया म हेर्छु ।
'पाउँछेउ व्यर्थै क्लेश 'भन्छन् वराह ॥
मेरो माया रूद्र सक्तैन जान्न ।
जान्ने इच्छा गर्दछेउ यत्ति जान ॥

वर्षा भू मा मेघले गर्छ पानी ।
हेर्दा हेर्दै फेरि देखिन्न काहीं ॥
मेरो मायाको सबै सम्झ लीला ।
घट्ने बढ्ने पक्षमा चन्द्र इच्छा ॥

तारा अड्ने चन्द्रमा सूर्य घुम्ने ।
खोला नाला सिन्धुमा दौडि पुग्ने ॥
नाना रङ्गी वायु सञ्चार गर्ने ।
मेरै माया हो महाश्चर्य बढ्ने ॥

सारा प्राणी जीव आत्मा शरीर ।
तृष्णा लोभ क्रोध मोह प्रतीक ॥
जन्मी हुर्की अन्त्यमा मर्नु पर्ने ।
मेरो माया सृष्टि संहार गर्ने ॥

भुल्छन् मायामा तपस्वी र ज्ञानी ।
रूद्र ब्रह्मा इन्द्र औ लोक-प्राणी ॥
मर्द स्त्री औ स्त्री हुने मर्द रूप ।
मेरो माया विम्व सम्पूर्ण बूझ ॥

कुब्जाम्र महिमा

व० पु० १२६

मायाको बल यो ! सुनेर धरणी भन्छिन् वराह प्रभो !
'श्री कुब्जाम्र' भनी भनी मकन जो, आज्ञा भएको छ त्यो ॥
आज्ञाहोस सबै त्यहीं वरिपरी, छन् तीर्थ धेरै कुन ?
आज्ञा गर्नु भयो वराह प्रभुले 'कुब्जाम्र व्याख्या सुन ! ॥
जो कल्याण महात्म्य पुण्य प्रदछन् तीर्थादि धेरै अरू ।
कर्म, स्नान त्यहाँ गरी यदि मरे प्राणी जरा मृत्युको ॥
बन्धन् बाट छुटी अवश्य उसको त्यो ! देह होला सुखी ।
जो सत्रौं युगमा जलामय हुँदा ब्रह्मा स्तुतिले उठी ॥
मारे थें मधु फेरि कैटभदुवैलाई त्यही ठाउँमा ।
देखें रैभ्य मुनि गुणज्ञ चतुरा, मेरो ठुलो भक्तिमा ॥
यौटा हात उचा उठाइ नभमा, सौ वर्ष पत्ता जल ।
मात्रै खाइ बसी सधैं चउरमा, वर्षा र गर्मी सब ॥
ठूलो कष्ट सही गरे तप त्यहाँ, ती फेरि लागे पर ।
गंगाद्वार नजीक आँप-रूखमा, मेरो भयो दर्शन ॥
कुब्जो वृक्षभयो, उसै वखतमा, कुब्जाम्रनै नाम भो ।
जस्को मृत्यु हुनेछ यो ! तरु मुनी त्यो पुग्छ वैकुण्ठमा ॥
मेरो नित्य निवास हुन्छ यसमा, दी रैभ्यलाई वर ।
यो हो पुण्य पवित्र श्रेष्ठ फलदा कुब्जाम्र तीर्थस्थल ॥
चारैतर्फ तलाउ निर्मल कुवा, धारा सबै तीर्थ हुन् ।
तीर्थ-स्नान घुमेर दर्शन गरे भू पार पुग्छन् सुनुन् ॥

वराहक्षेत्रको-प्रभाव

व० पु० १३७ आ०

सुतजी भन्नु हुन्छ—अपराध नाश गर्ने, यस्तो भगवान्‌बाट आज्ञा भएको, सबै भागवतलाई प्रिय लाग्ने, सबै कर्ममा श्रेष्ठ भएका, हे भगवान् हजुरबाट आज्ञा भएको सबै धर्मको सार कुब्जाम्र महत्व सुन्न पाएँ। यो! भन्दा पनि श्रेष्ठ कहीं तीर्थक्षेत्र छैन होला जस्तो लाग्छ। यस्तो पृथ्वीको वचन सुनी वराह भगवान् आज्ञा गर्नु हुन्छ। शुद्ध भएका भागवतलाई प्रिय लाग्ने, मेरो सारै मन परेको अर्कोक्षेत्र छ। स्वही कुब्जाम्र भन्दा माथि कोका मुख (सोकर) वराहक्षेत्र मेरो परम् स्थान छ। सबै संसारलाई मोक्ष दिन सक्तछ। जुन वखत रसातलबाट तिमी (पृथ्वी) लाईल्याएँ। जुन ठाउँमा भागीरथी (आदि गंगा सप्त कौशिकी) बहन्छिन्। मेरा (वराहक्षेत्र) स्थान त्यहीं स्थित छ। धरित्रीको प्रश्नको उत्तर दिंदै भगवान् वराह आज्ञा गर्नु हुन्छ। त्यो! सूकर (वराह) क्षेत्रमा मर्नाले जुन गतिमा प्राप्त हुन्छ। स्नान गर्नाले जुन पुण्य मिल्छ। यसमा जति तीर्थहरूछन्। त्यो वराहक्षेत्रको माहात्म्य सुन। वराहक्षेत्रमा मर्ने पुरुषको दस कुल अघिको दस

कुल पछिको लिई मेरो मुखको दर्शनको प्रभावले स्वर्ग लोकको सुख भोग्न पाउँछ। अनि सात जन्म तक ठूलो कुलमा जन्मी धनधान्य रूप गुणयुक्त भई मेरो आज्ञा पूजा भक्तिमा रत भई जन्मिन्छ। जो मानिस धर्म कर्ममा रत भई मर्नानिम्ति मेरो प्यारो क्षेत्रमा गई प्राण त्याग गर्छ। त्यो क्षेत्रको प्रभावले शङ्ख चक्र गदा पद्म धनु हातमा लिने विष्णुरूप भई, श्वेतद्वीपमा निवास गर्न पाउँछ। अरू पनि सुन। यो क्षेत्रको तीर्थमा स्नानगर्नाले परम् गति प्राप्त हुन्छ। हे महाभागे! चक्रतीर्थ भन्ने त्यहाँ प्रसिद्ध छ। सो चक्रतीर्थमा नियत शुद्ध भएको मानिस वैशाक द्वादशीको दिन् जसले विधिपूर्वक स्नान गर्छ। दस हजार दस सय बर्ष धन धान्य ऐश्वर्यले युक्त भई ठूलो कुलमा जन्म लिन्छ। मेरो कर्ममा रत भएको अपराध केही नभएको मेरो भक्त भई संसार सागर सहजै पार गर्छ। मेरो (चतुर्भुजी नारायण) स्वरूप भई वैकुण्ठमा बस्न पाउँछ। चक्रतीर्थमा मरण हुनेको फल यस्तो छ। भगवान्‌को यस्तो वचन सुनी हात जोड़ी मधुर वाणीले धरती भन्नु हुन्छ–यही वराहक्षेत्रमा चन्द्रमा पनि सन्तोष पाई गएकाछन्। भन्ने सुनेको छु त्यो! आज्ञा हवस्। भगवान् वराह आज्ञा गर्नु हुन्छ–हे पाप रहीत पृथ्वी सुन! सोमको आराधनाले खुशी भई

दर्शन दिएँ। ज्यादै तेज देखी सोमलाई त्यस्तरी आँखा चिम्लेर हात जोड़ी खड़ा भएको देखी तिम्रो मनमा लागे को इच्छा सबै पूर्ण गर्छु। जे इच्छा छ भन।' मेरो यस्तो वचन सुनी ग्रहका पति सोम मधुर बोलीले भगवान्! हजुर मसंग सन्तुष्ट हुनु हुन्छ भने हे जनार्दन! लोकनाथ जहाँसंम ई मही रहन्छिन्। हजुरको भक्ति मलाइ रही रहोस्। हजुरद्वारा स्थापना भएको मेरो रूप सातै द्वीपभ्राट देखियोस्। यज्ञमा जो ब्राह्मण सोम पिउँछ ती पनि विष्णुको दिव्य गतिमा जाउन्। अमावश्यमा क्षीण कला हुंदा पनि पितृको पिँडादि कार्य हवस्। सोमको दर्शन गर्नें-हरूको कल्याण हवस्। अधर्ममा मेरो बुद्धि न जावस्। औषधीको मालिक होऊँ। आदि मध्ये रहित हे प्रभु! म माथि प्रसन्न हुनु हुन्छ भने, यही वरदान बक्सियोस्। तिनीलाई त्यही वर दिएर म त्यहीं अन्तर्ध्यान भएँ। जो मेरो भक्त अष्टमीका दिन सो सोमतीर्थमा गई स्नान ध्यान मेरो भक्ति पूजा गर्छ। त्यो जुनठाउँमा पाँच हजार बर्ष उर्ध मुख गरी पाँच हजारबर्ष एक पाउ टेकी उग्र तपस्या गर्ने जस्तै तीस हजार तीस बर्ष स्वर्ग भोग गरी ठूलो कुलमा जन्मी धनी गुणी मेरो भक्ति गर्ने र सबैमा बराबर बाँडी खाने अपराध रहितको भई ब्राह्मण कुलमा जन्म लिन्छ। त्यो! सोम तीर्थ को चिन्ह पनि बताउँछु सुन।

वैशाक शुक्ल द्वादशीको रातमा अन्धकार भई केही नदेखिने वेला, चन्द्रमा रहित की भूमि चन्द्र जस्तै उज्यालो देखिन्छिन्। चन्द्र त्यहाँ देखिंदैन। हे महाभाग्य वराह क्षेत्रमा सोमतीर्थ प्रख्यात छ। यस्मा स्नान गर्नै पापबाट छुटने छ। अरू पनि सुन। यसको पूर्व पार्सोमा गृद्धवट तीर्थ छ। जहाँ सकामी गिद्ध मरी मानिस भएको थियो। पृथ्वीले आश्चर्य मानी सोधिन्। त्यसको उत्तरमा भगवान् वराह आज्ञा गर्नु हुन्छ।

त्रेता युगको बखत सबै मेरो कर्ममा रत थिए। धर्म नीष्ट कपील पुरमा ब्रह्मदत्त नाम गरेका राजा थिए। सबै लक्षणले युक्त तीनका पुत्र सोमदत्त नाम गरेका पितृ-कार्य क्वानिमित्त शिकार खेल्दै हिड़ेका थिए। शिकार केहीपनि नपाएर दाहिनेपट्टि स्यालिनीलाई देखी वाण हाने। पीड़ा र घामको रापले व्याकुल भई त्यो! स्यालिनी सोम तीर्थमा पुगी मरी। भोकले पीड़ित भएका राजकुमार विश्रामका निमित्त गिद्धवट मुनी गए। हाँगामा बसेको गिद्धलाई देखी वाण हानी मारेर त्यहीं नै खसाले। अनि खुशीले पखेटा काटी राजकुमार घर फिरे। आकाशमा मरे पनि तीर्थ को प्रभावले त्यो गिद्धरूप गुण र ज्ञानलेयुक्त कलिंग राजाको कुमार भएर जन्मे। स्यालिनी चाहीं चौसट्ठी कला र रूप गुण शीललेयुक्त सर्वाङ्ग सुन्दरी कानची राज

पुत्री हुन पुगिन् । बढ्दै गएर धेरै काल पछि कलिङ्ग राज पुत्रको र कानची राजपुत्रीको विधिपूर्वक विवाह भयो । दिनो दिन बढ्दो प्रेम सहित धन रत्न ऐश्वर्ययुक्त राज्य सुख भोगे। नन्दन बन जस्तै वन उपवनमा पनि आनन्द विहार गरे । पिताद्वारा सौंपिइएको राज्यशासन-भार सम्हाल्दै पाँच पुत्रहरू पनि प्राप्त भए ।

एक दिन व्रत गर्ने बहानाले एकान्त स्थानमा बसी शिर दुख्ने व्यथाले व्याकुल भएकी पतिव्रता प्यारी रानीलाई रोइरहेकी देखेर शिर दुखेको कारण राजाले जान्न खोजे । वराहक्षेत्र पुगेपछिमात्र बताउँछु भनी रहस्य गुप्त राखेकीले स्त्रीको दुःखमा दुःखित भएका सत्यनीष्ट राजा आफ्ना जेठा छोरालाई राज्यभिषेक गरी अति बुद्धि र राज नीति ज्ञान सिकाई मन्त्रीलाई 'राम्ररी हेर चाह गर' भनी अह्राई सम्पूर्ण ऐश्वर्य र राज्य-सुखलाई तिलाञ्जली दिई प्रजाहरूको चित्त विह्वल पारी अठहत्तर वर्षको अवस्था मा लावा लश्करसहित धेरै दिनमा वराहक्षेत्र पुगे । पुग्ने वित्तिकैदेखि धर्म कर्म दान पूण्य पनि धेरै गरे ।

अब मैले सोधेको कुराको जवाफ खोई त ? भन्ने राजाज्ञा सुनी, दुबै पाउ समाई व्रत गर्ने आज्ञा मागिन् । तीन रात्री त्यहीं बसी विष्णुको आराधना गरिन् । अनि शुद्ध वस्त्र लगाई फेरि पतिको चरणमा शिर राखी नाथ !

ऊ त्यहाँ सवारी होस् भनी हात समाती रानीले भनिन्—हे नाथ ! अघिल्लो जन्ममा म स्यालिनी थिएँ । सोमदत्तको वाणले मरी यो शिरमा गाडिएको वाण हेरी बक्सियोस् । यसैले मेरो शिरमा वेदना भईरहेकोछ । अनि कानचीराज पुत्री भएर जन्मी हजुरकी पियारी भएकीछु । यस्तो सिद्धि दिने यो वराहक्षेत्रलाई मेरो नमस्कारछ । यस्तो पत्नीको वचन सुनी राजा भन्छन् । 'म गिद्ध हूँ' हे महा भागे ! सोमदत्तकै वाणले मरी अहिले कलिंग देशका राजा भई रहेकोछु ! त्यस्तो । हुँदा पनि यस्तो योनी दिने यो पुण्य क्षेत्रलाई नमस्कार छ । भनी सबै प्रजालाई फर्काई आफुहरू त्यहीं बसे । तपस्यागरी देह छाड़ेर अन्त्यमा श्वेतद्वीपमा गएर आनन्द साथ रहे । हे भूमि यो ! क्षेत्रमा स्नान गर्नाले दस हज्जार र दस सयवर्ष नन्दावनमा आनन्द साथ बस्न पाउँछ । स्वर्गबाट भ्रष्ट भए पछि ठूलो कुलमा मेरो भक्त भई जन्मन्छ । गिद्धवटमा स्नान गर्ने नौ हज्जार नौ सौ बर्ष देवता भई स्वर्गमा बसी स्वर्गबाट झरे पछि मेरो भक्त भई ठूलो कुलमा जन्मन्छ । स्नानको मात्र यस्तो फल छ । तिमीले सोधेका कुरा बताएँ । भन्ने भगवान् वराहको वचन सुनी पृथ्वी भन्नु हुन्छ—के कर्म ले त्यहाँ स्नान गर्न अथवा मर्न पाउँछ ? आज्ञा होस् । वराह भगवान् भन्नु हुन्छ । अघि पूर्व जुनीमा राम्रो धर्म

गरेको, केही कर्म दोषले तीर्थ योनी पाएको, जन्म जन्मान्तर को तीर्थ स्नान जप दानको पुण्यले तीर्थमा देह त्याग गर्न पाउँछ। धेरै अथवा थोरै भए पनि जन्म जन्मान्तरको पुण्यको उदय नभई तीर्थमा मरण हुंदैन। ती स्यालिनी गिद्धको पनि अघिको पुण्यले पाप क्षीण भई अघिको स्मृति भयो। र श्वेतद्वीप पाएका हुन्। जुन ठाउँमा सूर्यले छोरा पाउन चन्द्रायण व्रतसाथ १० हज्जार वर्ष वायु भक्षणगरी तपस्या गरेर मलाई खुशी पारे। अनि मेरा वरदानले यम र यमुना छोरा र छोरी भय। आदित्य पनि महा धन दान गरी गए। यो पुण्य दायक वराहक्षेत्रमा जो अष्टमीको दिन ध्यान पूजा गर्दछ। त्यो दश हज्जार वर्ष सूर्य लोकमा बस्न पाउँछ। अथवा वराहक्षेत्रमा मर्ने मानिस यम लोकमा जानु पर्दैन। यो कथामाको ठूलो कथा क्रियामाको ठूलो क्रिया हो। यो क्षेत्रमा जति जप संध्या उपासना मन्त्र पाठ गरिन्छ। ती सबै भगवान्‌को प्यारो हुन्छ।



पूजा-माहात्म्य

व. पु. १३८ अ.

पुण्यदायक यस्तो यो! वराहक्षेत्र-माहात्म्य छ ।
सुनी पृथ्वी गरी विन्ति भनिन् आज्ञा हवस् अझ ॥
अब यो! क्षेत्रमा गीत गाई बाजा बजाउने ।
बढारेर सधैं लिप्ने, जल अन्न खुवाउने ॥
चन्दन, फूल, नैवेद्य, धूप, दीप, चढाउने ।
जप पूजा र यज्ञको फल के के छ पाउने ? ॥
धरा! सोध्यौ, बताउँछु सबै यो! बात लौ! सुन! ।
भनी आज्ञा भयो नाथ वराह प्रभुले पुनः ॥
वराहक्षेत्रमा पक्षी खञ्जरीत अजीर्ण भै ।
झुक्रिई मर्न लागे छ देखी बालकले छिटै ॥
समाई खेल्न लाग्दैथ्यो 'मलाई दे मलाई दे' ।
भनेर झगड़ा गर्दा, रिसाहाले थुती लगे ॥
अनि गङ्गाजीमा फ्याँके सोम तीर्थ नजीकमा ।
खञ्जरीत मऱ्यो । जन्म्यो, वैश्य पुत्र बनी वहाँ ॥
धन रत्न गुण रूप युक्त केटो बढ़ीकन ।
हुँदा बाह्र अवस्था ती पिता माता लिईकन ॥
वराहक्षेत्रमा आए गरी त्याग सुखादिको ।
दान, धर्मार्थ कार्यादि गरे वैशाक माघमा ॥
अघिल्लो जन्मको बात बताई पितृ मातृमा ।
देह नश्वर त्यागेर गए ती श्वेत द्वीपमा ॥

वराहक्षेत्रमा बढ़ाड्ने लिपी जल छर्किने र गीत-माहात्म्य

व. पु. १३९ अ.

भगवान् वराहजी भन्नु हुन्छ—हे देव ! यो तत्व कुरा तिमीलाई सुनाउँछु। लेपन गर्नाले मात्र पनि जो फल हुन्छ। गाईको गोवर ल्याई मेरो (वराह भगवान्को) अगाड़ि जस्ले लिप्त छ। त्यस्ले जति पाइला लिपेको छ। त्यति दिव्य हज्जार वर्ष स्वर्गको भोग गर्छ। यदि १२ वर्ष जस्ले लिपी रहन्छ। त्यो ठूलो धनी मानिस भई जन्मी अन्त्यमा कुशद्वीप-मा हजार वर्ष रही त्यो मेरो भक्त राजा भई जन्मन्छ। फेरि सबै शास्त्रको सार जानी सबै धर्ममा रही, परम् गति पाउँछ। हे देवी जस्ले मेरो (वराहको) निम्ति मन्दिर बनाउँछ। त्यो पनि (मेरो लोक) वैकुण्ठमा जान्छ। गोवर लिप्नाले, माटा पोत्नाले पाइला पिक्षेको हजार वर्ष स्वर्ग भोग गरी सालमलीद्वीपमा आनन्द भोग्दै एघार हज्जार एघार सय बर्ष बस्न पाउँछ। त्यहाँबाट खसे पछि धार्मिक राजा भई मेरो भक्त बनिन्छ। १२ वर्ष मेरा अगाड़ि गोवरले लिप्ने मानिस, भूमिमा गंगा जल (कोका कौशिकीको पानी) छर्की शुद्ध गराउने मानिस जति थोपा पानी त्यस्को हातबाट खस्तछ। त्यति हजार वर्ष स्वर्गलोकको भोग गर्छ। स्वर्गबाट च्यूत भए

पछि क्रोञ्च द्वीपमा जन्मन्छ। अनि च्युत भई धार्मिक राजा हुन्छ। त्यो धर्मले श्वेत द्वीपमा पनि जान्छ। मेरो अगाड़ि बढ़ाइने त्यो शुद्ध भागवत् जस्तो मेरो प्यारो अपराध रहित भई बढ़ाइदा जति धुलाहरू उड़ेकाछन् त्यति सय बर्ष स्वर्गलोकमा आनन्दसित भोग गरी धेरै बर्ष साका द्वीपमा गई सुख भोग्छ। त्यहाँबाट धार्मिक राजा भई धेरै बर्ष पृथ्वीको भोग गर्छ। फेरि त्यो भक्त श्वेत द्वीपमा गई आनन्द गर्छ। अरू पनि सुनाउँछु—गान गर्ने मानिस पनि त्यस्ले जति पङ्ति अक्षर गाउँछ त्यति हजार बर्ष त्यो ! मेरो भक्त इन्द्रलोकको सयल गर्छ। त्यहाँबाट रूप गुण श्रेष्ठ वेद जान्ने, मेरो पूजा समेत गर्ने, भक्त धेरै कालसम्म स्वर्ग नन्दन वनको सयल गरी परम वैष्णव भई मेरो वेश भक्ति साथ गायन गर्दै मेरो प्रसादले आत्मा शुद्ध गराई मेर (वैकुण्ठ) लोकमा जान्छ।

यमको उद्धारणमा भगवान् वराहले पृथ्वीलाई यौटा इतिहास बताउँनु भयो। जस्मा भक्त चाण्डालले कार्तिक द्वादशीको राती जागरण बसी श्रद्धा र भक्ति सहित गाएको गीतको चौथाई पदको फल संकल्प गरी, ब्रह्म राक्षसलाई दिंदा, संपूर्ण पाप नष्ट भयो। अनि दिव्य देह धारण गरी चाण्डालकै अगाड़ि अघिको ब्राह्मणकै शरीर त्यो ब्रह्म राक्षसले पायो। गीतको यस्तो प्रभाव छ

हे देवी ! जो मानिस कार्तिक द्वादशीमा अथवा अरू दिन पनि मेरा अगाड़ि गीत गाई जागरण बस्तछ। त्यो ! सबैको संग त्यागी मेरो (वैकुण्ठ) धाममा पुग्न पाउँछ। जुन गीतको शब्दले संसार सागर तर्दछ। यस्तो गीतको माहात्म्य सुनाएँ।

वाद्य नृत्य तथा फूल माहात्म्य

श्रीवराहजी आज्ञा गर्नु हुन्छ—बाजा बजाउनेको पनि माहात्म्य सुनाउँछु। जस्बाट मानिसहरू देवता तुल्य सबल हुन्छ। त्यस्ले प्रयोग गरेको तालले गर्दा, नौ हजार नौ सय वर्ष कुबेर भवनको आनन्दसाथ भोग गर्छ। कुबेर भवनबाट झरे पछि स्वच्छन्द भई ताल स्वर मिलाई मेरो (वराह भगवान्‌को) गीत गाउँदै, मेरो भक्ति गर्दै अन्त्यमा वैकुण्ठ पुग्छ। नाच गर्नेको पनि माहात्म्य सुनाउँछु—मेरो अगाडि नृत्य गर्ने तीस हजार तीस सय वर्ष स्वच्छन्द साथ पुष्कर द्वीपमा आनन्द भोग गरी रूप, शील र गुणवान भई आखिर संसारबाट मोक्ष पाउँछ। जो नाच वाद्य गीत गरी मेरो अगाडि जागेर रात काट्छ। त्यो यही जम्बु द्वीपको राज्य भोग्ने राजा हुन्छ। सबै धर्म कर्म जान्ने पृथ्वी पति भई अन्त्यमा त्यो ! मेरो भक्त विष्णुको गति पाउँछ। जुन भक्तले मेरो

(वराहको मूर्ति शिला) शरीरमा फूल चढ़ाउँछ । जति फूलको पात चढ़ाएको छ । त्यति हजार बर्ष पुष्कर द्वीप भई मेरो धाममा जान्छ। मेरो भक्तलाई सुख दिने यी गोप्य कुरा सुनाएँ।

वराहक्षेत्र-तीर्थमहात्म्य

व० पु० १४० अध्याय

धरतीले भनिन्—हे देब ! हजुर बस्ने ठाउँ (वराह-क्षेत्र) को माहात्म्य हजुरलाई सोधी रहेछु । कुन ठाउँमा हजुर सधैं राज हुन्छ ? त्यो पनि आज्ञा होस् । कुन ठाउँमा हजुरको स्थान (क्षेत्र) छ ? जुन ठाउँमा मूर्ति आकृति लिई हजुर राज हुन्छ । कुन ठाउँमा के गर्दा मानिसले उत्तम गति पाउँछ ? श्रीवराह भगवान् आज्ञा गर्नु हुन्छ । हे देवी ! भक्तकामाथि करूणा राखी म जुन ठाउँमा बस्छु। त्यो कुरा सुन ! अघि तिमीलाई मैले भनेको 'कोका-मुख' भन्ने ठाउँमा 'वदरी' भन्ने पर्वत राजको ढुङ्गा मुनी स्थान छ । त्यस्को 'लोहार्गल' भन्ने नाम प्रख्यात छ। त्यो ! ठाउँ म्लेच्छ राजको आश्रयमा छ। छिनमात्र पनि म त्यो ठाउँ छाड्दिन । यसमा शंका नमान। तिमीले यो ! कुरा विश्वास गर । मलाई यो ठाउँ, चराचर सबै ठाउँ, उत्तिकै छ । सर्व व्यापक छु ता पनि मेरो यो गोपनीय तत्व जो जान्दछन् ।

तिनी एकछिन् पनि विलम्ब नगरी कोका-मुखमा गइ-हाल्छन् । यस्तो भगवान्को वचन सुनी शिरमा अञ्जली बाँधी, पृथ्वी भन्नु हुन्छ । सबैं यो ! हजुरकै न हो, फेरि कोकामुख मात्र प्यारो भएकोले मलाई आश्चर्य लाग्यो । भगवान्को आज्ञा हुन्छ-कोकाको मुख जस्तो क्षेत्र अरू छैन । कोकाको मुख जस्ता शुद्ध अरू छैन । कोकाको जस्तो स्थान अरू छैन । कोकामुख जस्तो प्यारो मेरो अरू छैन । जो जान्ने मानिस कोकाको मुखमा गई आफ्ना आत्मकल्याण गर्न इच्छा गर्छ । हे धरे ! अघि तिमीले (कोकामुख माहात्म्य १२२ अध्यायमा) भनेकी जति जतिक्षेत्र तीर्थछन् । यो कोकामुख जस्तो ता न अघि भयो । न पछि होला । मेरो यो ! पृथ्वी धारण गर्ने परम् मूर्ति गोपनीय छ । कोका मुख नामले बसेको छु कोही जान्दैनन् । धरणी भन्छिन्–हे देव ! देव, महादेव ! भक्तलाई अभय दिने प्रभो ! जति गोपनीय क्षेत्र तीर्थ कोकामाछन् त्यो पनि आज्ञा होस् । भगवान् वराह भन्नु हुन्छ—हे धरे ! जुन कुरो तिमीले सोध्यौ ! त्यो ! कोका मुख रमाइलो भूमिको महिमा सुन ! जलका विन्दु वा थोपा भईमा वा पर्वत मा झर्दछ । त्यो ! ठाउँमा गुह्य कर्म गर्नु । वैकुण्ठ जान पाउँछ । कोका या मेरो मण्डलमा 'विष्णु धारा' भन्ने विख्यात छ । पर्वतबाट मुसलझैं खसेको छ । स्नान र उपासना गर्ने मानिसले

हजारौं अग्नि यज्ञको फल पाउँछ। उत्तम फलको कामना गर्ने पुरुष मायाबाट पनि मोहित नभई मेरो बाटो पक्री ठूलो कुलमा जन्मी पछि मेरै धाममा पुग्छ। जो यो ! बिष्णु धाराको आश्रयमा प्राण त्याग्छ। त्यसले मेरो परम मूर्तिको दर्शन पाउँछ। 'विष्णुपद' नाउँको स्थान कोका मुखको आश्रितमा छ। यो हे धरे ! वराहको संस्मृत (आश्रय) कसैले पनि जानेका छैनन्। हे देवी ! त्यहाँ एक रात पानीमात्र खाई उपासना गर्नाले मेरो भक्तिको प्रभावले क्रोञ्च द्वीपमा जन्मन्छ। त्यो! मेरो गुह्येश्वर स्थानमा प्राण त्याग गर्ने सबैको संग त्यागी मेरो लोकमा जान पाउँछ। जुन ठाउँमा म तिमीलाई लिई खेली रहन्छु। त्यो 'विष्णु सर' (तलाउ) हो। जुन ठाउँमा तिमीलाई मैले आफ्नो दाह्राले ल्याएको छु। त्यहाँ प्रातःकालमा स्नान गर्ने मानिस सबै पापबाट शुद्ध भई मेरो लोकमा जान्छ। 'सोमतीर्थ' भनी प्रख्यात छ। कोका र मेरो मण्डलमा 'विष्णु शिला' नामाङ्कित छ। जो पाँच रात्री उपासना र स्नान गर्छ। त्यस्ले गोमेधको फल पाई मेरो भक्ति गर्ने हुन्छ। अनि प्राण त्याग गर्ने मानिस सबै पापबाट मुक्त भई आत्मा शुद्ध गराई मलाई देख्दछ। 'तुंग कूट' भन्ने मेरो र कोका मण्डलमा प्रख्यात छ। चार धारा पर्वतबाट त्यहाँ खसी रहन्छ। पाँच रात्री उपासना र जो स्नान

गर्छ। त्यो! कुशद्वीप भई मेरो धाममा पुग्छ। 'अनित्य आश्रम' भन्ने क्षेत्र मेरो कर्म गर्नेलाई सुख दायकको छ, यो! देवताहरूले समेत जान्न सकेका छैनन्। अरूले के जानुन्? एक अहोरात उपासना र स्नान गर्ने मानिस मेरो कर्मपरायण हुंदा पुष्कर द्वीपमा जान पाउँछ। त्यहाँ शरीर छाड़ने मानिस सबै पापबाट मुक्त भई मेरो लोक जान्छ। तिहीं मेरो अगाड़ि गोपनीय 'अग्निसर' (तलाउ) छ। गिरी कुञ्जबाट पाँच धारा खस्छ त्यहाँ पनि पाँच रात उपवास र स्नान गरे। मेरो कर्म परायण भई त्यो! मानिस कुश द्वीपमा जान पाउँछ। ठूलो कर्म गरी त्यहाँबाट प्राण मुक्त भएपछि कुश द्वीपबाट भ्रष्ट भई ब्रह्मलोक जान्छ। 'ब्रह्म सर' नाम गरेको मेरो परम् गोपनीय क्षेत्र छ। जुन ठाउँमा एक धारा पुष्प भूमिको शिला मुनी खसी रहन्छ। त्यहाँ पनि पाँचरात उपासना र स्नान जो गर्छ। त्यो विष्णुको भक्ति बाटो लिने मानिस सूर्यलोकमा गई बस्न पाउँछ। यहींनै जसले प्राणत्याग्छ। 'सूर्य धाराको' आश्रयले गर्दा सूर्य लोकको बाटो गरी मेरो लोकमा गई बस्छ। अनि 'धेनु वट' नाम गरेको मेरो गोपनीय क्षेत्र छ। त्यहाँ हे देवी! ढुङ्गाको माथि देखि एक धारा खसी रहन्छ। त्यहाँ एक एक दिन स्नान गर्ने अनि सात रात उपासना गर्ने मानिस मेरो कर्मको आश्रयले

सात समुद्र स्नान गरेको पुण्य पाई सबै ज्ञान हृदयमा झल्काउँछ। मलाइ हृदयमा राखी त्यो ! सातै द्वीपमा घुम्न पाउँछ । अनि यहींनै जस्ले प्राण त्याग गर्छ । त्यो मेरो भक्त स्वच्छन्द साथ सातै द्वीपमा पुगी आखिर वैकुण्ठ वास हुन्छ । 'धर्मोद्भव' नाम गरेको त्यही क्षेत्रमा मेरो बड़ो प्यारो गिरी कुञ्जबाट एक धारा खसेको छ । त्यहाँ एक रात उपासना र स्नान गर्ने मानिस मेरो बड़ो प्यारो हुन्छ । त्यो! गोप्य शिला मुनी प्राण त्याग गर्नेले दक्षिणा-सहित यज्ञ गरेको पूर्ण फल पाउँछ । अनि 'कोटीवट' गुह्य क्षेत्र मेरो प्यारो छ । वटको मूल हुँदै एक धारा खसेको छ । त्यहाँ रात्री भर उपासना र स्नान जो गर्छ त्यो पर्वतका टाकुरामा जति पत्रहरू छन् त्यति हजार वर्ष मेरो (विष्नु) रूपलिई वैकुण्ठ गई बस्त छ । मेरो भक्ति मार्गको आश्रय गरी त्यहाँ प्राण त्याग गर्ने मानिस कठीन दुष्कर्म बन्धनूबाट मुक्त भई अग्निको जस्तो वर्ण लिई मेरो धाममा जान्छ । 'पापमोचन' नाम गरेको बड़ो गोप्य तीर्थ यहीं माथि छ । त्यहाँ एक धारा ठूलो घैंटो जस्तो झरिरहन्छ । जो यहाँ अहोरात्र उपासना र स्नान गर्छ । त्यो ! मेरो कर्म गर्ने चतुर वेदमा पारङ्गत भई जन्मन्छ । यही कौशिकी नदीको आश्रयमा रहेको यो तीर्थमा जसले प्राण त्याग अथवा पाँच रात्री उपासना र स्नान गर्छ । त्यो मेरो मार्गलागेको

मानिस आनन्दसाथ इन्द्रलोकको भोग गर्छ। अनि इन्द्रलोकबाट मेरो (वैकुण्ठ) लोकमा जान्छ। (यो! वराह क्षेत्रबाट चतरा जाने एक माइल बाटोमा बायाँ पट्टि पर्छ। यसैको दायाँ पट्टि) 'व्यसन' नाम गरेको बड़ो गुप्त खोल्सो छ त्यो पनि कौशिकी नदीकै आश्रय लिई बगेको छ। त्यहाँ एक रात्री उपासना र स्नान जस्ले गर्छ। त्यसले ठूलो यमको व्यसन हेर्नु पर्दैन। अनि मेरो कर्म गर्ने मानिस जो त्यहाँ प्राण त्याग गर्छ। त्यो सबै पापबाट शुद्ध भई मुक्ति पाई मेरो (वैकुण्ठ) लोकमा पुग्न पाउँछ। (यहींबाट दायाँ पट्टिको उकालो चढेपछि भेटिने पाहाड़ै रसिलो भएर झरेको स्वच्छ र शीतल तुर्तुरे धाराको) 'मतङ्ग हात्ती' नाउँ प्रख्यात छ। त्यो परम् क्षेत्रको श्रोत कौशिकी नदीकै आश्रयमा बगी रहेछ। त्यहाँ एक रात्री उपासना गरी जो मानिस स्नान गर्छ। त्यो किं पुरुष रूप भई इन्द्र लोकको बाटो गरी मेरो लोक मा बस्न पाउँछ। यसमा केही शंका छैन। (अनि यहाँ बाट अक्करको बाटो पर ओरालोमा भेटिने) 'वज्र भव' नाम गरेको गोप्यश्रोत खोल्सो कौशिकी को आश्रयमा बहेको छ। त्यहाँ एक रात्री उपासना र जो स्नान गर्छ। त्यो शक्र लोकमा शरीरमा वज्रको चिन्ह भएको स्नानको प्रभावले इन्द्र तुल्य भएर बस्ने छ। यसमा शंका छैन।

मेरो चिन्तन गर्दै त्यहाँ प्राण त्याग्यो भने इन्द्रलोकको बाटो गरी बैकुण्ठ जान्छ ।

भगवान् श्वेतवराह

यसको नजीकै वराहक्षेत्र जाने बाटो नेर दाहिने पट्टिको गुफामा श्रीश्वेतवराह भगवान्ले पानीदेखि शिरमात्र निकाली केही उन्नत थुतुनो पारी जगत्लाई धारण गरिरहेको भव्य आकार ढुङ्गाको छ । यात्रीहरूले अरू तीर्थको भन्दा पहिले यिनै श्वेतवराहको श्रद्धा भक्तिले दर्शन पूजन गर्नु पर्छ । किन ? की यो अवतार आदि वराह र वराह भन्दा पहिलेको हो । अनि महत्व पूर्ण पनि छ । जस्को उच्चारण 'श्रीश्वेतवराहकल्पे' भनेर सङ्कल्पमा गर्छौं । त्यो यही श्वेतवराह पर्वताऽऽकार मूर्ति हो । देवता र दानवहरूको युद्ध हुंदा सुमेरु पर्वतको टुप्पो पृथ्वीमा झरी वेङ्कटाचल पर्वत नामले स्थित भयो । त्यही वेङ्कटाचल पर्वतको शिखरमा भगवान् विष्णुले श्वेत वराह अवतार लिनु भएकोले श्रीवेङ्कटेश्वरले पनि वहाँको नाम प्रसिद्ध छ । यो मूर्ति उनै वेङ्कटेश्वर श्वेतवराह रूप भगवान् विष्णुको हो । यसैको ठीक मुन्तिर कोल्टो र चेप्टो श्रीगुप्तवराहको गुफा छ । बर्षाकालमा कोशीले ढाकिएको हुन्छ ।)



भगवान् श्रीश्वेतवराह (गुफा भित्र स्थित)



भगवान् वराह भन्नु हुन्छ त्यहाँबाट त्रिकोशमात्र मेरो गुह्यक्षेत्र छ। (अब कोका खोलाको शिरानतर्फ जानु पर्छ। जहाँ स्त्री रूप कोका र वराह भगवान्लाई पुज्न आउने इन्द्रको समागम भएको थियो) त्यहीं कोकाको शिला मुनी 'शक्र रूद्र' भने प्रख्यात छ। त्यहाँ तीन रात्रीउपासना गरी स्नान गर्ने मानिस जुन ठाउँमा जम्बुका फल झर्दछ। त्यो! जम्बुद्वीपमा जन्मी त्यहाँबाट मेरो पार्श्वमा आउँछ यहीं नै ठूलो गोपनीय क्षेत्र छ। जसमा मर्नाले मानिस संसार सागरबाट तर्दछ।

द्रष्टांकुरेति विख्यातं यत्रकोका विनिष्टता।
एयग्दुह्यं न जानन्ति यतो मुन्चन्ति जन्तवः ॥९०॥

'द्रष्टांकुर तीर्थ' दाराको अँकुर प्रख्यात छ। जहाँबाट कोका निस्केकी छन्। (भगवान् वराहले यहाँ आफ्नो दाह्रा गाड़ी पृथ्वीलाई धारण गर्न खोज्दा मुखको कुनाबाट राल चुहाउनु भयो। अनि त्यहींबाट कोकाको उत्पत्ति भएको हो भन्ने वराह पुराणमा बयान छ।) यो! बड़ो गोपनीय छ। कसैले पनि जानेका छैनन्। जुन ठाउँमा प्राण त्याग गर्नाले मानिस मोक्ष हुन्छ। हे भद्रे! अहोरात उपासना गरी सो जल मात्र खाई जो बस्छ। त्यो! मेरो कर्म गर्ने सालमली द्वीपमा गई जन्म पाउँछ। त्यहाँ प्राण त्याग गर्ने भक्त मेरो समीपमा आई बस्तछ। त्यहीं क्षेत्रमा

परम् गोप्य रहेको ठूलो फल र मेरो भक्तलाई सुखदिने 'विष्णुतीर्थ' प्रख्यात छ। त्यहाँ पर्वत मध्येबाट कोकामा तीन स्रोत खोल्सा खसी रहेको छ। हे महाभागे! सबै संसारलाई मोक्षदिने छ, त्यो भूमिको जलमा स्नान गर्ने मानिस वायुलोकमा प्राणीको आधार भई बस्छ। त्यहाँ मेरो कर्म गरी प्राण त्याग गर्नेले वायुलोक भई मेरो (वैकुण्ठ) लोकमा बस्न पाउँछ।

कोका कौशिकी संगम

तीर्थ–माहात्म्य

अस्ति तत्र वरं स्थानं संगमं कौशिकोकयोः।
सर्वकामिकेति विख्याता शिलातिष्ठतिचोत्तरे ॥ ७७ ॥

'कोका कौशिकी संगममा ठूलो स्थान छ।' 'सर्व-कामिका' भनी प्रख्यात भएको शिला पनि उत्तरतर्फ रहे-को छ। त्यहाँ अहोरात्र उपासना गरी जो मानिस स्नान गर्छ। त्यसको वंश फिंजिएर आत्माको उद्धार गर्ने हुन्छ। स्वर्ग अथवा भूमि जुन २ कामनाले मानिस सो शिला छुनी स्नान गर्छ। त्यो! २ पाउँछ। अनि यहींनै मेरो कर्म गर्ने जुन मानिसले प्राण त्याग गर्छ। सबैको संग

छोड़ी त्यो ! मेरो लोकमा पुग्न पाउँछ। अनि 'मत्स्य शिला' नामको गुह्यतीर्थ शिला कोकामुखमा ठूलो छ। त्यहाँ धारा खसेको कौशिकी नदीको आश्रयमा छ। अब त्यहाँ स्नान ध्यान गर्न लागेको बखतमा यदि मत्स्य देखियो भने, हे देवी ! मैले स्वयम् नारायणलाई पाएँ भन्ने त्यसले जान्नु। हे सुन्दरी ! त्यो मत्स्य रूप मेरो दर्शन पाउने बित्तिकै दही की अर्स मह र लाजाले पूजा गरी त्यो गुह्य स्थानमा जस्ले स्नान गर्छ। अनि उत्तर पट्टिको मेरू आश्रय पद्म पत्रमा रहेको सो गुह्य मत्स्य क्षेत्रमा जो मत्स्य छाड्दछ। मेरूको शृङ्ग उलङ्घन गरी मेरो (वैकुण्ठ) लोकमा जान्छ। पाँच योजन संम फैलिएको क्षेत्र यो ! कोकामुखमा छ। यो तत्व जस्ले जान्दछ। त्यो ! पापले लिपिंदैन अरू पनि भन्दछु। हे वसुन्धरा ! सुन ! त्यही रमाइलो कोकामुखमा दक्षिण मुख गरी म बसेको छु। देवतालाई पनि दुर्लभ रहेको शिलाचन्दन जस्तो वराह रूप पुरुषको आकृति देब्रे दाह्रा मुख उन्नत पारी सबै जगत् लाई हेरी रहेकोछु। जो यस्तो मेरो स्वरूपको ध्यान गर्छ। त्यो ! सबै पापबाट मुक्त हुन्छ। त्यसले गरेको सबै कर्म संसारबाट मोक्ष दिने हुन्छ। यही कोका पर्यान्तमामात्र पुग्यो भने मेरो तुल्य हुन्छ। गुह्यमा परम् गुह्य ठूलो स्थान सिद्धिमा परम् सिद्धि दिने यो ! कोका मुखमा

छ । यो परम् पवित्र स्थानको महिमा तिमीलाई सुनाएँ। शांख्यबाट योगबाट यस्तो सिद्धि हुंदैन जति कोका मुखबाट हुन्छ । हे देवी ! यो ! रहस्य तिमीलाई सुनाएँ तिमीले जो सोधेकी थियौ । अब के सोध्ने इच्छा छ ? यो कोका मुखको माहात्म्य हे भूमे ! जस्ले भन्दछ । त्यस्ले दश अघिका दश पछिका पितृलाई तार्‍यो । मरेपछि पनि त्यो शुद्ध भागवत भई ठूलै कुलमा जन्मलिन्छ । अनन्य मन गरी मेरो भक्तिको बाटो खोज्दछ । जो मानिस विहानै उठी यो ! स्तोत्र पाठ गर्छ । त्यसले सात जन्म त्यागी मेरो भक्ति पाउँछ । यो ! कोकाको आख्यान जो पाठ गर्छ, त्यो पनि परम् स्थानमा जान पाउँछ । यसमा शंका छैन । इति श्री वराह पुराणे वराहक्षेत्र तीर्थ माहात्म्य नाम १४० अध्याय सम्पूर्णम् ।

श्रीवराहक्षेत्र-परिचय



कलम जति चलायो चल्छ पोखिन्छ भाव ।
प्रचलित नभएको गर्छु खोलेर बात ॥
अब परिचय गराई दिन्छु लेखी बयान ।
अझ अरू पनि गर्नोस् श्री वराहक्षेत्र-ज्ञान ॥

भगवान् वराहको नामको प्रभावले श्रद्धान्वित भएर धेरै टाढ़ाटाढ़ाबाट यात्रीहरू दर्शनार्थ आतुर भएर वराहक्षेत्र तीर्थ यात्रा गर्छन् । माहात्म्य को ज्ञान उस्तो नभए पनि मनोकामना पूर्ण भएकोले मानिसको हृदयमा श्रद्धा र विश्वास बढ़्दै गएकोछ । हेर्दा गुफा जस्तो भएपनि शान्त र एकान्त स्थानको केन्द्र अनि महत्व पूर्ण र प्रभाव शाली पवित्र तीर्थ हुनाले वराहक्षेत्रको नाःम विश्व विख्यातछ । पूर्वीय नेपालमा स्थित वराहक्षेत्र नेपालीको उज्ज्वल गौरव हो । गौरवको रक्षा गर्नु हाम्रो कर्तव्य ठहर्छ । राजा र प्रजा मिलेर यस्तो महत्वपूर्ण धार्मिक स्थानको विकासतर्फ ध्यान दिनु पर्छ । यस्तै कदम चाल्नाले प्राचीन कला र संस्कृतिले चिरायु पाउँछ । देश भक्तिको दृष्टि कोणले हेर्दा पनि देशोत्थान गराउनानिमित्त धरणी

धर भगवान् वराहको आन्तरिक हृदय देखि पूजा भक्ति तथा आराधना गर्नाले हाम्रो कल्याण अवश्य हुन्छ। 'किन ?' की जस्को आधारमा समस्त संसार अड़ेको छ। त्यस्ता सर्वशक्तिमान ईश्वर बाहेक हामी भुसुनासित यत्रो विशाल संसारलाई सम्हाल्न सक्ने ताकत कहाँ छ ? यो दृष्टिकोणबाट पनि वराह क्षेत्र कम उपयोगी ठहर्दैन। अनि पवित्र वराह रूप को पनि ठूलो महत्व छ। अझ पवित्र हृदयोद्गार व्यक्त गर्नु हो भने, पर्मात्माको शरण परेर गरेको देश भक्ति-कार्यमात्र प्रगतिको सहायक सिद्ध हुन्छ। इत्यादि।

पवित्र भावना उदय हुनु र चित्त शान्त अनि मन आनन्द हुनु यहाँको विशेषता हो। विषयानलले व्याकुल हृदयलाई शान्ति दिन विद्वानहरू वराहक्षेत्र-तीर्थ-वासी हुन मन पराउँछन्। शिथील इन्द्रिय कोका कौशिकीको स्वच्छ र शीतल जलमा स्पर्श गर्न पाएर स्फुर्तिमान भई जाग्दछ। त्यस्कारण ! पनि वेद पाठ गर्ने, सप्ताह आदि पुराण लगाउने, पूजा, भक्ति, दान, पुण्य, श्राद्ध, पिण्ड-तर्पण तथा विवाह सम्बन्धित् कार्य र व्रत वन्ध इत्यादि गर्ने र तीर्थ वास बस्नेहरू कहिल्यै खाली हुँदैनन्। वराह पुराणमा यसको ठूलो महिमा छ। शास्त्रमा, लेखिएको पनि छ।

हरिहरक्षेत्र, कुरुक्षेत्र र मुक्तिक्षेत्र भन्दा वराहक्षेत्र

प्रमुख हो । द्यौता मध्ये भगवान् विष्णु, शस्त्र मध्ये सुदर्शन चक्र, शास्त्र, मध्ये वेद, मनुष्य मध्ये ब्राह्मण, पुराण मध्ये भागवत् , महिना मध्ये वैशाक, ऋतु मध्ये वसन्त उत्तम भए झैं क्षेत्र मध्ये वराहक्षेत्र उत्तम मानिन्छ । अन्य तीर्थ स्नान या दर्शन गर्न जानु भन्दा पहिले वराहक्षेत्र गई कोकामुखमा स्नान र भगवान् वराहको दर्शन गर्नु पर्छ । त्यहाँबाट विदा लिएर अरु तीर्थस्थानतर्फ प्रस्थान गरे निर्विघ्नसाथ यात्रा सफल हुन्छ ।

अन्य ठूला ठूला तीर्थक्षेत्रहरु भन्दा सानो खोलाको रूपमा बहने कोका मुख तीर्थ र वराह भगवान्‌को निवास स्थान अर्थात वराहक्षेत्रको यत्रो महत्व बढ़ेको कारण किन ? यो आश्चर्य लाग्दो कुरो हो । तर वराह पुराणको १२२ अध्यायमा भगवान्‌ले पृथ्वीको यस्तै प्रश्नको उत्तर-मा आज्ञाभएकोछ 'अरू चाहीं पाशुपति क्षेत्र, कोका भागवत क्षेत्र हो' हुन पनि सब पुराणको सार भागवत श्रेष्ठ नै हो । निकै महत्व पर्निछ । त्यस्तै इन्द्रादि देवताहरूले यज्ञ गर्दा सोमरस (अमृत) परेकोले कोकाको जल पवित्र भयो । अनि कौशिकीको भन्दा महत्व बढ्न गएको हो । यसको दायाँ बायाँ, तीर्थैं तीर्थको जल बहंदै आएर मिसी-नाले, पनि 'कोका पुण्यको राश हो ।' भन्नुमा अत्युक्ति हुँदैन । अर्कोपट्टि, जुन स्थानमा रसातलबाट भगवान्

वराहले पृथ्वीलाई बोकी ल्याउनु भयो र स्वही स्वरूपमा यहाँ विराजमान हुनु भयो। जस्को आधारमा समस्त संसारका प्राणीहरू सुरक्षितछन् । त्यो स्थानको अनि ती वराहरूप भगवान्को महत्व किन न बढ़ोस् ! वराह पुराणको १३७ अध्यायले र १४० अध्यायले अनि हिमवत्खण्डको ३४ र ३५ अध्यायले गरेको वराहक्षेत्र माहात्म्य अर्थात वर्णन विश्वास गर्न योग्य छ। ती महत्वपूर्ण तीर्थ स्थानहरू वराह क्षेत्रको वरिपरि अनि कोका नदीको चारैतर्फ कौशिकीको बायाँ किनारातिर गिरिकन्दरा र वनको कुञ्जकुञ्जमा गुप्त रूपले स्थित छ। पाहाड़को दुर्गम स्थान नदी खोला छहरा, कुवा, तलाउ, धारातिर ध्यान दिएर अन्वेषणगरी हेर्नाले प्राचीन कलात्मक शिला मूर्ति र गुफाहरू भेटिन्छन् भिन्नाभिन्नै, नामले प्रचलित भएका तीर्थ स्थलहरूको पनि पत्ता लाग्छ। अनि गाउँले कुनै कुनै मानिसबाट मौखिक प्राचीन दन्त्य कथा र ऐतिहाँसिक कुराहरू पनि सोधे सुनिन्छ।

वराह पुराणको १४० अध्यायले गरेको वर्णन अनुसार कोका र कौशिकीको संगमसंम आएर ऊचो शिव लिङ्ग, जस्तो भएर उठेको पर्वतनै 'वदरीराज' पर्वत हो। यही ढुङ्गा मुनी भगवान् वराहको प्यारो नित्य निवास

स्थान छ। यसैको आड़मा गिद्ध बसेको गुफा र साना ठूला गरी तीन ठाउमा ओढ़ार छ। 'गिद्धवट' पनि उहिले यतै थियो होला। भगवान् वराहको सेवामा बराबर उपस्थित भएर गरुड़जी पनि यही बदरीराजको शिखरमा बस्नु हुन्छ। भन्ने कुरो वराह पुराणले जनाउँछ। यो पर्वत राई किराँती हरूको आश्रयमा छ। २०११ सालको ठूलो बाढ़ले यही बदरीराज पर्वतको चरण पखाली कौशिकी र कोकाले मिलेर बालुवाको पर्दा उघार्दा केही ढाँड़ जस्तो स्थान देखा पऱ्यो। त्यहाँ शंखाकार गतिलो जमोट शिला देखियो। अनि यसैको मुन्तिर केही बायाँ पट्टि कोशीको छल्का कहिले बढ्ने कहिले पन्सिने गरिरहेको ठाउँमा माछाको आकार परेको ढुङ्गा राम्ररी हेर्ने मौका मिल्यो। कोका नदी केही पन्सिएको हुनाले त्यसैमा पर्ने गरी छलल मन तातो पानीको धारा खसिरहेको थियो। अनुमानले यही 'मत्स्यशिला' हो अनि 'सर्वकामिका शिला' चाहीं त्यही शंखाकार हो। 'भगवान् वराहको प्यारो स्थान 'लोहार्गल' पनि अवश्य यहीं नजीकैको ओढ़ार हो' भन्ने अनुमान लगाइयो। कार्तिक शुक्ल द्वादशी र माघे संक्राँति अनि वैशाक शुक्ल द्वादशीको दिन यो! संगममा पहेँलोतारा निधारमा भएको सुनौलो माछाको दर्शन् 'पुण्यात्माहरूले पाउँछन्' मात्र हैन पाएका पनि छन्।

यिनै महत्वपूर्ण तिथिमा दर्शनार्थ आउने मानिसको भीड़ले मेलाको रूप लिन्छ। रमाइलो प्रकाश पनि फलिन्छ। नियम अनुसार वराहक्षेत्रमा पाँचरात या तीन रात बास बसेको ठूलो महत्व छ। तीर्थ यात्रीले एक रात त उपवास गरी बिताउँनै पर्छ। अनि दर्शन पूजन र व्रत गरेको फल पूर्ण हुन्छ। तीर्थ वासको महिमा शास्त्रमा ठूलोछ। ठाड़ो दर्शन गर्नासाथ फर्कनु भन्दा केही आराम लिंदै नियमपूर्वक गरिएको दर्शन पूजन उत्तम फल दायक पनि हुन्छ।

अन्वेषन द्वारा थाहा पाइएको विभिन्न तीर्थ स्थानहरू

(१) कोका खोलैखोला सोझै जाँदा 'तारा' पोखरी भेटिन्छ। यो पोखरीमा वैशाक शुक्ल द्वादशीको दिन १२ बजे तारा देखिन्छ। भगवान् वराहले विश्राम गर्नु भएको आँपको वृक्षपनि नजीकै छ।

(२) अग्राखे भएर जांदा 'शंख धारा' पुगिन्छ। पैन्हो गएर आजकाल खोलो बनेकोछ। दायाँ सारी खोला बायाँ बोगटी छ।

(३) साङ्खोलोको शिरमा शिव कुण्डछ। शिवजीले यसमा स्नान गरी, नजीकै आँपको रूख उमार्नु भयो।

(४) यसैको १ पाउ पूर्व अंधेरी नजीकै 'कुब्जाम्र' छ जस्को माहात्म्य व. पु. को १२६ अध्यायमाछ यो ! कुब्जाम्र वृक्षको पूर्वपट्टिको शाखामा पहेंलो, पश्चिमपट्टि हरियो, उत्तरपट्टि शिङ्गारे, दक्षिणपट्टि रातो आँप फल्छ। स्वाद पनि बेग्लाबेग्लै छ।

(५) 'कुमुदाकार तीर्थ' र चक्रतीर्थ यसको नजीकैछ।

(६) 'माया तीर्थपनि नजीकैछ। जस्बाट माया जानिन्छ। व. पु. को १२५ र १२६ अध्यायमा उल्लिखित तीर्थहरू कुब्जाम्र तीर्थ, अंधेरी खोलो र अंधेरी गाउँको वरिपरिछन्।

(७) यहाँ देखि ईशानकोणपट्टि चौडण्डाबाट एक अंश लिएर उत्पत्ति हुन आएकी भवानी दुर्गाको मंदिरछ।

(८) भालु ढुङ्गाको नजीकै गणेशजीले विश्राम गर्नु भएको गणेशरूप चक्र शिलाछ।

(९) यहाँ देखि ईशानतर्फ कोका र कोखा खोलाको बीच संगममा खराउको चिह्न अनि चप्लेटी ढुङ्गामाथि विष्णुको दुरुस्त पाउछ। भगवान् वराहले यहाँ पनि स्नान गर्नु भएको हो। यसैको 'विष्णु पादुका' नाम प्रख्यात छ। माहात्म्य व. पु. को १४० अध्याय हेरे थाहा हुन्छ।

(१०) यसैको नजीकै पाहाड़मा जोड़िएको दुरुस्त गाईको

आकार शिला थियो । दूध जस्तो पानी चुहुन्थ्यो। आजकाल नाम निशान छैन । यसैको कोखबाट निस्किएको हुनाले अर्को खोलाको नाम 'कोखा' रह्यो ।

(११) यहाँबाट कोशभर वायव्यकोणतर्फ महाँ भारत पर्वतको बीच शिरमा 'राता पोखरो' नामको तलाउ छ । कोखा खोलाको शिर यही तलाउ हो भन्छन् ।

(१२) यहाँदेखि आधा कोश दक्षिणमा 'सोम तीर्थ' छ । जहाँ चन्द्रमाले तपस्याद्वारा भगवान् वराहजीको दर्शन वर पाए । माहात्म्य व. पु. १३७ अध्यायमा ।

(१३) सोझै ६ फर्लाङ्ग गएपछि सुन्दर कलात्मक र महत्वपूर्ण 'आदि वराहको' शिला मूर्ति छ । जस्को अवतार वराह अवतार भन्दा पहिले आदि सृष्टिमा भएको थियो । अनि भगवान् वराहलाई श्रीरुद्रको आराधना गर्ने आज्ञा दिनु भएको थियो । पहिले यिनै भगवान् आदिवराहको र कुब्जाम्र तीर्थको ब्राह्मणद्वारा नित्य पूजा हुन्थ्यो । आजकाल भग्नावशेषमात्र बाँकी छ यी ! महत्वपूर्ण मूर्ति तीर्थहरूको सुचारु रूपले नियमित पूजा गराउने र मन्दिर बनाएर नेपालको गौरव ऊचो पार्नेतर्फ सरकारको ध्यान यथाशीघ्र आकर्षित हुनै पर्छ ।

(१४) यसैको अगाड़ि नजीकै सुके पोखरी र आजकाल

कुण्ड बगेर पानीको मूलनै पहिलेको प्रसिद्ध 'सूर्य कुण्ड' छ। जहाँ सूर्यले तपस्या गरेर श्रीवराहजीको दर्शन र वरदान पाएका थिए।

(१५) पश्चिमपट्टि वराहऽऽकार वराहक्षेत्रसम्म पुगेको पर्वतमा 'चौड़ण्डा' नामको गाउँ रमणीय अनि मनोहर पनि छ। त्यहाँ नित्य पानी पिउँने जोड़ धारामा स्नान गरी एक पाउ उकालो चढ़ेपछि साक्षात 'भगवती दुर्गाको' मन्दिर छ। यहाँ प्राचीन काल देखिको नगरा निशान र तोप, शिला भएको छ। पर्व पर्वमा आफै पड्किएको आवाज टाढ़ा टाढ़ासम्म सुनिन्छ।

(१६) त्यहाँबाट केही दक्षिणपट्टि 'युगपाखी' गाउँ प्रसिद्ध छ। उहिल्यै यसको शिरमा हिन्दु पति राजा र हिन्दुला रानीको राजमहल थियो। भन्ने सुनिन्छ। भत्किएको इंटको गाह्रो अद्यापि छ। गाउँको बायाँपट्टि भीर नेर 'पुरानो पाखीको वृक्ष छ। जस्लाई हिन्दुला रानीले रोपेको भन्छन्। त्यसैको उच्चारणसहित गाउँको नाम 'युग पाखी' रह्यो।

(१७) यसैको तल गैन्हामा दूध पाने हरियो रम्य जङ्गल छ। पुछारमा दूध जस्तो पानीको मूल फुट्दछ। हिन्दुला रानीले यही पानी लगी पाखीको बिरुवामा

हाल्थिन्। अनि नागको पनि पूजा गर्थिन् । भन्ने सुनिन्छ। त्यही दूध पानीको मूलले खोलाको रूप लिई 'दूध पानी' नामले चतरा घाट नेर हुंदै कौशिकीमा मिसिन पुगेको छ।

(१८) अघि मुकुन्दसेन राजाको राज-दरवार फूलवारी नजीकै थियो । तिनैले बनाएका रंगमहलको शोभा भव्य देखिन्थ्यो। नजीकै पाहाड़को शिखरमा लालकोट राखेका थिए। यद्यापि 'लालकोट रंगमहल' नाम प्रचलित छँदैछ । आगनमा अमृतको गाक्षी रोपी केही परको धारामा स्नान गरी रानीले पानी चढ़ाई त्यो अमृत गाछीको नित्य सेवा गर्थिन्। अचेल अमृत गाछीको ठुटो र इंटको भक्तिएको गारो अनि डाँड़ामा कोट राखेको निशान छँदैछ । फलफूलहरूको रमणीय बगैंचाहरूले पनि 'फूल बारीको' नाम सार्थक पारेको छ । जुन धारामा रानीले नित्य स्नान गर्थिन्, त्यो बहंदै चतरादेखि एक मयल वराहक्षेत्र जाने बाटोको दाहिनेतिरबाट झरी 'रानी खोला' नामले कौशिकीमा सम्मिलित छ।

(१९) चतरा देखि वर अघि दुर्वासा ऋषिले तपस्या गरेको स्थानबाट उत्पत्ति भई बहेको 'दुर्वासा खोला' र

केही वर छिन्न मस्ता देवीको समीपबाट बहँदै आएको 'छिन्न मस्ता' खोला कोशीको दर्शन स्पर्श गरी पवित्र हुन वर्षाकालमा हर्षले उर्लिएर आउँछन् । बीचबाटोमा पर्ने धनसार खोला र बाहुनी खोलाको पनि यही चाल छ ।

(२०) अब अगि उल्लेख नगरिएको 'यमराज खोला' मा पुगौं । जो वराहक्षेत्रको नजीकै ब्रह्मानन्दको बायाँपट्टी दुइ पाहाड़को रमाईलो काँधबाट ओर्लेर नौ महिना तपस्या गरी तीन महीना कोशीमा स्नान गर्न जान सक्ने अर्थात, आषाढ़ श्रावण भदौमा मेल आउने 'यमराज खोला' नामले प्रसिद्ध छ । यहाँ यमराजले तपस्याद्वारा भगवान् वराहको दर्शन वरदान पाए ।

(२१) 'ब्रह्म कुण्डबाट ब्रह्मानन्द खोला भयो ! भन्ने कुरा र माहात्म्य हिमवत्खण्डको ३४ अध्यायद्वारा बोध भइसकेको छ ।

(२२) सात ढाके पाखा र वराह पर्वतको बीच रम्य जङ्गलबाट कल कल ध्वनिले मन आनन्द पार्दै बहेर 'सरस्वती खोला' नामले कोशीको नीलो गाथमा अङ्कमाल गर्न बेलाबेला जान्छिन् । अब उकालो चढ़ेपछि वराहक्षेत्र पुगिन्छ । तीर्थहरूको परिक्रमा पनि हुन्छ ।

श्री गौरीपर्वत मैना

वराहक्षेत्रदेखि उत्तरतर्फ देखिने कोशीपारीको हरियो पर्वतलाई 'मैना पाहाड़' भन्छन् । हिमालय पर्वत र मेना पुत्री गौरीले बाल्यकालमा तपस्या गरी सिद्धि प्राप्ति गरेको पवित्र स्थान हुनाले, मेना कुमारीबाट 'मैना पाहाड़' प्रचलित भएको हो । हिमवत्खण्डमा यस्प्रकारको वर्णन पाइन्छ । हिमालय पुत्री पार्वतीले माता मेनासित शिवजी पति पाउन व्रत उपासना गर्ने विधि सोधेकी थिइन् । मेनाको व्यङ्गात्मक कुरा सुनेर निराशा भई ती गिरिजा तपस्या प्रारम्भ गर्नानिमित टाढा पुगेर त्यो पर्वतमा चढ़िन् । जहाँ देवताहरू पनि जान न सकिने थियो ।

स्थित्वा पूर्वाग्नेय भागे तुङ्गकूटे चकारसा ।
सुकठोरं तपो गौरी तस्मान्दौर्य्यचलः श्रुतः ॥
हि. ख. ३६ अ. ॥३९॥ श्लोक

'त्यस पर्वतका आग्नेय भागपट्टिका अग्ला शिखरमा बसेर गौरीले कठोर तपस्या गरिन् । त्यसै कारणले त्यो पर्वत गौरी पर्वतले प्रसिद्ध भयो ।'

यही शास्त्रको मतानुसार मैना पाहाड़को शिखर (डाँड़ा)मा सानो रमाइलो जङ्गल भित्र शील युक्त उभिएकी

मेना कुमारी गौरी (मैना-देवी)



श्रीपार्थिवलिङ्ग(गौरीद्वारा स्थापित)

कलात्मक सुन्दरी स्त्री मूर्ति सुसज्जित छ। अज्ञानवश किराँती पुजारी र स्थानीय सोझा मैनाली राईहरूले भ्रममा परेर 'मैनारानी सीता' भन्ने गरेकाछन्। हिमवत्खण्डको ३६ अध्यायलाई पल्टाएर हेर्दा त्यही शिलामूर्ति कुमारी अवस्थाकी गौरीको हो। अनि तपस्याको पहिलो शुरू यही पर्वतको शिखरमा गरेकी हुन्। सिद्धि प्राप्ति गर्दै पर्वतको शिखरमा टेक्तै तप दान पुण्य गर्दै हिमालयतर्फ बढ़िन्। इनैको तपस्याद्वारा शुद्ध गरिएको पसिना वहेर क्रमशः कौशीकी नदीहरूको उत्पत्ति भयो। भन्ने यथार्थ अगिनै विस्तार गरिसकियो। सम्वत् १९९० मालसम्म यो मूर्तिमा चोट पटक थिएन। सङ्लो थियो। इंटको गारो भएको मन्दिरमा प्रतिमाले शोभा पाएको थियो। स्वही साल माघ महिनाको भीषण भू कम्पले मन्दिर भत्काई विजुली सहित बज्र परेर त्यति राम्रो मूर्तिको अनुहार ताछी, ज्योतिको दाहिनेपट्टिको माथिल्लो भागको अलिकतिकुना चोइट्याई, बायाँ कुमदेखि दाहिने काखी सम्म छड्के चिरेको छ। दाहिने पाखुरा ठून्क्य ई, जाँघ पनि छुट्टयाएको छ। सिमन्टीमा जमोट गरी जोड़ेर उस्याई राखेको चार फूट अग्लो मूर्तिमा अझै पनि सुन्दरता हराएको छैन। यो देवल को दाहिने पट्टि १० र बायाँ पट्टि २०, पर्खाल भित्र कुनामा २ र बाहिर सामु अगाड़ि

गाऱ्होको आड़मा ३० वटा खण्डित मूर्तिहरूछन् । घेरा बाहिरबाट उभिएर हेर्दा भग्नावशेषमात्र देखिन्छ । अनि गतिलो दुई मन्दिर बनाउन पुग्ने इंटहरू थुप्ऱ्याएकाछन् । पाँचै वर्षकी कलिली वालिका गौरीले यो ! मैना पाहाड या गौरी पर्वतमा यस्तो कठोर तपस्या सिद्ध गरिन् । जुन तपस्या गरी सिद्धि प्राप्ति गर्न ऋषि मूनि र देवताहरूलाई कैयौं हजार बर्ष लाग्थ्यो । र दुष्कर ठान्दथे ।

पार्थिव लिङ्ग स्कन्द उवाच—

आषाढ़े मासि संप्राप्ते लिङ्ग संस्थाप्य पार्थिव ।
उमादेव्युग्रनामानमानर्च्च विविधार्हणै ॥

हिम. ख. ३७ अ. १ श्लोक

'कुमारजी आज्ञागर्नु हुन्छ—आषाढ़ मैना लागेपछि उमादेवीले पार्थिवलिङ्ग स्थापना गरेर रुद्रका नामले अनेक किसिमसंग पूजा गर्नु भयो ।'

हिमवत्खण्डको ३७ अध्यायको पहिलो श्लोक अनुसार गौरीशिलामूर्तिको बायाँपट्टि रहरलाग्दो पुष्ट लाम्चो र डोलो १ फूट भन्दा केही अग्लो खैरोकालो अनि चिल्लोमूर्ति छ । जनै धारण गरी दुइडोरो तल झरिरहे-को स्पष्ट सेता रेखा चम्किन्छन् । नजीकै जुरो भाँचिएको बसाहा साँढ़े र बनौटे दुइ शिवलिङ्ग भित्र र बाहिर राखेका-छन् । देवताहरूले वरिपरि उभिएर स्तुति गरिरहेझैं ! फल-

हरूले लदिएका वृक्षादि समीरको सरसराउँदो आवाजसित झुलिरहेको दृश्यले मनमा श्रद्धा र भक्ति उत्पन्न गराउँछ। त्यो पवित्र पार्थिव लिङ्ग यही हो। जुन महादेव पति प्राप्तिको उद्देश्यले स्थापना गरी गौरीले पूजा आराधना गरिन्।

नेपाल सरकारले अब यहाँको मर्मत गरी स्थिति सुधार्नेतर्फ ध्यान आकर्षित गर्नु पर्छ। कारण पहिले त्यसस्थानको महत्त्व थाहा नपाएर यहाँको अवस्था चिन्ता जनक भएको हुन सक्छ।

अहिंसात्मक वैष्णव विधिले ब्राह्मणद्वारा शुद्ध पूजा पाठ मन्त्रोच्चारण हुनु पर्ने, त्यो हुनुसकेको छैन। वराहक्षेत्र गुठीबाटै कामचलाउमात्र धूप, चन्दन, अक्षता इत्यादि पूजा सामान दिने प्रबन्ध मिलाएको छ। यो महत्व पूर्ण स्थान मोरङ्कै एक साँध हो। उमा शङ्करको पूजा किराँती पुजारीले ब्राह्मण विधिबाट ह्वैन। भित्रि पवित्र श्रद्धाद्वारा दिह्वौं नुहाएर गर्छन्। तलब सरकारी ह्वैन मैना गाउँका जिम्मावालले दिएको एक चोक्टा मकै बारी कमाउने र अलिकति तिरो उठाई पुजारीले सपरिवार जीविका चलाउँने गर्छन्। केही बेर पूजाको बेलामा नगरा र घन्टीको स्वर हरियो जङ्गल भित्र गुञ्जिन्छ। धूपको सुगन्ध वरिपरि फैलिन्छ। जल चन्दन फूल अक्षताले होला सन्तुष्ट भएर गौरीशङ्कर मन मनै हाँस्छन्। श्रद्धालु यात्रीहरूको मन त्यो बेला श्रद्धा र भक्तिले झुक्छ। पवित्र पद पङ्कजमा डल्लों शिर

निहुरिन्छ। त्यहाँ चढ़ेका सुन चाँदीका गहनाहरू पुजारीले पनि 'मास्न हुंदैन' भन्छन्। प्राचीनकालदेखि चाँदीको बट्टा भित्र बन्द पारेर पुजारीको जिम्मामा रहेको असर्फी बराबर खोली हेर्छन्। कहिले एउटा कहिले ३ वटा कहिले बट्टै भरी देखिन्छ। भनेर आश्चर्य मान्छन्। मनोकामनाहरू पूर्ण हुनाले पनि मैना देवीको दर्शनार्थ बराबर मानिसहरू त्यो उकालो चढ्न मन पराउँछन्। मङ्सिर पूर्णे वैशाक पूर्णे र भदौ पूर्णेमा एकदिन र एकरात जुनेली छटामा प्रकृति सुन्दरीसित हाँस्तै खेल्दै गौरीको पवित्र स्थानमा रमाइलो गर्ने मानिसको भीड़ले सानो मेलाको रूप लिन्छ। मैना डाँड़ाबाट हेर्दा पश्चिमतर्फ सप्तरी, उदयपुर अनि मदेश फाँटसाथै विशाल तरीको रम्य शोभा र विस्तृत कोशीको नागबेली परेर बहेको हृदय विदारक दृश्य, उत्तर पूर्व र दक्षिण दिशातर्फ हरियो र नीलो रंगको पाहाड़ पर्वतहरूको मनोज्ञताँति शेषा शेष गरी अग्लेका देखिन्छन्। पर्वतको काँधबाट लर्किरहेका सेता जनै अथवा अन्तःस्करणलाई निर्मल पारेर ओर्लिएका सुधामय जल छल्वलाउँदै बही रहेका छन्। मानो सर्प हिंडे जस्तै लाग्छ। चरणलाई धुँदै नदी सलल तलतलै निरन्तर बहिरहेछन्। पर···पर कुना कुनामा बादलको घुम्टो हाली धवल प्रकाश दिंदै विश्वको शिर हिमालयले विस्तार चियाएर हेरे जस्तो

लाग्छ । मन उतै आकर्षित हुन्छ । धरती र आकाशको बीचबाट कालो बादलको पर्दालाई चिर्दै उदाउँनासाथ चन्द्रमा लजालु हुन्छ । तर हर्षित देखिन्छ । कारण? महेश्वरको श्रीपेच हुन पाई त्रैलोक्यनाथको नामै 'शशधर' भयो । भनेर होला । एकछिनमा पूर्ण चन्द्र पूर्ण रूपले किरण रूपी सहस्रौं हात फैलाउँदै मध्ये नीलाकाशमा लीला रचन थाल्छ । असङ्ख्य ताराहरूले घेर्दै आँखा झिम्क्याउँदै पल्याक् पुलुक हेर्छन् । संगिनीहरूको नखरा देखेर हतार हतार पश्चिमतिर लम्किंदै सुधाधरले गौरी शङ्करको दर्शन गर्दै गद्गदाकार भएर प्रेमाश्रु बर्षाउँछ । मोतिकादानाहरू छरिएर छरस्ट भएझैं शीतका थोपाहरूले गौरी पर्वतै झलमलाउँछ । सुमधुर आवाज सुनाउँदै बहि-रहेका शीत मन्द र सुगन्धित समीरले मनलाई आनन्द दिईरहेको बेला उषाले यसो चियाएर हेर्छ । पखेटा फट्फटाएर कुखुरा बास्छ 'कुखुरिकाँ' मन झल्यासिन्छ । आँखाको पर्दा च्यातिन्छ । हिजो कोलहाङ् खोला तरी नाके डाँड़ा चढ़ेर आएको थकाई बिर्सेर आजको मिर्मिरे उज्यालोले आनन्दमय पार्दा हामी कैलाश वासी भएर दिन र भरराात मनोरञ्जनमा पूर्णिमा व्रत गरेछौं । भन्ने उद्गार हृदयमा सञ्चार हुन्छ । केही मुन्तिरको चिसो जल धारामा स्नान कर्म गरी जगतमाता पार्वती र 'पार्थिव लिङ्ग'

मूर्ति स्वरूप रुद्रको पूजा आराधना अनि दर्शन सकी, मनमा स्मरण गर्दै फेरि यो ! गौरी पर्वतको ऊचो शिखरबाट ठाडै ओरालो लाग्दा शिवपुरीबाट मनुष्य लोकमा झरे जस्तै लाग्छ।

स्वतन्त्रसित छलबलाएर उज्ज्वल र शीतल जल बोकी कोशीको काखमा हाम्फाल्ने कोलहाड़ खोला पनि गौरी तीर्थ नै हो। गौरी पर्वतको हृदय करुणाले रसाई पवित्र जलको श्रोत सङ्लिएर निरन्तर दर्शनाभिलाषी भक्तलाई गौरी शङ्करको पाउमा जाने मार्ग दर्शकको रूपमा बहेको छ। भगवान् वराहजीले ब्रह्माजीलाई यस प्रकार आज्ञा गर्नु भएको छ।

अप्लाव्य योहि कौशिक्यां गौरीशैलं प्रपश्यति।
इह लोकार्जितै पापैः समुक्तो नात्र संशयः ॥४७॥
प्रण मति ततः स्नात्वा गौरीशैलं शिवां च माम्।
शताश्वमेधजं प्राप्य सुखी याति परां गतिम् ॥४८॥

हिमवत्खण्ड ३५ अध्याय

भावार्थ—जो मानिस कौशिकीमा स्नान गरेर यो ! गौरी पर्वतको दर्शन गर्दछ। त्यसका कोटी कुलको उद्धार हुन्छ। र त्यो ! पनि उत्तम गतिमा जान्छ। कौशिकीमा स्नान गरेर गौरी पर्वत गौरी र मेरा पनि जसले दर्शन गर्छ। त्यो मानिस यसलोकमा गरेका सबै पापबाट मुक्त हुन्छ। यसमा सन्देह छैन।

वराहक्षेत्र-यात्रा

(प्रारम्भ)

अब वराहक्षेत्र-यात्रा गर्न उत्सुक भएर विदेशतिर-बाट रेल चढ़ेर आउने यात्रीहरूको बाटोहेर्न म भावना-द्वारा भए पनि जोगवनी स्टेशन सम्म जान्छु । अनि डोऱ्याउँदै ल्याउँछु । जस्बाट मार्गमा सुविधा जनक अनुभव हुन्छ ।

रेलको अन्तिम स्टेशन जोगवनी हो । यहाँबाट सर्विस मोटर या रेक्सा बग्गीमा चढ़ी मील कार्खाना र वजारको शोभा हेर्दै श्रीकालिका स्थानको दर्शन सकी, पीचै पीचको सड़क दौड़ेर मोरङ् विराट नगर बजार अड्डा उत्रिइन्छ ।

(मो० विराटनगर)

दिनोदिन उन्नतिको मार्गमा लम्किरहेको विराट-नगरले नेपाल राज्यको दोश्रो दर्जा प्राप्त गरेको छ । पूर्वीय नेपालको मुख्य केन्द्र अनि मोरङ्को ठूलोजिल्ला हुनाले यहाँ न्याय र अन्यायको दिह्वौं झगड़ा हुन्छ । अज्ञानीलाई विद्या र शिक्षाको रोगीलाई औषधीको भोका-लाई रोटी र भातको दान र व्यापार हुन्छ । श्रमिक मजदूरहरूको खुन र पसिनाले अनेकौं मिलकार्खाना चलेको छ । आफ्नो खाँचो आफैले टार्ने कोशिशको प्रतीक उद्योगको ढोका खुलेको छ । कच्चापक्का रंगी विरङ्गी पर-

पर सम्म पुगेको सड़क र घरहरूले नगरको कुना कुना सजेकोछ। यता उता दौड़िरहेका मोटर, बग्गी, रेक्सा, साइकिलहरुद्वारा घुम्न फिर्न पनि सुविधा छ। ध्यान दिएर परिक्रमा गरी हेरे भित्री भाव व्यक्त गर्न सकिन्छ। विराटनगर विकासको मार्गमा अगाड़ि बढ़ेको छ। अब हामी पनि अगाड़ि बढ्नु पर्छ। धरानतर्फ पाउ बढ़ाउनु भन्दा पहिले स्थानीय देव मूर्तिहरुको दर्शन गरौं। पुरानो बुधवारे बजारको चौक पिपल गाछी नेर अनि बायाँपट्टि हनुमानजी र प्रसिद्ध कालिका स्थान जगदम्बाको, दर्शन सकी श्री सत्य नारायण मन्दिर भित्रको सुन्दर मूर्तिको अनि तीन पैनीमा स्थित श्रीविराटेश्वर महादेवको दर्शन गरौं। जस्लाई विराट राजाले स्थापना गरी यस-स्थानको नामै 'विराट नगर' भन्ने प्रख्यात भयो। टंकीनेर श्री कृष्ण मंदिर, माल पोखरी र कचहरी अड्डानेर निशान थान, अनि बनस् खण्डी महादेव र राम सीता मन्दिर या ठाकुर बाड़ीको दर्शन सकी बजार अड्डाबाट धरान-जाने मोटर चढ़ौं।

विराटनगर देखि दुवी, इंटहरी, मा एकछिन् र थकाई मार्दै सर्विस मोटरद्वारा २८ मयलको पीचबाटो १॥ घण्टामा तय गरी धरान आरामसाथ पुगिन्छ।

धरानबजार

एकाएक नीलो आकाशसित दाँजिएर बढ्न खोज्ने हरियो पाहाड़कोताँति मुनी प्रकृतिको सजीव मनोहर मूर्ति अवलोकन हुन्छ। दक्षिण र पश्चिमतर्फ सुरम्य वनवृक्ष लता अथवा अमूल्य धनको निधी। पाहाड़ र मदेशको बीच सिमानामा ढलक्क ढल्किदी हिसी पारेर मुसुकु हांसिरहेकी कतिराम्री सुन्दरी ! भविष्य उज्यालो हुने स्वप्ना आज पूर्ण हुँदै गएको प्रत्यक्ष देखिरहेकी छिन्। त्यो ! केहो ? दम्स्याइलो पाहाड़को प्राङ्गणमा हाँसी हाँसी खेल्दै पिण्डेश्वर, दन्तकाली, बूढा सुब्बाको, काखमा पालै पालो लुट्पुटिएर हुर्कन लागेको रमणीय धरान।

नवालोक हो ज्योतसना चन्द्रमाको।
नभोभागको कुञ्जबाटै उदायो॥
छ के ? हुन्छ कस्तो ? पछिल्लो भविष्य।
छ को भन्न सक्ने ? बुझी त्यो अदृश्य॥

आजकाल चञ्चलता छोड़ी गम्भीर स्वभाव लिएर उच्च दर्जाको शिक्षा प्राप्त गर्दै उन्नतिको पथमा पाउचाल्दै गरेको देखिन्छ। विद्या र शिक्षा प्राप्त गर्ने साधन निकै प्रस्तुत हुँदैछ। यहाँ फैलिएको नव उत्साहको वहारले नेपाल आमाको मुख उज्यालिएकोछ। धरानको हृदय पवित्र छ। स्थानीय जनताको तीखो बुद्धि र साहसीलो पाइला देखेर वरिपरि बस्नेले निकै चाल बिचारदै छन्।

संयोगले योग भयो प्रयोग ।
संसारमा बेश हुने सुयोग ॥
जानेर ह्वैन स्थितिबाट जान ।
यो स्थानको नाम रह्यो धरान ॥

आराकाट्न बनाएको धरानको जताततैताँति अनि गुञ्जिदो 'स्वार स्वार' आवाज क्या रमाइलो होला ? जब यहाँ विस्तृत बन जङ्गलले निस्तब्ध वातावरण थियो । फाट्ट फुट्ट बाटो हिंड्ने मानिसहरूले चारैतर्फ धरानै धरान देखी धरान रहेको स्थानको नामै 'धरान' भयो । बस्ती बढ़दै गएपछि 'वजार' ले पनि भूषित हुँदा, आजकाल 'धरान वजार' धेरै प्रख्यात छ । व्यापारको मुख्य केन्द्र हुनाले पाहाडबाट आउने मानिसहरूले माल सामान लिना दिना निमित्त 'यहीं सुविधा' ठान्छन् । वजारलाई केही सजाउन लगाउनेले होला । 'चन्द्रनगर, युद्ध नगर' नाम करण गरेको । ७, ७ दिन पालै पालो वजार लाग्ने प्रवन्ध पहिले र पछि भएबाटनै 'नया वजार, पुरानो वजार' भन्ने उपनाम पनि थपियो । जे थपियोस् शास्त्रीय आधार अनि धार्मिक दृष्टिकोणबाट हेर्दा यस स्थानको मूलनाम श्री रूद्राक्षारण्य क्षेत्र हो । भन्ने ठहरिन्छ । पवित्रसाथै महत्व पूर्ण पनि छ । रूद्राक्षको अर्थ रूद्रको आँखा हो । अरण्य भनेको वन अनि क्षेत्रको अर्थ स्थान सर्वविदितै छ ।

विजयपुर रुद्राक्षारण्य क्षेत्र

रुद्राक्षारण्यक्षेत्र माहात्म्यअनुसार भगवान् शङ्करले मय दानवसहित तीन र उनीहरूद्वारा निर्मित त्रिपुर अनि त्यहाँका असङ्ख्य दैत्य दानवहरूको विध्वन्स गरी देवताहरूकासाथ हिमालय हुँदै नजीकैको पर्वतको टाकुरामा आई विश्राम गरे। जो धरानको दर्शनीय शिर पर्छ। क्रोध शान्त भई चित्त प्रसन्न हुँदै गएकोले त्यही पर्वतको टुप्पामा बसेर विजयको हर्षले भगवान् रुद्रले ठूलो हाँसो निकाली हाँस्नु भयो। अनि रूद्रको आँखाबाट ४ थोपा हर्षाश्रु पृथ्वीमा खसी पात आङ्कुरा फल फूलसहितका रूद्राक्षका चार वृक्षहरू उम्रेर धेरै फैलिए। त्यही रूद्राक्षको जङ्गलमा देवताहरूका-साथ आनन्द मानी शिवजी निवास गर्नु भएकोले विश्व-कर्माले रत्न जड़ित रमणीय विजयपुर नामको विशाल शहर बनाए। ब्रह्मा, विष्णु इन्द्रादि देवताहरू पनि महादेवको सेवा गर्दै। त्यही रूद्राक्षारण्य

विजयपुरमा रहन थाले। कौशिकीदेखि लिएर जलेश्वरसम्म दशयोजन फराकिलो क्षेत्रलाई रूद्राक्षारण्य भनिन्छ। रूद्राक्ष भएका जङ्गलमा घुम्नाले दर्शन स्पर्श गर्नालेमात्र पनि ठूलो पुण्य मिल्छ। धारण गर्नालेता झन् साक्षात शिवजीलाईनैसाथ राखे जस्तै हुन्छ। अन्त्यमा पवित्र मुक्ति पनि पाइन्छ।

श्रीपिण्डेश्वर

सुमेरूपर्वतको मदानी बनाएर देवता र दानवहरू मिली क्षीरसमुद्र मथन गर्दा प्राप्त भएको अमृत विष्णुको हातबाट देवताहरूलाई बांडेर ख्वाई बाँकी रहेको कस छोक्रा कपडामा छानी पिण्डो पारे। राम्रो लिङ्ग बनाएर देवताहरूले त्यो ! पिण्डो रूद्राक्षारण्य क्षेत्रमा सहर्ष स्थापना गरे।

त्यहाँदेखि अदृश्य रूपमा रहनु भएको त्रिपुरेश्वर भगवान् शङ्कर ज्योतिर्मय स्वरूपले त्यही पिण्डोमा प्रवेश भई सम्पूर्ण प्राणीहरूले दर्शन प्राप्त गर्न सक्ने 'श्रीपिण्डेश्वर नामले प्रख्यात् हुनु भयो। उनका चारैतिर आवरण देवताहरूको स्थापना गरे।गणेश, कुमार, दक्षिणा मूर्ति, सभापति चण्डेश, उमा र स्कन्दले युक्त, भैरव, अगाड़ि नन्दी (वसाहा साँढ़े) विश्वम्भरकी प्यारी पत्नी परमेश्वरी (महिषासुर मर्दिनी) बालाम्बाको स्थापना गरे। अनि

सपरिवार भगवान् पिण्डेश्वरको पूजा पहिले देवताहरूले गरे । पछि मनुष्यहरूले पनि पूज्न लागे । देवताहरू चाहीं पिण्डेश्वर प्रभुको प्रसाद र आज्ञा पाई अत्यन्त खुशी हुंदै आफ्ना २ स्थानतर्फ हिंडे । बालाम्बासहित रूद्र लिङ्गमा बिराजमान हुनु भयो । महेश्वरको साम्रु सरस्वतीले 'सारस्वत' नामको सिद्धि दायक तलाउ तयार पारी त्यसको एक छेउमा आफु पनि बसिन् । तीन धारा, सेवती शिव गङ्गा इत्यादि वरिपरिका तीर्थहरू पिण्डेश्वरले स्वयं खनेर सृष्टि गर्नु भयो । जहाँको स्नानलेमात्र पनि प्राणीहरूको पाप नाश हुन्छ । क्षेत्रपाल भीमसेनको पहिले दर्शन पूजन गरी श्रीपिण्डेश्वरको र अन्य आवरण देवताहरूको दर्शन पूजा गर्नु । यसो गर्नाले सबै इच्छा गरेको सिद्धि पाइन्छ ।

यहाँ छ अज्ञान भगाउने स्थित ।
विशाल विद्यालय पढ्न संस्कृत ॥
पढ़ाउने पढ्न भनी रमाउने ।
दुवै थरीछन् गुरूशिष्य साजने ॥
रमाइलो शान्त पवित्र सुन्दर ।
अत्यन्त एकान्त बनोनिकुञ्जछ ॥
भविष्यको उज्ज्वल कामना तरु ।
बढ़ीरहेछन् अझ झाँगिंदै अरू ॥

श्रीदन्तकाली

दक्ष प्रजापतिको यज्ञमा होमिएर मरेकी सतीदेवीको लास बोकेर यस स्थानमा महादेव आइ पुग्दा, सतीको दन्त पतन भयो। अनि काली उत्पत्ति भइन्। त्यहाँदेखि दन्त काली नामकी देवीको प्रसिद्धि बढ्यो। अब ती 'दन्तकाली माईको दर्शन गर्न त्यो! रमाइलो स्थानमा जाऔँ। जहाँ विजयपुरको शोभालाई भव्य गराइरहेको स्वच्छ मन्दिर र मूर्तिहरू सुसज्जित छन्। मनोकामना पूर्ण हवोस् भनी, शुद्ध भक्ति भावनाद्वारा पूजा प्रार्थना दर्शन गरौं। यिनी समस्त जगत्का प्राणी मात्रकी रक्षिकाहुन्। दुष्टको संहार गर्ने स्वरूप धारण गर्दैमा निर्दोष प्राणीको वली भक्षिका हुँदैनन्। त्यसकारण भन्छु—

'धर्मको नाम लिएर, जीवको हत्या नगर।
अर्काको प्राण हरेर, हुँदैनौ तिमी अमर ॥'

मंदिरको बायाँपट्टि विद्याको विउ रोपी मानिसको कोपिलाहरू फक्राउने अनि ज्ञान रूपी फल फलाएर संसारलाई सजाउने, सानो वाटिका छ। अगाड़ि पट्टि-को नेत्र रमाउने मनोरञ्जक सुन्दर दृश्य जति हेरे पनि मन अतृप्तै रहन्छ। दाहिनेपट्टि प्रकृति मातासितै हाँस्दै खेल्दै लुटपुटिएका उज्ज्वल मनुष्य जीवन र शिङ्गारिएका

घर अनि राता फूल र मृदुल नव पल्लवित कोपिला, फेरि वरिपरि हरियो वृक्षादिको समुह, फलको भारले नुहिरहेका शाखाहरू क्या रमाइला देखिन्छन् ! विहङ्गादिको सुमधुर आवाजले पनि मन आनन्द विभोर हुन्छ। मानौं ज्ञान गुण र विद्याले परिपूर्ण सज्जनहरू मेला भई आगन्तुकको स्वागत सत्कार गर्नानिमित्त मार्गको दायाँ बायाँ उभिएर प्रतीक्षा गरिरहेछन्।

बूढ़ा सुब्बा र धरानको
(स्थानिय देव मूर्ति)

केही साँगुरो बाटो पक्रेर अब ईशानतर्फ जाउँ। जहाँ प्राचीन समयमा यौटा लिम्बुद्वारा स्थापित सिद्ध स्थूल ढिस्कुरा मूर्ति छ। इनैलाई 'बूढ़ा सुब्बा' भन्छन्। उहि-ल्यै धरानको हेरचाह राति घोड़ामा चढ़ेर इनैले गर्थे भन्ने कुरो प्रख्यात छ। बूढ़ा सुब्बाको दर्शन सकी उत्तरपट्टि पञ्च शिलाको दर्शन गरी फुस्रे हुँदै धरानतर्फै झरौं।

शिवजीको ३ मंदिर ! प्रसिद्ध सिंहदेवी, शाक्यमूनि चैत्य वज्र, श्री कृष्ण मंदिर इत्यादि धरानबजार भित्र कै देव मूर्तिहुन्। इनिहरूको दर्शन सकी यात्रीहरूलाई चतरा-लाईनको छातामा विश्राम गराउँछु। जहाँबाट अगि स्थानीय क्षेत्रको दर्शनार्थ डोऱ्याएको थिएँ। यो ! चौबाटो बाट हेरौं चतरा जाने मोटर कुन चाहीं रहेछ !

'चतरा जाने आउनोस्' भनेर कराएको तीखो स्वर सुनिन्छ मोटर ओहर दोहर गरिरहेको हुन्छ। ५ कोशको बाटो केही छिन् मा छिचोली सुविधासित चतरा पनि पुगिन्छ।

चतरा बजार

औलौलाई खौलोमा पुरेर मौलाउन लागेका मानिस-हरूले प्राचीनकालदेखि जरा गाड़ेर बसी आज बल्ल सन्तोषको सास फेर्न पाएको देखिन्छ। यहाँको माटोमा जन्मी बढ़ी हुर्किएको शरीरले नयाँ काँचुली फेरे जस्तो लाग्छ। अनि धमिलो विचार सङ्लिंदै गएको बुझिन्छ। कोशीलाई वश पारी हानीबाट लाभ उठाउने साधन चतरामा प्राप्त छ। कोशीयोजना क्याम्प भिन्नाभिन्नै नामले जंगलको छेउमा फंड़नी गर्दै बसेकोछ। बथना-बाट भीमनगर हुँदै रेलको लाइन जोड़ेर चतरा पुऱ्याएका-छन्। 'छक्क पारें, छक्क पारें' भन्दै ढुङ्गाको ठूलठूला भकारी-लश्कर लाएर घिस्याउँदै दौड़ाई रहने काम जारी छ। थकाई नमारी ढुङ्गा बोक्दै थुप्रो लाउने काममा मोटर व्यस्त छ। ट्र्याक्टर र मजदूरहरूको पनि पाहाड़ भत्काउने र ढुङ्गा निकाल्ने कामले फुर्सत छैन। हुन पनि वन पाखा, खोला कोशी किनार जहीं तहींको ढुङ्गा खन्दै ओसार्दै गर्न लागेकोले के गर्न लाग्यो यस्तो ? भनेर हेर्नै

मानिस सबै छक पर्छन् । 'रेल आयो यो ठूलो जक्शन हुन लाग्यो।' भनेर पनि चतरा हर्षित भए जस्तो देखिन्छ। कोशीको तीव्र धारबाट चतरावजारको रक्षागर्न मुहानमा तीन ठाउँ ढुङ्गा चिठेर उठाई तारले घेरेर बाँधहालेकाछन्। ३५ मयल लामो नहरको खनाई चतराको शिरानबाट हुंदैछ। यो तयार भएपछि पौने तीन लाख ग्राम एरियाको भूमि पटिन्छ । अनि एकलाख ८५ हजार जग्गामा सिंचाइ हुने यो ! नहर मोरङ्गको लाभदायक हुन्छ । भन्ने यसतर्फका जनतालाई आशा देखाएकाछन् । कोशी योजनाको मुख्य आफिस घरहरू र पक्की सड़कहरूको निर्माण गरी बीरपुरले भव्य शहरकोरूप लियो। भीम नगरमा विशाल व्यारेज निर्माण गर्ने कार्य योजना समाप्ति हुँदैछ । नेपालको कुनाकुनामा भारत सरकारले कोशी योजना क्याम्प स्थापित गरेकोछ। अर्कालाई लोभ देखाएर आफु योजनामा सफल भई हानीबाट लाभ उठाउने यो चालमा कतिस्वार्थ लुकेको छ ! अहिले मेरो कलम अकैं विचार सागरमा पौड़ेकोले व्यक्त गर्दिन। बरू चतराको अलिकति वर्णन गर्न बाँकी नै छ। धेरै मानिसहरूले आँखा गाड़ी फूसको र टीनको छाना भएको नयाँ नयाँ तले घर वनाएर चतरालाई सजाउँदैछन् । वस्ती पनि निकै बढ़दै गएको देखिन्छ । २०११ साल देखि सुन्दर सुन्दर

टप्पुको जग्गा फंड्नी गर्दैं कमाएर आफ्नै श्रम र पसिनाले खाने, अन्न उब्जाई पेट पाल्ने कोशिशमा लागेका छन् । हप्तैपिक्षे रमाईलो बजार लाग्ने गरेकोले पाहाड़ मदेशका मान्छेहरूलाई सुविधाको साथै चतरा 'बजार' नामले भूषित छ । नाम पनि टाढ़ा टाढा सम्म चलेकै छ । 'चौतारो' बाट यसस्थानको 'चतरा' नाम रहेको हो । धेर बर्ष पहिले सप्रकोशिकीको बाढ़ले आघात पुऱ्याउँदै लखेट्ता चतरा बस्तीलाई यो रमाइलो जङ्गल भित्र सुरक्षित हुन हरियो पाहाड़को पाउको आश्रय लिनु पऱ्यो । पुरानो चतरा चाहीं जङ्गल बन्यो ।

औलिया बाबाको स्थान ।

औलिया बाबाको स्थान 'प्राचीन कालदेखि यहीं थियो । चतरा पनि यहीं सरेकोले 'औलियाबाबाको स्थान चतरा' भन्ने प्रसिद्ध भयो । आजकाल 'चतराबजार' नै धेरै प्रचलित छ ।

औलियाबाबा सिद्ध पुरुष थिए । योगबलद्वारा अर्काको मनको कुरा जान्दथे । श्रीवराह भगवान्, पिण्डेश्वर, रामधुनी अनि स्थानीय शिवजीको

नित्य घुम्दी घुमी पूजा गरी तपस्याकोनिम्ति कोशी किनारको गुफामा जान्थे। भन्ने सुनिन्छ। भए भरको औलोको ज्वरो आफैले बोकेर काँप्दै रात काट्थे, दिन भरी लुगामा गुटमुट्याई नियमित कर्म गर्थे। अनि लुगा चाहीं थर्थर काँपी रहन्थ्यो। औलिया बाबाको योगवल देखेर स्यान्‌मकवान्‌का पालाका राजा पनि धेरै प्रभावित भए। बाबाजीलाई सेवाद्वारा खुशी पनि तुल्याए। अनि वरदानको प्रभावले राजाको दुई भाइ छोरा पनि जन्मिए। प्रतिज्ञा गरे अनुसार राजकुमार गौतमभारती गुरुको सेवामा हाजिर भए। पिताद्वारा प्राप्त भएको आफ्नो अंश पनि औलियाबाबाकै चरणमा सोम्पे र निरन्तर सेवामा तत्पर रहे। केही कालपछि राज्य र ऐश्वयलाई त्यागी गौतमभारतीका दाजु शिवभारती त्यहीं सेवामा हाजीर भए। जहाँ औलियाको स्थान थियो। औलियाबाबाले सिद्ध भएर परम्‌गति पाएपछि। ती दुवै दाजु भाइले गुरुको गद्दी गुदरी (लुगा राख्ने ताँमाको ढ्याम्पो) र खराउको पूजा गर्न लागे। अनि धेरै चेलाहरु पनि जमाए। यद्यापि शिव मन्दिरको अगाड़ि शिवभारती र गौतमभारतीको मूर्ति स्थापित छ। औलिया बाबाको गद्दी, गुदड़ी, खराउको पूजा हुँदैछ। गुठ पनि चल्दैछ। तिनै औलिया बाबाको स्थान देखि

बायाँपट्टि श्रीशिवजीको पवित्र मूर्त्ति भएको मन्दिर छ। दायाँपट्टिको मन्दिरहरुमा क्रमशः श्रीमहाकाली श्रीकाला भैरवको शिला मूर्ति छ। सामु २ पुरानो धर्मशाला, पछाड़ि महन्त बस्ने मठ र वरिपरि आँप कटहरको बगैंचा अनि केही पर ईशानदिशातर्फ खोलाको छेउमा छिन्नमस्ता देवी र पश्चिमपट्टि वीच बजार बरवृक्षको समिपमा भीमसेनको मूर्ति गाऱ्हो भित्र स्थित छ। जो औलिया बाबासित युद्ध गर्न खोज्दा प्रत्युत्तरमा आएको ज्वरोले शक्तिहीन भएर फर्किनु पऱ्यो।

मठमा आउने साधु गरीबहरूलाई दिन्हौं बाट्ने १२ हण्डि सिधा महन्तको अधीनमा छ। जो ०७ साल पहिले ५४ हण्डी थियो। पुजारी स्याहारे सुसारेसहित महन्तको तलब र पूजा सामानको खर्च नेपाल सरकारद्वारा प्राप्त हुन्छ। यो स्थानको र वराहक्षेत्रको हेर विचार महन्तले गर्छन्।

रामधुनी बन

चतराबाट रामधुनी पैदल अथवा गाड़ी मोटरद्वारा ५ कोश जानु पर्छ यो राम लक्ष्मण बन वासमा आउँदा विश्राम गरेको पवित्र स्थान हो। राम चन्द्रलाई भोक लाग्दा लक्ष्मणले फलामका चिम्टा गाड़ी सखुवाको वृक्षमा



आँप फलाएर ख्वाए थे। आगोको धुनी बालेर एकरात वास बसेका हुनाले यो स्थानको नाम 'रामधुनी' भन्ने रह्यो। यौटा लामो दाउराको मूढ़ो ओरालो पारी धुनीमा जोती राखेको छ। त्यस्कारण आफैं सदैं सल्किरहन्छ। यो अग्नि त्रेतायुगदेखि ननिभाई जोगांउँदै बालेकाछन्। सखुवामा आँप फल्ने वृक्ष चाहीं अचेल देखिंदैन। धुनी को छेउमा रामचन्द्रको तस्वीर र अन्य देवताहरूका मूर्ति छन्। नित्य पूजा आरती गर्ने गर्छन्। हेरचाह गर्ने महन्त त्यहीं बसेकाछन्। रामधुनीको दर्शन स्पर्श गर्न श्रद्धाले यात्रीहरू पनि बराबर जान्छन्। अब फर्केर चतराबजार तर्फनै जाउँ। किन ! की, वराहक्षेत्र-यात्रा बाँकीनै छ।

सुरम्य मार्ग-वर्णन

शिखरिणी

बढ़ौं हे यात्री हो ! अब अगि लिई नाम हरिको ।
तजी सारा चिन्ता गृह बिषयको बात जति हो ॥ १ ॥
मनोइच्छा पुग्ला नियमसित यात्रा यदि गरे ।
अवश्य पाइन्छ स्मरण गरिहिंड़े दर्शन भरे ॥ २ ॥
मुनी नीलो कोशी उस उपर पाहाड़ हरित ।
किनारैको बाटो अति छ रमणीय प्रमुदित ॥ ३ ॥
झुलेकाछन् वृक्ष क्रमश फल औ फूलहरु ली ।
भनी 'लानोस् हाम्रो पनि असल सौगातहरु यी' ॥ ४ ॥
वनी पङ्खा औ चम्मर पवन दाता पथिकको ।
गरी सेवा छाया बनिइ रविको ताप हरिंदो ॥ ५ ॥
अहा ! क्या आनन्द प्रद शुभ जल प्राप्त छ कहीं ।
सुगन्धित् हावाको, सरर मधुरो छ स्वर पनि ॥ ६ ॥
सफा सेता चाँदी जनइ अथवा दूध मणि झैं ।
बही खोला, नाला, छलल मन हर्ने, धवल नै ॥ ७ ॥
चरा पक्षी बस्छन् सुमधुर मिठा, कीर्तन गरी ।
उड़ी नाची डुल्छन् तरु गगनमा गाउँछ 'हरि' ॥ ८ ॥
गिरी खोला, नाला र उपवन शोभा नयनले ।
जती हेर्‍यो हेर्ने मन अरु हुने मुग्ध मनले ॥ ९ ॥
हिड़ौं श्रद्धाद्वारा गरिकन वराहस्मरण नै ।
छ राम्रो हेर्दामा, छविमय वराहक्षेत्र तकनै ॥१०॥

चतराबजारदेखि वराहक्षेत्र सम्म २ कोश पैदल हिड्नु पर्छ । ब्रह्मानन्द खोलाको घाघीले नाउ सरासर वराहक्षेत्र पुग्न सक्तैन । लेठामात्र बढ्ने हुनाले, पैदलै हिंडेर तीर्थ यात्रा गर्नु पुण्य या मङ्गल दायक छ । पूर्ण-फल पाइन्छ भन्ने धार्मिक विचारबाट र पाहाड़को दृश्य हेर्दै केही पैदल हिंड्नाले व्यायाम हुन्छ । शरीर या स्वास्थ्य पनि स्वस्थ रहन्छ । भन्ने आधुनिक विचारबाट पनि २ कोशको यो ! बाटो हिड्नमा फाइदा अवश्य छ । गाऱ्हो पनि छैन । न धेरै उकालो छ । न धेरै ओरालो । ठाउँ ठाउँमा तेर्सो बाटो हुनाले रमाइलो छ । अनि दायाँ बायाँ प्राकृतिक सौन्दर्यले शिङ्गारिएको दृश्य उपस्थित छ । कोपिलाको मुस्कान र फूलको हंसाई, बिरुवा-को मौलाई अनि उत्सुकतासाथ बढ़िरहेको लहराको लम्काई देखेर कवित्व हृदयबाट भावको मूल फुट्तछ । कविको अगाड़ि बढ्दोपाउको गति रोकिन्छ । कता कता हेर्न पुगेको आँखा एकाएक रङ्गिएर गम्भीरतामा परिणत हुन्छ । हर्षले गद्गदाकार शरीर रोमाञ्चित भई टक्क अड़िएर थचक्क ढुङ्गाको कुर्सीमा बस्छ । किन ? कलम लाई सेतो कागतमा नचाउन अथवा मनोहर सुरम्य मार्ग-को वर्णन अक्षर द्वारा गर्न । जस्तो छ त्यस्तै दृश्यादिको चित्रण गरी समाजलाई देखाउन । यात्रीहरुलाई पनि

एकान्त स्थानमा शान्त स्वरूप भगवान वराहको दर्शन गराउँनानिमित्त डोऱ्याउँदै लिएर जान। कवि हतारिन्छ। किन ? की अब चाँड़ै वराहक्षेत्र पुग्नु छ। बाटोमा धेरै बेर अल्मलिनु हुंदैन। यात्री हो ! तपाइंहरू पनिपछि लाग्नोस्। बौलाहा होकी सद्धे हो, यौटा छरितो ठिटो अगाडि लाग्दै छ। त्यो ! हो भावुक हृदय भएको 'कवि'।

अब यो लेखन्तेले मसी छेर्दै अक्षरको रूपमा परिणत गरी भन्छ। राम्ररी ध्यान दिनुहो भने बाटो बनाएर वराहक्षेत्रसम्म मोटर चलाउन पनि उस्तो मुश्किल पर्दैन। किनकी अन्य स्थानतर्फ विकट पाहाड़ कन्दरा फोरी अनेक उपायद्वारा पर्वतका शृङ्खला नाघ्दै मोटर दौडाएको देखिन्छ। यहाँ त त्यस्तो विकट पर्वतको चुचुरामाथि मोटर गुड़ाउने आवश्यकता छैन। पाहाड़को काखैकाख सोझोबाटो निकाल्ने योजना गर्न सकिन्छ। नेपाल सरकारको मनमात्र हुनु पर्छ।

एतन्मध्ये च यावन्तो जल धारा समुद्भवा।
ताः सर्वावरतीर्थाः स्युस्तासु स्नात्वादिवं व्रजेत्॥
(हि० ख० ३४ अ० १३ श्लोक)

'ये क्षेत्र भित्र निस्केका जति जलधारा (नदी नाला तलाउ) छन्। ती सबै उत्तम तीर्थ हुन्। तिनमा स्नान गर्नाले स्वर्ग जाइन्छ॥' भन्ने शास्त्रको वाणी अनुसार। हे प्यारा ! तीर्थ यात्री हो। सके स्नान नसके मार्गमा

भेटिने जल धाराहरूमा स्पर्शमात्र भए पनि गर्दै जाऊँ।

थकाई लाग्यो होला विश्राम पनि गरौं। कोशीमा नीलो स्वच्छ जलको प्रवाह छ। किनारमा ढुङ्गाकै फलैंचा छन्। रूखको छहारी मुनी बसेर यसो चारैतिर नजर दौड़ाउन पाउँदा हरियो पाहाड़कोताँति मानो वराहक्षेत्र जाने प्राकृतिक मनोज्ञ द्वार देखेर चित्त कति प्रफुल्ल हुन्छ ! अनुभव भयो होला। शीत मन्द र सुगन्धित वायुको स्पर्श हुनासाथ पसिना सुक्यो र थकाई मरी मन आनन्द मय भयो। कोशी या धाराको चिसोपानीले तृषित हृदय लाई तृप्ति दिई अगाड़ि बढ़ौं।

विभिन्न जात जातका चराचुरुङ्गीहरूले विभिन्न लय र स्वर सुर निकाली आफ्नो मीठो भाषामा गीत गाउँदै नाची रहेकाछन्। तित्रा फटयाङ्ग्रा र झ्याउँकिरीहरूले थरो-थरीका बाजा या बाँसुरी बजाए झैं हर्षको घोष छरिरहेका हुन्छन्। ढुङ्गामा ठक्करखाई गुञ्जिएको कौशिकीको आवाज 'धिन्ताङ् धिन्ताङ्' गर्दै मादल घन्किएझैं सुनिन्छ। यो ! सबै दृश्यालोकन गर्दै कौशिकीको जलबाट गोहीहरू पनि पाखामा उत्रिएर निर्भयसाथ घाम तापिरहेका हुन्छन्। गोंच र सोंस अनि माछाहरू पानि फुत्त फुत्त उफ्रिंदै हेर्नें इच्छा पूर्ण गर्न खोज्छन्। यो जङ्गलको बाटोमा हिंसक जीवले पनि अहिंसावृत्ति गर्छन्। त्यसकारण ! कुनै जन्तुले

मानिसमाथि आक्रमण गरेको थाहा छैन ।

यो सुरम्य-मार्गमा दुर्जनलाई पनि सज्जन हुने प्रेरणा मिल्दछ । अश्रद्धालु श्रद्धालु र दुष्ट दयालु बन्छन् । तर—

दया-सञ्चार के हुन्थ्यो ! पाषाण हृदयस्थमा ।
ज्योति मर्दछ आँखाको, रात्रिको अन्धकारमा ॥१॥
ज्ञानको बत्ती बल्दैन, जस्को भित्री हृद्स्थमा ।
स्वभावै निर्दयी हुन्छ । गर्छ पापै जहाँ तहाँ ॥२॥
कौशिकी तटमा हेर ! निर्दोष प्राणी मर्दछन् ।
'जालमाछु' नजानेर जाल खेल्न रमाउँछन् ॥३॥
भविष्यलाई सोच्दैनन् देहपाएर नश्वर ।
मूढ़ो हो वा मनुष्य हो नचिन्ने जगदीश्वर ॥४॥
बल्छीमा मीन बाँधेर मार्न माछा गऱ्यो छल ।
दुवैहात पसारेर जाल हान्छन् निरन्तर ॥५॥
हरेर प्राण अर्काको 'स्वार्थ पूर्ति गरौं भनी ।
राक्षसी चाल चल्दैछ मनुष्य रूपमा पनि ॥६॥
लुकेको दोषले दुष्ट स्याल, ब्वाँसो पशु सरी ।
बनियौ हे ! मनुष्य हो, सर्वव्यापकछन् हरि ॥७॥
पुजारी टहलु यात्री तीर्थ वासी वरिपरि ।
ब्रह्मानन्द र कोकाले घेरिएको स्थला पसी ॥८॥
नखानु मदिरा मासु, हिंसा गर्नैं निषेधछ ।
नमाने शास्त्रको बात, पाप लाग्ने अवश्य छ ॥९॥

श्रीवराहदर्शन गर्ने नियम

रजस्वला स्त्रीलाई छोएर, रति गरेर, चिताको धुवाँ-को स्पर्श भएर, राती सुतेर उठी मल मुत्र त्यागी स्नान नगरी, मासु रक्सी मादक पदार्थ खाएर अशुद्ध भई मन्दिर भित्र नपस्नु। कालो, नीलो, रातो लुगा लगाएर पस्न पनि निषेध छ। वराह पुराणको १२७ अध्यायमा यस्तै ३२ प्रकारको दोषदेखि बचेर भगवान्‌वराहको पूजा दर्शन गर्ने नियम छ। नियम विरूद्ध गरेको पूजा दर्शनको फल विपरीत (उल्टो) हुन्छ। अथवा धर्मको बदला पापकोमात्र भोगी हुन्छ। त्यस अवस्थामा परैबाट श्रद्धाले नमस्कार गरे लाभप्रदछ। किनकी शरीर चढ़ाइंदैन, मन, वचन र भक्तिमात्र चढ़ाईन्छ। दर्शन गर्न जाने एक महिना पहिलेदेखि एकछाकमात्र खाई मद्य, मांस त्यागी हिंसा वृत्तिदेखि पर सरी हाल्नु पर्छ। नसके चारदिन अवश्य नियममा रही दर्शन पूजन गर्नु' भन्ने शास्त्रको मत छ। अनिमात्र पुण्य मिल्छ। मनोकामना (मनले चिताएकोकुरा) पनि पुग्छ। इन्द्रिय सुखमा लुब्ध भएर निमम पनि पालन गर्न नसक्ने, दर्शन पूजन गरेको पुण्य-फल या मनोकामना पूर्ण भएन भनेर ईश्वरमा विश्वास पनि नगर्ने मानिस महामूर्ख हो। भन्नमा अत्युक्ति न होला।

यात्रीहरूलाई वराहक्षेत्र डोऱ्याउँदै ल्याउने मानिस 'कस्तो बरालिएर हिंड़ेको ?' भनी पछयाउँनेहरू पनि अलमल्ल परे होलान्। तर कोशी किनारमा माछा मार्नेलाई देखेर पो मेरो भाव बरालिए छ। अनि नियमतिरपनि अलिकति ध्यान आकर्षित भए छ। अब नआत्तिनु होला। पाउ पनि चालिंदै छ। हामी वराहक्षेत्रको नजीकै आई पुग्यौं। हेर्नोस्। ऊ त्यो ! रमाइलो पाहाडको काख अथवा कोशी किनारको ऊचो स्थान नै वराहक्षेत्र हो। वैकुण्ड वासी भगवान् विष्णुको द्वारपाल जए विजए जस्तै दायाँपट्टि कोका नदी, बायाँपट्टि यही स्वच्छ शीतल जल कलकल गर्दै वहने ब्रह्मानन्द खोला छ। ठिक अगाड़ि तल कौशिकीको नीलो जल शान्त र गम्भीर भएर सलल वहंदै ब्रह्मानन्दको जलमा स्पर्श आचमन गरीफेरि भगवान् वराहको दर्शन गर्न फर्किंदै गरेकोले निर्मल तलाउ बनिएको छ। जसबाट हृदय पवित्र गराउने दृश्यले वराहक्षेत्रको शोभा भव्य गराएको छ। सेतो मन्दिरको उज्यालो गजुर अनि वल्लोपट्टि गाउँ घर पल्लोपट्टि कोशी योजनाको क्याम्प क्वाटरहरू देखिन्छन्। अनि बल्ल आई पुगियो भन्ने हर्षकोसाथै पाउ अगाड़ि बढ्न हतारिन्छ। हामी ब्रह्मानन्दको छेउमा छौं। यो ! ब्रह्माजी द्वारा सृष्टि भएको ब्रह्मकुण्डबाट खोला बनिएको पवित्र

तीर्थ हो। भन्ने अगिकै उल्लेख दोहऱ्याई गरियो। यहाँ स्नान या स्पर्श आचमन गरेर मात्र जाऔं। म चाहीं यहाँबाट देखिइरहेको वराहक्षेत्र दृश्यको वर्णन गरी सुनाउँदै गर्छु।

वराहक्षेत्र - छवि

छलल सलल कोका कौशिको दृश्य हेर।
कमलहरु फुलेझैं पोखरी बीच धेर ॥ १ ॥
झलमल छवि पूर्णै, फूल औ मन्दिरादि।
वन तरु लहरा औ ऊचछन् पर्वतादि ॥ २ ॥
अधर उपर दाहा-माथि पृथ्वी उठाई।
जगततिर नियालीछन् बसेका रमाई ॥ ३ ॥
तुहि जल पिउने क्वै, बीर यौटा वँदेल।
सरि प्रभु हरिनैहुन् पवताऽकार हेर! ॥ ४ ॥

हुन पनि भगवान् वराह पर्वताऽऽकार भएर बस्नु भएको छ। त्यसकारण हिमवत्खण्डको ३४ अध्यायमा वराह पर्वत सृष्टि भएको कुरा यहाँ प्रमाणित हुन आउँछ। वराह तीर्थ, वराहक्षेत्र जे भने पनि यही पवित्र पाहाड़ हो। यो स्थानमा पदार्पण गर्नासाथ पवित्रात्मा हुन्छ; विचार पनि सङ्लिन्छ। चित्त शान्त र स्वच्छ अनि

आनन्दमय हुन्छ। चञ्चल बुद्धि गम्भीरतामा परिणत भएर व्यावहारिक चिन्ता हराउँदै जान्छ। श्रद्धाले शिर झुक्छ। भक्तिले हृदय प्रफुल्लित हुन्छ। सरस्वती खहरे खोलाबाट वराह पर्वत चढेर चारैतिर हेरौं, हामी भन्दा अघि को आएर यो स्थानलाई घेरी बसेका रहेछन्? पाँच जिल्लाबाट पाहाड़ पर्वतहरू यहाँ जोड़िन आई पुगेका छन्। तपस्वी ऋषिहरू भगवान् वराहको वरिपरि दर्शनार्थ भेला भए झैं देखिन्छ।

वराहक्षेत्र मोरङ् जिल्लाको पवित्र शिर हो। पूर्वपट्टि धन्कुटा पश्चिमपट्टि उदयपुर र सप्तरी जिल्ला पर्छ। उत्तर-पट्टि ४ नं भोजपुर र दक्षिणपट्टि यही मोरङ् जिल्ला पर्छ। इनै पाँच जिल्ला जोड़िन आई पुगेकोले पनि अहा! क्या अपूर्ण शोभा छ वराहक्षेत्रको—

अँङालदै मन्दिर गाउँ प्रेमले।
पलेँटि मारेर पहाड़ यी बसे॥ १॥
प्रसन्न आनन्द बढ़ाउने अहो!
अपूर्व शोभा छ वराहक्षेत्रको॥ २॥
एकान्त शान्तस्थल रम्य जङ्गल।
छन् दृश्य चारैतिर हेर मञ्जुल॥ ३॥
बड़ा महर्षी ऋषिझैं पहाड़छन्।
एकाग्रतालीकन ध्यान गर्दछन्॥ ४॥

कहाँकहाँबाट बहेर कौशिका ।
कोकासितै सङ्गम भो प्रसिद्धका ॥ ५ ॥
प्रणाम औ दर्शन श्रीवराहको ।
गरेर गङ्गासित भेट्न मन् भयो ॥ ६ ॥
नदी र खोला छहरादि पर्वत ।
छ वृक्षले रम्य अति सुरक्षित ॥ ७ ॥
दिएर घेरा उभिए सबै अहो !
अपूर्व शोभा छ वराहक्षेत्रको ॥ ८ ॥

कौशिकी नदीको निर्मल जलमा श्वेत हाँसका जोड़ी जोड़ी मिलेर डुबुल्की मार्दै पखेटा फर्फराई खेलेको दृश्य कमलको कोपिला फर्र फुकेर फक्रंदै गरे झैं देखिन्छ । विभिन्न जातका रङ्गी विरङ्गी फूलहरू कोपिलाबाट मुसुक हाँसी प्राकृतिक उद्यानको सौन्दर्य बढ़ाई रहेछ । खञ्जरीत, जुरेली, फिस्टा, रानी, चरी, ढुकुर, परेवा, बकुला, इत्यादिको रमाइलो नाच गान कोशी किनार बनोनिकुञ्जमा देखिन्छ । भमरा पुतलीहरू थपड़ी मार्दै गाउँछन् । उत्तर तर्फको गिरिश्रृङ्खलातर्फबाट वराहक्षेत्रमा अवलोकन गर्दा बायां पट्टि फुल्ने रातो झलमल्ल फूलको झाँग र दायाँपट्टिको हरियो वृक्षहरूको शिरमा लश्कर लागेर फुलिरहेको समुज्ज्वल चुवाको गुच्छादार फूलको छवि मनोहर छ ।

भावपूर्ण दृष्टिपात गर्दा जगदीश्वर वराह रूपको

दर्शनार्थ जाने प्रकृति देवीले स्वागतद्वार सजाएर राखे जस्तै लाग्छ। कल्प वृक्ष र आम्र वृक्षहरूले फल चढ़ाउँदै शिरनिहु र्याई रहेकाछन्। कलकलाउंदोलहरोहरू बेहिंदै वृक्षका शाखा-सित लर्किएर चम्मर बनी वराह नाथलाई हम्किरहेकाछन्। कलिला कोपिलामुनाहरू धरणीधरको दर्शन पाएर प्रसन्न छन्। मनलाई आनन्द दिने मलयाचलबाट सुमधुर शीत मन्द र सुगन्धित वायु सञ्चार भई फूलहरूले लटरम्म भएका गाछी लहराहरूका झुप्पा अथवा फूलहरूका गुच्छा हल्लाउँदा, स्वर्गबाट उर्वशी तिलोत्तमा रम्भा इत्यादि अप्सराहरू शिङ्गारिएर भगवान् वराहलाई खुशी पार्न हाव भाव कटाक्ष गर्दै नाचिरहेको भान पर्छ। ऋतुहरूमा श्रेष्ठ वसन्त राजले भगवान् वराहको स्वागतार्थ चमत्कारपूर्ण अलौकिक शोभाफिंजारी वराहक्षेत्रलाई अझै सुसज्जित पार्छन्। रात्रिमा झिलिमिली देखिने तारा दिनभरी फूलको रूपलिएर परमेश्वरको सेवार्थ पृथ्वीमा उत्रिए झैं पाखापर्वतै भरी फुल्ने सेता फूलहरूको उज्यालो टहकले आँखानै तिर्मिर्याउँछ। त्यसमाथि विहानी सूर्यको सुनौलो किरण पर्दा ईश्वरी छविमा समुज्ज्वल ज्योति फैलिन्छ। यस्तो मनोज्ञ दृश्य देखेर सम्पूर्णप्राणीहरूको चित्त आकर्षित हुन्छ। अनुपम सौन्दर्यमय वराहक्षेत्रको भव्य मनोहर छटा भक्तहरूको हृदयमा श्रद्धा र भक्ति

जागृति गर्ने प्रेरणा दायक हो भन्न सकिन्छ।

एकान्तस्थलको शान्त सुरम्य मङ्गल प्रदः।
धर्म कर्म तपस्यादि, गरी दान निरन्तर ॥१॥
तीर्थ स्नान र पुण्यादि गरेर फल पाउन।
पूर्वोक्त पुण्यले फेरि पूण्यलाई बढ़ाउन ॥२॥
वराहक्षेत्रमा वास वराह-गर दर्शन।
अवश्य स्वर्ग जाइन्छ देव तुल्य बनिकन ॥३॥
सुरको लोकमा पुण्य क्षीण हुन्छ पुगेपछि।
मनुष्यलोकमा बृद्धि हुन्छ कर्म गरेपछि ॥४॥
कर्म स्थान हो यो ! क्षेत्र पवित्र अति उत्तम।
सम्पूर्ण तीर्थको माथ सर्वश्रेष्ठ भनिकन ॥५॥
प्रमाण शास्त्रमा हेर ! विष्णु रूप वराहको।
'धरण्युद्धारणार्थाय' अवतार लिनु भयो ॥६॥
वराहक्षेत्रकोसाथ दाजौं लौ बद्रिकाश्रम।
'दुवैमा श्रेष्टता कुन् छ ? जानौंलाकि ?' भनिकन ॥७॥
उद्धार पृथ्वीको गर्दै बसे वराहक्षेत्रमा।
श्रीनारायण ली रूप गर्न विश्राम् गए वहाँ ॥८॥
तपस्या श्रीनर फेरि श्रीनारायणले गरे।
गर्न दर्शन बद्रिको तीर्थादि हेम शैलले ॥९॥
गरी वेष्ठित शोभेका दृश्यालोकन गर्नने।
जान्छन् कष्ट सही यात्री, खर्च धेर पिटाउँदै ॥१०॥

नेपाली किन हो ! जाने ? शिर छाड़ी छुन पुच्छर ।
ज्ञान-बत्ती नबालेर खोजी पाइन्छ ईश्वर ? ॥११॥
नेपाली जनकोरक्षा नेपालेश्वर गर्दछन् ।
उत्तरा खण्ड नेपाल, उसै पवित्र भन्दछन् ॥१२॥
विश्वको त्राण नेपाल शक्तिशाली र धार्मिक ।
हिमालय गिरिश्रेष्ठ सलिला पावनी स्थित ॥१३॥
गरी बेष्ठित शोभायमान सौन्दर्य पूर्ण छ ।
प्रकृति रानीकासाथ राजा वसन्त घुम्दछ ॥१४॥
अपूर्व ज्योति झल्मल्छ दिव्य शोभा मनोहर ।
विश्वमा गौरवसाथ फैलिने कीर्ति निर्मल ॥१५॥
आत्मा नेपाल भूमिको सर्वव्यापक प्राण त्यो ! ।
महत्वपूर्ण हो यस्तो, यात्रा वराहक्षेत्रको ॥१६॥
पूर्वपश्चिम ईशानतर्फ उस्तै मनोज्ञता ।
दृश्य देखिन्छ क्या ! आहा ! हरियो बनकुञ्जका ॥१७॥
यताघाट उतासम्मै बहन्छन् छहरा, नदी ।
गिरिगह्वर पाहाड़ वराहक्षेत्र वरिपरि ॥१८॥
मह अमृत या तीर्थ दिने देवत्व हो जल ।
हिमाल चाँदीका मुस्ला मणि झैं अति निर्मल ॥१९॥
छल्बलाएर कोका र कौशिकीमा मिलीकन ।
दौड़ा दौड़ गरी हिड्छन् पाउँनै हरि-दर्शन ॥२०॥
झुहेकाछन् सबै वृक्ष फल फूल लिईकन ।

फक्रेका फूल औ पात खस्छन् फर्फ अनेकन ॥२१॥
मानो देखिन्छ इन्द्रादि देवताले स्तुति गरी ।
पुष्प नैवेद्य बर्षाई गरे दर्शनकै सरी ॥२२॥
मही भित्र यदि स्वर्ग विष्णु लोक कहीं छता ।
वराहनाथको प्यारो वराहक्षेत्र छ स्थला ॥२३॥
धन्य हो ! धन्य हो !! यस्तो प्यारो नेपाल तीर्थ यो !
गरियो भाग्यले यात्रा यही वराहक्षेत्रको ॥२४॥
नजीकै कविको झुप्रो कवित्वले चिनाउँछ ।
'मानूवज्राचार्य' हो नाम 'मानवज्राश्रम' बुझ ॥२५॥
सुवास छरी दौड़ेका शीत मन्द समीरको ।
यो ! हो क्रुड़ास्थला रम्य गर्नै आराम लौ ! पऱ्यो ॥२६॥

प्रिय यात्री हो ! कविले 'आराम गर्न पऱ्यो' भन्दा तपाइंहरू निराश हुनु भयो होला । धेरै बेर हैन एकछिन् मात्र भावनाद्वारा भए पनि त्यति ढाढ़ाबाट तपाइंहरूलाई वराहक्षेत्र यात्रा गराउँदै घर आईपुग्दा आफ्नो झुप्रोभित्र पसेर केही बेर विश्राम गर्न मन लाग्छ । एकदिन तपाइंहरू साँच्चै हिंड़ेर यहाँ आई पुग्दा अवश्य यो ! झुप्रोमा पसी आराम गर्न मन लाग्नेछ । यहीं नजीकै मन्दिरहरू देखा पर्दैछन् सबै घुमेर दर्शन गर्ने गराउने मेरो नियमित कार्य हुनाले फेरि मेरोपछि लाग्नोस् । ए बिर्सिएछु मेरो हैन । मेरो भावनाकोपछि पो लाग्नोस् भनेको अब यतैतिर

जुत्ता फुकालेर एकजनाको रेखदेखमा छाड्नोस्। हरियो नीलो, कालो, रातो रंगको अनि वासी लुगा फुकाल्नोस् र पहिले नुहाउन हिंड्नोस्। जे लेखिंदैछ। त्यसमा ध्यान दिन पनि नबिर्सिनु होला!

वराहक्षेत्र मन्दिर-मूर्ति-दर्शन

उत्तरमा फाटक दक्षिणमा दैलो भएको पर्खालभित्र तीनवटा मन्दिर, अगाड़ि सानो २ कोठे पाटी र घन्टी-हरू झुण्ड्याएको किल्ला छ। दाहिनेपट्टिको मन्दिरमा श्री भगवान्वराह हुनु हुन्छ। क्रमशः बायाँतर्फ श्रीपञ्च भगवान् श्री लक्ष्मी हुनु हुन्छ।

उत्तरपट्टिको फाटकबाट ६ वटा मन्दिरहरू र ५ ठाउँमा शिलामूर्ति बाहिरैबाट देखिन्छन्। दाहिनेपट्टि नयाँ बनिएको धर्म शाला १ र पुरानो धर्म शाला १ अनि कोशी योजनाको क्याम्प आफिस घरहरू देखिन्छन् अगाड़िपट्टि कोका नदी पूर्वबाट उत्तरतर्फ छलबलाएर बहेको, ईशान तर्फबाट केही पश्चिमदिशा हुंदै नैऋत्यकोणतर्फ सलल बहेकी कौशिकीको निर्मल जल देखिन्छ। दाहिने र बायाँतर्फ ढुङ्गा कुँदेर चिठेको लामोलामो खुड्किला भएको चौतारोहरू जस्ताछन्। कहीं सिमन्टीले सजाए-का छन्। अनि केही घुम्दै बगरतिर ओर्लिने १५०

खुड्किला भएको सिंढ़ी सुसज्जितछ । अब विस्तारविस्तार उत्रेर आदि गङ्गाजी र कोका नदीको संगममा स्नान गरौं जप, ध्यान, पूजा, पाठ जे जे मन लाग्छ गर्न थाल्नोस् । म चाहीं केही छिनकोलागि तपाईंहरूको ध्यान त्रिवेणीतर्फ आकर्षित गर्छु । जहाँ जाने २ कोश सम्म रिंगटा लाग्ने अक्कारको बाटो छ । सप्तकोशीको उत्पत्ति र माहात्म्य अगिनै थाहा पाउनु भएकै छ । अब कुन् कुन् नदी मिसिएर ? कुन कुन पाहाड़बाट निस्किएको छ ? त्यस विषयमा यात्री महोदयहरूलाई ज्ञात गराउँछु ।

मैना पाहाड़को काखमा भोटेकोशी, तामाकोशी, दूध कोशीहरू सुन कोशीमा मिस्सिएर क्रीड़ा गर्दै निस्किएका-छन् । हिमालको काखदेखि केही तल झरी बरुण अरुणमा मिस्सिएर यहाँ छिन्ताङ् पर्वतको दायाँ फेदीबाट अरुण नामले निस्किए । इनै छिन्ताङ् पर्वतको बाँया फेदी र ताङ्केरा पर्वतको फेदीबाट बेगसित छल्बलाउँदै तम्मर निस्किए र तीन तिरबाट बहँदै आपसमा भेटघाट गरी २ कोशसम्म शान्त र गम्भीर स्वभाव लिई यौटै बाटो पक्री प्रसन्न स्वरूप भएका धरणीधर भगवान् वराहको दर्शनार्थ सम्पूर्ण प्राणीहरूको उद्धार गर्दै पवित्र जल धारण गर्ने सप्तकोशी नामले प्रख्यात भई वराहक्षेत्रमा ईशानकोणबाट निस्किएर केही पश्चिम

हुँदै नैऋत्यकोणतर्फ लम्किदै कुर्सेलाघाट हुँदै गङ्गा माताको शरण परिन्। यी सप्तकोशीको अजवको दन्त्य कथा छ। यहाँ उल्लेख गर्दा पुस्तकको पृष्ठ बढ्ने हुनाले कलमलाई सम्हाल्न चाहन्छु। अस्तु

तीन तिरबाट नदी मिस्सिएको ठाउँलाई 'त्रिवेणी' भन्छन्। छिन्ताङ् डाँड़ाको फेदीबाट उठेको चुचे पर्वतको काखमा त्रिवेणी सानो बस्तीको रूपमा स्थित छ। दायाँ बायाँ र साम्रु नदी बहन्छन्। किनारको फराकिलो मैदान जग्गामा घर गाउँ सजिएको छ। कोशी योजनाको काम गर्ने कर्मचारीहरू वस्ने क्वाटर आफिस बनाएका छन्। तीन नदीको पानी नाप जाँच गर्छन्। अनि बालुवा कति बहँदो रहेछ ? भन्ने अनुमान लगाउँछन्।

कार्तिक पूर्णिमा र अन्य उत्तम पर्वको मध्ये रातमा भगवान् वराह कोका मुखबाट ज्वालाको रूप लिई यो त्रिवेणी संगममा स्नान गर्न आउनु हुन्छ। भन्ने कुरा प्रमाणित छ। यहां स्नान गर्नानिमित्त पर्वपर्वमा श्रद्धालु जनहरू धाएर आउँछन्। यहाँका तीनैबटा नदीमा घिलिङ् र नाउद्वारा वारपार गर्ने प्रवन्ध भएकोले। पाहाड़का विभिन्न स्थान जाने आउने मानिसहरूलाई सुविधा भएकोछ। बाटोपनि सोझो छ।

वराहक्षेत्रबाट यहाँ सम्म आउने २ कोशको भयङ्कर

अङ्कुरको बाटोमा चाहीं हिंड्दा नौलो मान्छेको मुटु काँप्छ। नेपाल र भारतको सल्लाह बमोजिम सुदृष्टि परी केही फराकिलो मार्ग बनाई दिए अभरमा परी मर्नेको आत्माले शान्ति पाउने थियो। फेरि बटोहीहरूको पनि अकाल मृत्यु हुने थिएन । पाहाड़तिर जाने आउनेहरूलाई ठूलो सुविधा प्राप्त हुने थियो। पाइलै पिछे आशीर्वाद दिने थिए। अन्तिममा यही निवेदन गर्छु। यसतर्फको विकास गर्न सरकारको ध्यान आकर्षित हुनु अति आवश्यकछ।

अगिनै कौशिकी र कोका नदी संगममा स्नानादिकर्म यात्रीहरूले गरी सक्नु भयो होला। दुवै नदी संगमको बीचमा नुहाएको फल अवश्य पाउनु हुनेछ। अब ताम्रपात्रमा या कुनै असल पात्रमा संगमको बीचबाट पानी बोकेर भगवान्‌को नाम जप्नोस्। जान्नु हुन्न भने मैले नित्य जप्ने मन्त्र सिकाउँछु 'श्रीवराहाय श्रीवराहाय ॐ नमो भगवते धरण्युद्धराय' फेरि सिंढ़ीको उङ्कालो चढ्दै मूल भगवान्‌वराहको मन्दिरमा प्रवेश गरौं।

मूल वराह-मन्दिर

उत्तरपट्टि जस्केलो पश्चिमपट्टि पित्तलको थाम र पञ्चधातुले बनिएको वराह मूर्ति बीचमा भएको चित्र बुट्टाले सजिएको ढोका, अनि सुनौलो गजुरले सज्जित अरू

भन्दा केही ठूलो र अग्लो मूल मन्दिर हो। सेतो पक्की भईं र लइरे फूलबुट्टा अनि श्रीसीताराम, श्रीमद्वराह चरणे शरणो हि जुद्ध' लेखेर सजाएको भित्ता स्वच्छ देखिन्छ। दायाँ बायाँ चन्द्र सूर्य चिह्न भएको चार गरालेयुक्त ३ फूट भन्दा केही अग्लो चन्दन शिलाको देवल भित्र जगत् पिता भगवान् वराहले उन्नत थुतुनो दक्षिण फर्काई संसारलाई हेरिरहेको टाङ् फटाई उठेको एक फूट अग्लो मूर्ति छ। जुन स्वरूपले रसातलबाट धराको उद्धार गर्नु भएको थियो। यो त्यही साक्षात् विष्णुले लिनु भएको पवित्र वराहरूप भगवान्को मूर्तिहो। दायाँ हातले कम्मरमा, बायाँ हातले जाँघ नेर पक्रेकाछन्। दायाँ पाउ बीच कमलमा, बायाँ पाउ केही उठाएर लक्ष्मीको काखमा राखी उभिएकाछन्। दुष्टको नाश र भक्तको रक्षा-निमित्त अनेकौं स्वरूप धारण गर्ने भगवान् वराहले पृथ्वीलाई सम्हालेर दुइदाह्राको बीच अड्याई उचालिरहनु भएको आकार देखिन्छ। पाउको सेवामा तल्लीन भएकी लक्ष्मी-को स्वरूप बायाँ पाउनेरको कुनाबाट उठेकोछ।

भगवान् वराहको देवलदेखि दायाँपट्टि शिव, कछुवा, वराह मूर्ति २ पाञ्चजन्य शंख ३ भवानी, गणेश इत्यादिका साना ठूला शिला मूर्तिहरूछन्। बायाँपट्टि २॥ फूट अग्लो बसेको गणेशजीको भव्य शिला मूर्ति र

त्यस्तै साइजको चारै दिशाद्वारा स्तुति गरिएको पद्ममाथि उभिएको वराहभगवान्को शिला मूर्ति छ। २ फुटको दुरूस्त गरूड़ मूर्तिले पनि छेउमै घूँड़ा मार्दैटेकी हात जोड़िरहेकोछ। २४ वटा शालिकराम शिला एकथालमा अनि धलौटे मूर्तिहरू निकै भईंमा नै सजाएर राखेकाछन्।

अब जलद्वारा स्नान, गराई चन्दन या केसरी अविर फूल तील जौ धूप दीप नैवेद्य चढ़ाई भगवान् वराहको स्तुति र दण्डवत् गरी ढोगी जलले शरीर शिरमा सिंची चरणामृत फूल चन्दन प्रसाद ग्रहण गरी हात जोड़्दै बाहिर निस्कनोस्। अनि मन्दिरको दाहिने घुमेर दक्षिणतर्फ 'श्री लक्ष्मी मन्दिर' भित्र सरस्वती खोला पारी सातढोके पाखामा स्थित २, २ फूटका श्रीमहाँकाली श्रीमहाँलच्मीको शिला मूर्ति यहाँ ल्याई स्थापित गरेका छन्। अनि कलात्मक सुन्दर दुरूस्त भगवान्वराह मूर्ति र कपील मूनिको मूर्ति र २ पाउ भएको शिला छ। इनीहरूको दर्शन पूजन गर्दै 'श्री पञ्चभगवान्'को मन्दिर तर्फ प्रवेश गरौं। सात ढोके पाखाबाट ल्याई स्थापना गरेका ३, ३ फुटे राम्रो सिंहाशनमा उभिएका दुरूस्त आभूषण पीताम्बर पैहिएर फक्रिइरहेका कमलमाथि उभिएका चतुर्भूजी नारायणका २ र 'वराह रूप भगवान-को' त्यस्तै आभूषण र पीताम्बर मुकुट कुण्डल र कलात्मक

बुट्टाहरूले सजिएको सिंहाशनले शोभिएको द्विभूज मूर्ति छ । इनको पाउको आसन बनेर प्रार्थना गर्दै शेषजी छेउमा बसेको पुरुषरूप शिलाछ । बायाँ कुइनामा स्त्री रूप धारी धरणी हात जोड़ेर बसेको दुरुस्त देखिन्छ । यो पृथ्वीलाई दर्शन दिंदै बात चित गरिरहेको भगवान् वराहको मङ्गलमय महत्वपूर्ण मूर्ति हो । दर्शनीय पनि छ । अगाड़िपट्टि उत्तर फर्काएर राखेको वीर वंदेलको स्वरूप पुष्ट र बलियो ३ फुट लामो डेढ़ फूट अग्लो शिला मूर्ति छ । भर्खर घूँड़ा मारेर थुचुक बसेको वँदेल अहिल्यै जुरुक्क उठ्ला कि जस्तो दुरुस्त देखिन्छ । इनै भव्यमूर्ति-हरुको साम्नु पाँचवटा शिलाछन् । यहाँको दर्शन पूजन गरी सकेर दाहिनेपट्टि तुलसीमोठको पूजा प्रदक्षिणा गरी घन्टी झुण्डाएको किल्लातर्फ बढ़ौं । केही टाङ् फटाएर उभिएका बाँदरको दुइ र नागकन्याले विन्ती गरिरहेको राम्रो धलौटे मूर्ति र साना तिना मूर्तिहरू यत्र तत्र राखेका छन् । सम्पूर्ण मूर्ति पुज्दै उत्तरपट्टिको फाटकमा पुगेपछि ३ मन्दिरसहित सबै जसो देव मूर्तिको प्रदक्षिणा हुन्छ । अथवा सम्पूर्णलोक घुमी सक्यौं । अब फाटकको दाहिनेपट्टि श्रीइन्दजीको शिवलिङ्गरूप मूर्ति भएको मन्दिर, तल क्रमशः बिना मन्दिरको नरसिंह भगवान् भैरव, लक्ष्मीको बायाँ पाउ को डोब भएको शिला छ । सिंढ़ीदेखि बायाँपट्टि

वराहमुखी भगवान् (पञ्च भगवान् मध्येको)

नागेश्वर शिवलिङ्ग मन्दिर र अगाड़ि गुरु वराह मन्दिर छ। जुन मन्दिर राती विश्वकर्माद्वारा गजुर भन्दा तल्लो तहसंम निर्माण गरीपछि मानिसद्वारापूर्ण गरिएको हो। भन्छन्। यसै भित्र बीचमा दुलो भएको आधा फूट अग्लो गुरु वराहजीको शिला मूर्ति जमेर बसेको छ। यो आफैं उत्पन्न भएको हो र इनैलाई भगवान्‌वराहले गुरु थापी वर प्राप्त गरी पृथ्वीको उद्धार गर्ने शक्ति प्राप्त गरेका थिए। इनैलाई वराहेश्वर पनि भन्दछन्। जस्को वर्णन हिमवत्खण्ड को ३५ अध्यायमा गरिएको छ।

भगवान् हयमुखी

२००५ साल भाद्र महिनामा यहीं मन्दिर पछाड़ि को फूलको झाँग भएको पाखामा उत्पत्ति भएको (या देखा परेको) भव्य हयमुखी शिला छ। जस्को वर्णन देवी भागवतमा 'धनूँको ताँधो बलु किराद्वारा काट्न लगाई ब्रह्माजीले शयन गरिरहेका भगवान् विष्णुलाई जगाउँन खोज्दा जोड़ले चूँड़िएको धनूँको ताँधोले घिच्रो छिनी शिर क्षार समुद्रमा डुब्यो र हाहाकार पा-यो अनि महामायाको आकाशवाणीद्वारा गरेको आज्ञा अनुसार घोंड़ाको टाउको जोड़ी हयग्रीव दैंत्यको संहार गर्न समर्थ हुनु भयो। उनै परमेश्वर को यो ५ फूट अग्लो

विशाल मूर्ति इनै गुरूवराह मन्दिर भित्र स्थापित छ। अर्को छुट्टै मन्दिर बनाएर राखी नियमपूर्वक पूजा हुनु पर्नेमा सरकार र जनताको ध्यान अवश्य आकर्षित हुनु पर्छ। दायाँ बाहु काटिको शिरदेखि थुतुनोसंम ताछिएको हुनाले यहाँ जस्ताको तस्तै चित्र प्रस्तुत गरियो। यहाँको दर्शन पूजन सकेर अब दायाँपट्टिबाट बायाँ-पट्टिको श्री 'सूर्य वराह' मन्दिर पुगिन्छ। सूर्यले तपस्या

द्वारा भगवान्‌वराहको दर्शन वरदान पाएको सिद्ध शिला मूर्तिहो। द्वीभूजी नारायण स्वरूप सात घोँड़ा भएको रथ हाँकिरहने सारथीको पछाड़ि उभिएको १½ फूट अग्लो महत्वपूर्ण मूर्तिछ। यहांको दर्शन पूजन सकेर सामुन्नेको 'विष्णुपादुका'को दर्शन पूजन गर्दै 'वद्रीमुक्तेश्वर' मन्दिरमा जाऔं। ठूलो शिलामूर्तिमा श्रीवद्री मुक्तेश्वरको विराजमान भएको छ वरिपरि ४ देवताका शिला मूर्ति र छुट्टै वराहशिला मूर्तिमंदिर छ। दर्शन पूजन गरी फर्केर 'श्रीकोका वराहजी' को मन्दिर भित्र पसौं। जुन

श्रीहयमुखी भगवान् (उत्पत्तिकाल २०८५ भदौ)

स्वरूप कोकालाई दर्शन दिनु भएको थियो । स्वही महत्व-पूर्ण शिलामूर्ति यहाँ उभिएको १½ फूट अग्लो छ । बायाँ कुईनामा स्त्री रूप पृथ्वीलाई बसाली शेषनागमाथि केही फटाएर पाउ राख्नु भएको छ । दायांपट्टि नारायण स्वरूप-को पाले अनि बायांपट्टि आधा अङ्गको शिलामूर्ति छ ।

यहाँको दर्शन पूजन सकियो । अब केही उकालो लागेर इन्द्रजी पछाड़िको 'कल्प वृक्षको' दर्शन गरौं । अनि हाम्रो मनोकामना पुग्छ । तीर्थ यात्रा पनि सकिन्छ । यदि सकिन्छ र श्रद्धा भक्ति बढ्दै गएको छ भने कोका खोलै खोलातर्फ पाउ बढ़ाउनोस् । जुन खोलाको र तीर्थ-हरूको अघिनै वर्णन गरी सकें । दोहोऱ्याउन चाहन्छ पृष्ठ पल्टाएर हेर्नोस् ।

वराहक्षेत्र मन्दिर - विकासतर्फ



मेघाऽऽछादित व्योम भित्र रविको देखिन्न तेजस्विता ।
औंसीको निशिमा सुधाधर विना, देखिन्छ निस्तब्धता ।।
वर्षामा जल बाढ़ आउँछ नदी, खोलाहरू मैलिने ।
बेला आउँछ जान्छ, सत्य छ कुरा, जो हो, त्यही फैलिने ।।

भावार्थ—बादलले ढाकिएको आकाश भित्र सूर्यको तेजिलो ज्योति पनि देखिंदैन । चन्द्रमा नभएकोले औंसी-को रातमा घोर अन्धकार देखिन्छ । नदी खोलाहरू मैलिने गरी वर्षामा जल बाढ़ आउँछ । त्यो बेला जान्छ । फेरि जो साँचो कुरा हो । त्यही फैलिने बेला आउँछ । अर्थात् सूर्यको तेजिलो ज्योति धेरैदिन लुकाउन सक्तैन । औंसीको रात वितेपछि चन्द्रमा देखिन्छ । वर्षाको बाढ़पछि नदी खोलाहरूको जलमा स्वच्छता आउँछ । कविको भनाइ छ । जो साँचो कुरा हो त्यो ! प्रकट भएरै छोड्छ । बेला एकनाश रहँदैन ।

वराहक्षेत्रको यो ! यौटा उदाहरण हो। पाहाड़को कन्दरा भित्र गुप्त रूपले रहेको भगवान् वराहको निवास स्थान धेरै टाढ़ाटाढ़ा बस्ने मानिसलाई थाहा थिएन। त्यसकारण वराहक्षेत्रको नाम सुन्ने बित्तिकै त्यो ! स्थान कुन राज्य भित्र कहाँनेर पर्छ होला ? भन्ने हृदयमा कौतुहलमच्चिन्थ्यो। यहाँ भन्ने निश्चय नभएकोले अधिको मानिसहरूलाई वराहक्षेत्रमा आई भगवान् धरणीश्वरको दर्शन पाउनु नै दुर्लभ भयो। कारण ? अहिले जस्तै सुविधा जनक यात्रा हुँदैन थियो। यातायातको सुप्रवन्ध थिएन। बत्तीमुनी अँध्यारो भनेझैं, विश्वको कुनाकुना-सम्म हेर्न पुग्ने नेपालको आँखाले आफ्नै हृदयको एक कुनामा दृष्टि पुऱ्याउन सकेन। त्यसकारण सम्पूर्ण प्राणी-हरूको आत्मा भित्र फैलिएको ज्योतिर्मय छवि चर्म चक्षुलाई दर्शन गर्ने सौभाग्य प्राप्त थिएन। दैवीय दया वश उहिल्यैका राजालाई स्वप्नामा दर्शन दिएर भगवान् वराहले भने 'म यस्तो विकट पाहाड़को कन्दरा भित्र वन जङ्गलले ढाकिएर बसेको छु। नियमपूर्वक पूजा गरी मेरो क्षेत्र अथवा वराहक्षेत्रको प्रचार तथा विकास गर।' स्वप्ना पाए अनुसार प्राचीन कालका राजाले फौजी सिपाहींद्वारा खोजी पत्ता लगाए। जहाँ प्रकट भएर भगवान् वराह शिलारूपमा विराजमान गर्नु हुन्थ्यो।

त्यहाँ मन्दिर बन्यो। जहाँ ऋषि मूनि र देवताद्वारा-मात्र पूजा हुन्थ्यो। वहाँ ब्राह्मण देवताद्वारा नियम पूर्वक वैष्णव विधिले पूजा हुन थाल्यो। अनि हल्ला हावा सरी फिंजियो 'नेपाल भित्र एक कुनामा वराहरूप भगवान् देवलसहित प्रकट हुनु भयो। त्यस स्थानको नाम श्री-वराहक्षेत्रले प्रसिद्धछ।' केहीकालपछि राम्ररी प्रसिद्धै भयो। कैयौंशताब्दीपछि कुन राजाद्वारा हो कुन्नी निर्माण भएको मठ मन्दिर धर्मशाला सिंढ़ीचौतारो, ठूलो भूकम्पद्वारा भत्कियो, लड्यो। यसको जिर्णोद्धार गर्ने चाहीं चिन्न सक्छौं। त्यो यसप्रकार छ। सम्वत् १८४३ सालमाघेसंक्रांतिमा नेपालका महाराजा श्री ५ रण वहादुर शाहले यहाँका मन्दिर धर्मशाला सिंढ़ी चौतारो पर्खालको जिर्णोद्धार कुनै योग्य व्यक्तिद्वारा गराएको कुरा मूल मन्दिर अगाड़ि धर्मशालाको गाऱ्होमा रहेको शिला-लेखबाट थाहा हुन्छ। पछि फेरि भूतपूर्व राणाकालीन प्राइमिनिस्टर श्रीजुद्ध शम्शेर राणाले संम्वत् १९९० सालको, माघ २ गते ३ कादिन भीषण भूकम्पमा पाताल भएको श्री भगवान् वराहजीको मन्दिर धर्मशाला कौशि-कामा जाने घाटका सिंढ़ी र स्व मन्दिरका पार्श्ववर्ति मन्दिरहरू समेत तयार गरिबक्सियो। श्री सम्वत् १९९१ साल माघ शुक्ल एकादशी फाल्गुण ३ गते

गुरुवार शुभम्। भन्ने बाहिरपट्टि फाटकछेउमा लेखिएको छ। वराहमंदिर छेउमा लेखिएको १९९३ नै सम्पूर्ण मर्मत गरीसिध्याएको स्मृति चिह्न हो।

प्रजा तान्त्रिक नेपालाऽऽधीश श्री ५ महाराजाधिराज महेन्द्रवीर विक्रमशाहदेवको २०१३ साल पौषमा २ कोशको बाटो पैदलै सवारी भयो। वराहक्षेत्रका मन्दिर मूर्तिहरूको अवस्था राम्ररी नजर गरिबक्सियो। अनि 'वराहक्षेत्रको विकास गर्नु पर्छ' भन्ने पनि मौसुफको हृदय कमलमा विचारको सञ्चार भयो। केहीदिनपछि 'वराहक्षेत्रको विकासनार्थ कदम उठाई बक्सेको छ। अब चाँडै स्पेशल बंगला बनिने छ। वराहक्षेत्रमा यातायातको सुविस्ता अनि तीर्थ यात्रीहरूलाई सुप्रवन्ध हुन्छ।' भन्ने हल्ला हावा सरी उड्यो। अहिलेसम्म कार्यान्वित भएको छैन। 'यस्तो हवोस् भन्ने कामना चाहीं जनताले गरिरहेकाछन् र यो माग पुरा गर्ने कमिटी पनि विज्ञ र सज्जन व्यक्तिहरूद्वारा खडा भएकोछ। सबैको मुख्य ध्येयछ। 'वराहक्षेत्रको विकास गरौं। 'सरकारको ध्यान यथाशीघ्र यसतर्फ आकर्षित हवोस्।

कार्तिक द्वादशी

नभोभागमा साफ भो मेघ भाग्यो ।
हट्यो काल वर्षा, शरद्काल आयो ।।
नदी स्वच्छ खोला तलाऊ कुवामा ।
जमेझैं छ ऐना अहा ! क्या ! धरामा ।।

बनोकुञ्ज वृक्षादिको रूप नौलो ।
भयो हेमशैल स्थमा रङ् सुनौलो ।।
बड़ो रम्य शोभा, छर्‍यो सूर्य-ज्योति ।
फल्यो भूमिमा लौ ! चमक्दार मोती ।।

उताहेर श्रीचाँदनी-रात राम्रो ।
मनोभाव औ भाग्य जाग्दो छ हाम्रो ।।
दिशारूप नारी विलौना गरेर ।
जसै रोइ भागिन् उज्यालो बढ़े छ ।।

बनी फूर्तिला नीद आलस्य त्यागी ।
बढ़े हेर ! सम्पूर्ण प्राणी अगाड़ि ।।
विहङ्गादिको शब्द गुञ्जिन्छ पैले ।
मिल्यो प्रेरणा बिउँझिए लौ ! क्रमैले ।।

चतुर्मासमम्मन् निदाई सुतेका ।
जसै कार्तिकद्वादशी शुक्ल बेला ।।
सुनी घेर हल्ला स्तुति प्रार्थनादि ।
उठे श्रीवराह प्रभू भूमि धारी ।।

कार्तिक-मेला

शास्त्रमा वर्णित कार्तिकमासको माहात्म्यको स्मृतिले पनि धर्ममा श्रद्धान्वित भएका व्यक्तिलाई पवित्र तीर्थ स्नान, ईश्वरको दर्शन, पूजन, व्रत, दान पुण्य कर्म गर्ने र दीप जगाई, जागृति हुने प्रेरणा मिल्दछ। बर्षै पिच्छे ठूलो धाम पनि हुने, खर्च पनि बच्ने 'वराहक्षेत्रै पो जानु पर्‍यो' भन्ने इच्छा प्रबल हुन्छ। अनि कुनै भगवान् वराहको पवित्र स्वरूप दर्शन पाई मनुष्य जन्मलाई सार्थक बनाउन, कुनै मुक्तिपद प्राप्त गरी संसाररूपी सागरबाट तर्न, कुनै मनोकामनाहरू पूर्णपारी पूत्र पौत्र धन ऐश्वर्यले सम्पन्न भई लोभ मोह र ममतामा बाँधिएर भव सिन्धुमा चुर्लुम्म डुब्न, कुनै मनोरञ्जन गरी मेला घुम्दै रमाइलो गरी रूप, यौवन देखाउने र हेर्ने इच्छाले देश विदेशका पाहाड़ र मैदान-गाउँका, शहरका नेपाली विहारी र अन्य विभिन्न उद्देश्य लिएर कुनै उकालो चढ़ी कुनै ओरालो लागेर आउने यात्रीहरूको ओइरो लाग्छ। त्यस्तै देश विदेशका माल सामान चिज वीज कपड़ा किराना दोकानले कोका र कौशिकी किनारको वगर सुसज्जित हुन्छ। मेला पनि रमाइलो मनमोहक देखिन्छ। सरकारकोतर्फबाट सिपाहीं पुलीस अनि प्राइवेटतर्फबाट आएका जन सेवक दल रक्षार्थ विकट मार्गमा हेरचाह गर्नानिमित्त मेलामा

तत्परतासाथ घुमिरहेका हुन्छन् । जताततै हरि कीर्तन, गान, भजन, पाठ, पूजा, स्तुति गरेको दृश्यले मनलाई श्रद्धान्वित या हृदय पवित्र गराउँछ । राती जाग्रण बसेर भगवान् वराहको गुण गान गरेको जन समुहको स्वरले मन्दिर देखि लिएर बन, पाखा, पर्वतमा ठक्कर खाँदै आकाशसम्म गुञ्जिन पुग्छ ।

उज्यालो हुनु भन्दा पहिलेदेखिनै कोका कौशिकी-मा नुहाएर चिसैलुगाले थर थर काँप्दै लोटामा जल बोकेर दोभानदेखि यात्रुहरू लश्कर लाग्छन् । सिंढ़ीदेखि मन्दिरसम्म छिरी नसक्नु घुइंचो हुन्छ । 'श्री वराह बाबा की जए । श्रीवराहनाथ की जए ! श्रीवराह भगवान् की जए ।' भन्दै ठेलाठेल गर्दै हुलैअगि बढ़िरहन्छ । 'हूल नगर ! होशियार' भनी ढ्वाङ् फुक्तै जन सेवक दलहरुले विस्तार विस्तार खटाउँदै दर्शन गराउँछन् । यात्रीहरु हत्तारिएर अझै अगि सर्छन् । त्यस अवस्थामा अरु त के शरीरकोसमेत होश रहँदैन । वृद्ध, बालक र नारीहरुलाई दर्शन गराउँन बड़ो मुश्किल पर्छ । च्याप्टिएर कुल्चिएर अङ्ग भङ्ग हुने सम्भावना रहन्छ । त्यस अर्थ सम्हालिएर जानु पर्छ । भीड़मा पस्ने काम गर्नु हुँदैन । यस्तै प्रकारले वराहक्षेत्रमा कार्तिक शुक्ल एकादशीदेखि पूर्णिमासम्म ठूलो महत्वपूर्ण मेला लाग्ने

चलन उहिल्यैदेखि छ। मूल वराह मन्दिर भित्र चढ़ेको भेटी नेपाल सरकार र मूल पुजारीको आधी २ भाग लाग्छ। गुरु वराहमा चढ़ेको भेटी सानो पुजारीको हुन्छ। अन्य मन्दिर मूर्तिहरूमा चढ़ेको भेटी, कोठारी दुई, टहलु एक, पाले दुइ, दमाई तीन जम्मा आठ जनाले स्व स्थानमा यथा शक्ति टिप्छन्। यहाँ रेख देख गर्न महन्त आउँछन्। बसाई चाहीं चतरा मठमै छ।

एवं प्रकार ओइरिएका मानिसहरू सोहरिएर आफ्नो २ घरतर्फ फिर्छन्। अगिको चहल पहल अहिले सुन्यता-मा परिणत हुन्छ। अर्थात् कार्तिक मेलाको विसर्जन हुन्छ।

माघ संक्राँति-पर्व-मेला

(साँस्कृतिक)

समस्त काम खेतको सकेर धान भित्रियो।
प्रसन्न ती किसानको मुहार स्वच्छ देखियो॥
बितेरकाल थर्थरे समीर मन्द मन्द भो।
प्रकाश रम्मता दिने भयो शुरू वसन्तको॥
उमङ्गसाथ हर्षले मनोवहार कामना।
विभिन्न रङ्ग रूपमा लिई अनेक चाहना॥
मिली छिमेक गाउँले रमाइ शीघ्र बढ्छन।
भनी 'वराहक्षेत्रमा गरौं वराह-दर्शन'॥

अब मकर सङ्क्राँति पर्वको, माघे मेला पूस मसान्त देखि शुरु हुन्छ। किराना माल र खाने पिउने सामानको दोकान चाहिंदोमात्र आउँछन्। पाहाड़ी चीज बीज प्रशस्त आएको हुन्छ र बगर रमाइलो पार्छ। टाढ़ाबाट आउने यात्री उस्तो देखिंदैन। बिहारतिरबाट पनि कमै आउँछन्। पाहाड़ पर्वत र मोरङ् मदेशका नेपालीहरूको मात्र भीडले मेला झिली मिली हुन्छ। फाट्टफुट्ट सरकारी सिपाहीं र जन सेवीदल, यात्रुहरूको हेर बिचार गर्न आएका हुन्छन्। स्वदेशी भेष र भाषाले सुसज्जित नेपाली-हरूको अनुहार हंसिलो हुनुकोसाथै गौरवयुक्त पनि

देखिन्छ। आफ्नो रीति रिवाज या परम्परागत संस्कृतिलाई ज्यूँदो राख्न सक्ने ह्याउ भएका नेपालीलाई यहाँ चिन्न गाऱ्हो पर्दैन । हात समाउँदै लाम लागेर पवित्र प्रेम दर्शाउँदै हाँसी खेली हिंड्ने पाहाड़ी जीवन आनन्दमयनै देखिन्छ । जस्तै शशिमा शीतल प्रकाश देख्छौं । तर त्यो भित्री कलङ्क देख्दैनौं । अर्थात जति कष्ट सहेर श्रमद्वारा जीवनोपार्जन गर्नु परे पनि नेपालीको मुहारमा सधैं सुख र सन्तोष विराजमान् रहेझैं प्रसन्नता झल्किन्छ अनुहारमा रत्ति पनि श्रम र दुःखको आभास पाइँदैन । माघे संक्राँतिको विहान सबेरै कोका कौशिकी र दुवैको संगममा स्नान गरेर भगवान् वराहको दर्शनपूर्ण भएपछि परम्परागत आमाले थाप्लोमा र शरीरका विभिन्न भागमा तेल तील मिलाई ठोक्तै घस्तै आशीर्वाद दिन्छिन् । अनि तीलको लड्डू बनतरूल घिउ सक्खर चिउरा राखेर आनन्दसित खाँदै चाड़ मनाउँछन् । आमा नहुने अथवा भेट्न नपाउँनेले त्यो दिन अफ्सोस गर्दै आमाको सम्झनामा केही आँसु झार्छन् । वराहक्षेत्रमा आउने यात्रीहरू दिनभरी बजारको शोभा हेर्दै डुल्छन् । साँझ परेपछि केराथाम काटी दीयो बनाएर झलमल्ल बत्ती बाली रात भरी जाग्रण बस्छन् । लाखबत्ती बाली कीर्त्तन, भजन गर्नेले मन्दिरमा जताततै रमाइलो पार्छन् । ठाउँठाउँमा

झ्याली मजिरा डम्फु बजाउँदै खुट्टा पनि बाङ्गो र पारी उफ्रिँदै नाच्दै भट्याउँदै बालुन गाएको ठूलो स्वर सुनिन्छ ।

(बालुन गीत)

यो हो ठूलो धाम भजौं भगवान,
वराह जी सम्झेर,हो हो ! वराह जी सम्झेर ।
कौशिकीमा कोका दौडिएर आई, संगम बने छ ॥ हो हो०
पृथ्वी उद्धारने हिरण्याक्ष-मार्ने, हे विष्णु अवतार ।
शरणमा आयौं दर्शन पायौं, चरणमा छौं आज ॥ हामी०
भक्तको रक्षा निशदिन गर्ने हे ! प्रभु भगवान ।
दुर्गुण हाम्रो पाप बिनाश गर्दछौं प्रणाम ॥ भगवान्०

अर्कातिर स्वास्नीमान्छेहरू फन्को मार्दै । मनको कुरा पोखेर सुरिलो स्वरले गाउँदै संगिनी खेल्छन् ।

(सङ्गिनी गीत)

श्रीवराहजी नी दयालु द्यौता, दर्शन चाँड़ै देऊ । मलाई०
शरण पर्न नी आएँ है । तिम्रो, यो ! बिन्ति सुनी लेऊ ।
प्रभु ! यो विन्ति सुनी लेऊ ॥
ससुरा, सासु नी, लोग्नेको आज्ञा, लिएर बहिनी । मेरी०
डाँड़ा र काँड़ा नी नाघेर आई, खेल्दै छौं सँगिनी ॥ हामी०
यो ! तिम्रो धामनी हे भगवान ! वराहक्षेत्रमा । आई०
तुहाई कोका र कौशीमा पहिले, भक्तिले वन्दना ॥ गर्छौं०
पूजन, कीर्तन श्रद्धाले गरी, पर्दैछौं चरण । हरि०
छ नमस्कार हे ! वराहजी द्यौता, तिम्र छौं शरण ॥ हामी०

Q22:226
BAJ 2018 B.S.

यसरी फन्को मार्दै स्वर मिलाई गाउँदै खेलेको संगिनी हेरी रहूँ जस्तो लाग्छ। आफु खुशी कुनै तीर्थ व्रत नगर्नु भन्ने शास्त्रको वचन सम्झी सासु ससुरा र लोग्नेको 'आज्ञा लिएरमात्र हे भगवान् ! तिम्रो धाममा आई बहिनीसित संगिनी खेल्दै छु।' भन्ने वाकयले कसैकी बुहारी पनि वराहक्षेत्रमा मेला हेर्न भगवान्को दर्शन गर्न आएकी रहीछन्। भन्ने स्पष्ट थाहा हुन्छ।

अब अर्कोतिर बिहारतर्फका यात्रीहरू करताल खैंजेरी अथवा ढोलक मजिरा बजाउँदै कीर्तन गान गर्छन्। मन्दिर वरिपरि र बगरमा जताततै आफ्नो भाषामा विभिन्न प्रकारको लय निकालेर भगवान्को नामोच्चारण कीर्तन गरेको स्वर गुञ्जिरहेको हुन्छ। कोका खोलाको किनारातिर अनि पारीपट्टि मतवाला जातिका रसिक आइमाइ र लोग्ने मान्छेहरू झ्याउरेका विभिन्न प्रकारका लयमा गीत गाउँदै मादल बजाउँदै नाच्छन्। कतै मारुनी नाँच कतै जुवारी खेल्नेको हाँचले मन रमाइलो हुन्छ। रात बितेको पत्तै पाइँदैन। चिसो हावाको स्पर्शले उज्यालो भएको सङ्केत गर्छ। अनि धमाधम गङ्गाजी र नदीको निर्मल जलमा चोबलिंदै भगवान वराह-जीको दर्शन गर्दै हतार हतार घरको बाटो पक्रिन्छन्। सल्बलाएको साथै चकमन्न भएको दृश्य उपस्थित हुन्छ।

अर्थात् सांस्कृतिक पर्वको मेला विसर्जन हुन्छ ।

पर्वपर्वमा धार्मिक अथवा सामाजिक दुवै दृष्टिकोणबाट लाभ उठाउन बराबर श्रद्धालु यात्रीहरू दर्शनार्थ या पुण्य कर्म गर्न आई रहन्छन् ।

पूर्वीयतर्फको विभिन्न स्थानमा जाने सोझोबाटो वराहक्षेत्रतिरबाट छ। पूर्व ४ नं जिल्ला र 'हतुवा' जाने चाहीं यो ! मूलबाटो हो। अप्ठ्यारो परे पनि नजीक हुनाले धेर ठाउँका मानिसहरू यो ! बाटो हिंड्छन् । त्यसकारण ढाक्रो डोको थुम्से कुम्लो बोक्नेको दोहोरो ताँति लाग्छ उच्च दर्जाका शिक्षित सज्जन विद्वान्हरू र प्रसिद्ध पुरुषहरुसित परिचय भेटघाट गर्न पनि वराह-क्षेत्र धेरै सजिलो छ ।

जताहेर ! देखिन्छ साहित्य श्रोत ।
बहेको छ क्या ! काव्य-धारा अरोक ॥
बड़ो शान्त गम्भीर शोभायमान ।
बनोकुञ्जमा प्रेरणा, मिल्छ ज्ञान ॥
कवित्व स्फुराई दिने स्वच्छ भाव ।
कृपा शारदाको हुने यो स्थलाछ ॥
गरे श्रद्धया भक्ति एकाग्रता ली ।
हुने सिद्ध चाँड़ै मनोकामनादि ॥

श्रीदुर्वासाऋषिले यहीं तपस्याद्वारा सिद्धि प्राप्ति गरे जहाँ दुर्वासा खोला यद्यापि बहंदैछ । महर्षि शृङ्गी ऋषि कौशिकीको मार्ग पैल्याई वराहक्षेत्रमा आई पुग्दा प्रभावित भए । श्री व्यासजी पनि इनै भगवान् वराहको कृपाले भगवान् ठहरिए । इनै कौशिकी तटमा ६० हज़ार वर्ष सम्म तपस्याद्वारा तपिएर विश्वामित्र ऋषिले क्षेत्रीय-बाट ब्राह्मणत्व प्राप्त गरे । यद्यापि त्यो गुफा कोशी किनारमा स्थित छ । अनि त्यस्तो पवित्र ब्रह्मकुण्ड यहीं श्रीब्रह्मानन्द खोला नामले बहन्छ । यस्तो महत्वपूर्ण वराहक्षेत्रमा प्रभावित भएर श्रीरामचन्द्रका गुरु पुरोहित श्रीवशिष्ठसहित अनेकौं ऋषि मूर्तिहरु भगवान् वराह मुखीको दर्शनार्थ आए गए । वनवास आएका पाँच पाण्डवहरु पनि यो शान्त र एकान्त स्थानमा आएर तपस्या र क्रीड़ा गर्दै केही काल विताए भन्नेकुरा, भीम बाँध, भीमसेनले घूँड़ा धसेको स्थान, अनि भीम छेलो अर्थात् औलियाबाबोलाई छेलो हानेको ढुङ्गा, इत्यादिबाट प्रमाणित हुन आउँछ ।

इनै कौशिकी किनारमा तपस्या गरी औलियाबाबाले सिद्धिसाथै प्रसिद्धि प्राप्त गरे । यो नेपाल धन्य ! छ । जहाँ जनक जस्ता विद्वान ज्ञानी र नीतिज्ञ राजा जन्मे । जहाँ श्रीरामचन्द्र जस्ता सत्पुरुषले आदर्श र नीतिको

ऐना देखाएर कीर्तिको झण्डा गाड़े। जहाँ जगत् जननी पतिव्रता सीता जन्मिन्। जहाँ अहिंसावादी बोधी ज्ञान प्राप्त गरी धर्मोपदेश दिई विश्वलाई घच्चच्याउँदै निद्रावाट जगाउँने महात्मा भगवान्बुद्ध जन्मे। यस्तो पवित्र भूमिमा जन्मेका नेपाली देवतुल्य धन्य छन्। जस्को रक्षार्थ सम्पूर्ण देवी देवताहरुसहित एकापट्टि परम् ज्योतिर्मय मूर्ति स्वरूप पशुपति र अर्कापट्टि पृथ्वीलाई दुई दाहाको बीचमा अड्याई दुष्टको विनाशगर्न तत्पर रहेका साक्षात् विष्णुले वराहरूप धारण गरी विराजमान् भएको महत्वपूर्ण वराहक्षेत्र स्थित छ।

नेपाली नेपाल भूमि प्रति किन नगरुन् ? श्रद्धया प्रेम भक्ति।
जस्को माटो धुलोमा लड़िबड़ि गरदै बढ्छ त्यो आत्म-शक्ति॥
देवीद्यौता फलाकी किन त नपुजुन् ? मूर्ति पाषाणलाई।
विश्वासै देवता हो हृदय-कमलमा वास गर्छन् रमाई॥



॥ सम्पूर्ण ॥

DATE DUE

।। सम्पूर्ण ।।

१०।२०७१

Q 22: 226
BAJ
2018 D.S

२४६६

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

मान वज्राचार्यद्वारा लिखित विभिन्न प्रकारका पुस्त

श्रीवराहक्षेत्रको कीर्त्तन (प्रथम भाग)
श्रीवराहक्षेत्रके कीर्तन (दूसरा तीसरा भाग)
मानवज्र नौलोयुगको प्रकाश (लोक गीत) प्र०
मानवज्रनौलो युगको प्रकाश (लोकगीत) दोश्रो संस
नौलो संगीत (झ्याउरेगीत)
पितृ-रत्न (कविता) मूल्य ५०
युग-कलि-दर्पण (कविता) मूल्य २५
नेपाली सजिलो वर्णमाला (घरेलु स्कूल) मूल्य ५०
रङ्गीन चित्रहरूसहित—
श्रीवराहक्षेत्र-महिमा (परिचय) मूल्य २/

उचित कमिशनसाथ पाइने—

ठेगाना—

मानवज्राश्रम

वराहक्षेत्र, नेपाल।

पो० जोगवनी, जि० पूर्णिया।

तपाईंहरूको स्थानीय पुस्तक पसलहरूमा पनि निर
पुस्तकहरू पाइन्छ। सोध्नुहोस्।

Q22:22
BAJ
2018 B.